# सुवर्ण शाक्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र**
**सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको**
**एम्.ए. दोस्रो वर्षको दसौँ पत्रको**
**प्रयोजनका लागि**
**प्रस्तुत**

## शोधपत्र

**शोधार्थी**
**नेत्रनारायण शर्मा**
**नेपाली केन्द्रीय विभाग**
**त्रिभुवन विश्वविद्यालय**
**कीर्तिपुर**
**२०६५**

शोधनिर्देशक
प्रा.डा. व्रतराज आचार्य
नेपाली केन्द्रीय विभाग

# सुवर्ण शाक्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

**त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको एम्.ए. दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनका लागि**

**प्रस्तुत**

## शोधपत्र

**शोधार्थी**
**नेत्रनारायण शर्मा**
**नेपाली केन्द्रीय विभाग**
**त्रिभुवन विश्वविद्यालय**
**कीर्तिपुर**
**२०६५**

# शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत नेपाली एम्.ए.(शैक्षिक वर्षः २०६२/०६४) दोस्रो वर्षका विद्यार्थी नेत्रनारायण शर्माले **सुवर्ण शाक्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र मेरो निर्देशनमा तयार पार्नुभएको हो । उहाँको शोधकार्यसँग म सन्तुष्ट छु र आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मितिः२०६५/१०/२९

....................................

(प्रा.डा.व्रतराज आचार्य )

शोधनिर्देशक

नेपाली केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय,

कीर्तिपुर

**त्रिभुवन विश्वविद्यालय,**
**मानविकी तथा सामाजिक शास्त्र सङ्काय,**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

# स्वीकृति–पत्र

त्रिभुवन विश्वविद्यालय, मानिविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत विश्वविद्यालय क्याम्पसका छात्र नेत्रनारायण शर्माले त्रि.वि., स्नातकोत्तर तहमा नेपाली विषयको दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गर्नु भएको **सुवर्ण शाक्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

१. विभागीय प्रमुख, प्रा.राजेन्द्र सुवेदी ................................

२. शोधनिर्देशक, प्रा. व्रतराज आचार्य ................................

३. बाह्य परीक्षक, प्रा.डा. दयाराम श्रेष्ठ ................................

मितिः २०६५/११/११

# कृतज्ञताज्ञापन

प्रस्तुत शोधपत्र मैले स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि आदरणीय गुरु प्रा.डा. व्रतराज आचार्यको कुशल निर्देशनमा तयार पारेको हुँ । यो शोधपत्र तयार गर्ने सन्दर्भमा आइपरेका विभिन्न समस्या र अड्चनहरूसँग जुध्ने प्रेरणा दिँदै सही पथप्रदर्शन गराएर अगि बढ्न उत्प्रेरित गरी आफ्ना कतिपय व्यवहारिक कार्यहरूलाई पन्छाएर कुशल र समुचित दिग्दर्शन गराउनु भएकोमा उहाँप्रति म हार्दिक कृतज्ञता एवम् श्रद्धा व्यक्त गर्दछु । विभिन्न व्यवहारिक समस्याहरू समाधान गर्दै अध्ययनका लागि हौसला र प्रेरणा दिई यस अवस्थासम्म ल्याइपुऱ्याउन मद्दत गर्नुहुने पूजनीय पिता खडानन्द शर्मा (उपाध्याय) र मेरी ममतामयी माता गौरी शर्मा (उपाध्याय) प्रति म हार्दिक श्रद्धाभाव व्यक्त गर्दछु ।

मेरो शोधप्रस्ताव स्वीकृत गरी शोधकार्य गर्नका लागि अनुमति प्रदान गर्नुहुने तथा आवश्यक सल्लाह दिई उत्प्रेरित गर्नुहुने विभागीय प्रमुख आदरणीय गुरु प्रा.राजेन्द्र सुवेदीलगायत अन्य गुरुवर्गप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोधलेखनका क्रममा आफ्नो अमूल्य समय दिई आवश्यक सामग्री तथा मौखिक जानकारीसमेत प्रदान गरी सहयोग गर्ने शोधनायक सुवर्ण शाक्यलगायत उहाँको परिवारप्रति आभार प्रकट गर्दछु ।

यस शोधलेखन कार्यमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा सल्लाह र सुझाव दिने साथीहरू विष्णुप्रसाद वस्याल, शिवशरण ज्ञवाली, मधुसूदन पन्थी, मीना सापकोटा, हरिदत्त शर्मा, गणेश पोखरेल, सूर्यप्रसाद सुवेदी, टङ्क शर्मा, युवक लम्साल, नरेश उपाध्यायको सहयोग मेरा लागि सदैव स्मरणीय रहनेछ । सामग्री सङ्कलनमा सहयोग गर्ने भाइहरू शिव शर्मा लामिछाने, कृष्ण लामिछाने, बहिनी उमा लामिछाने, कोपिला लामिछानेप्रति म हार्दिक धन्यवाद ज्ञापन गर्दछु । यो शोधकार्य सम्पन्न गर्नका लागि आश्यक सामग्री उपलब्ध गराउने त्रिभुवन विश्वविद्यालय, केन्द्रीय पुस्तकालय र मदनपुस्तकालयप्रति पनि म हार्दिक आभार व्यक्त गर्दछु । सामग्रीहरूलाई झर्को नमानीकन होसियारपूर्वक शुद्धसँग टङ्कन गरिदिने क्रिएटिभ कम्प्युटर सेन्टरकी दिव्या क्षेत्री पनि धन्यवादकी पात्र हुन् । अन्त्यमा यस शोधपत्रको समुचित मूल्याङ्कनका लागि त्रि.वि. नेपाली केन्द्रीय विभाग कीर्तिपुरसमक्ष पेस गर्दछु ।

नेत्रनारायण शर्मा

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर, काठमाडौँ

मिति : २०६५/१०/२९

## विषयसूची

**पृष्ठ**

**पहिलो परिच्छेद : शोधप्रस्ताव**

१.१ शोधशीर्षक १

१.२ शोधार्थीको पूरा नाम १

१.३ शोधकार्यको प्रयोजन १

१.४ विषय परिचय १

१.५ समास्याकथन २

१.६ शोधकार्यका उद्देश्यहरू २

१.७ पूर्वकार्यको समीक्षा ३

१.८ शोधकार्यको औचित्य,महत्त्व र उपयोगिता ६

१.९ शोधकार्यको सीमाङ्कन ६

१.१०. शोधविधि ७

१.११. शोधपत्रको रूपरेखा ७

**दोस्रो परिच्छेद : सुवर्ण शाक्यको जीवनी**

२.१ जीवनी खण्ड ८

२.२. वंश परम्परा ८

२.३ पारिवारिक पृष्ठभूमि ९

२.४ जन्म तथा जन्मस्थान १०

२.५ पैतृक व्यवसाय ११

२.६ बाल्यकाल ११

२.७ शिक्षादीक्षा १२

२.७.१ प्रारम्भिक शिक्षा र  विद्यालय शिक्षा १२

२.७.२ उच्च शिक्षा र स्वाध्ययन १३

२.८ विवाह र सन्तान १४

२.९ आर्थिक अवस्था १५

२.१० जागिरे जीवन १६

२.११ संस्थागत संलग्नता १७

२.१२ रुचि र स्वभाव २२

२.१२.१  रुचि २२

२.१२.२ स्वभाव २२

२.१३ साहित्यलेखन सम्बन्धी प्रभाव र प्रेरणा २३

२.१४ लेखनकार्य र प्रकाशित कृतिहरू २४

२.१५ भ्रमण २६

२.१६ सम्मान तथा पुरस्कार २६

२.१७ साहित्यसम्बन्धी धारणा २७

**तेस्रो परिच्छेद : सुवर्ण शाक्यको व्यक्तित्व**

३.१ व्यक्तित्वको पुष्ठभूमि २८

३.२ व्यक्तित्वका विभिन्न पाटाहरू २८

३.२.१ निजी व्यक्तित्व २९

३.२.१.१ बाह्य व्यक्तित्वः शारीरिक आकार-प्रकार ३०

३.२.१.२ आन्तरिक व्यक्तित्वः शीलस्वभाव, आचरण र प्रवृत्ति ३०

३.२.३ पारिवारिक व्यक्तित्व ३२

३.४ साहित्यिक व्यक्तित्व ३२

३.४.१ कथाकार व्यक्तित्व ३३

३.४.२ निबन्धकार व्यक्तित्व ३४

३.४.३ समालोचक व्यक्तित्व ३५

३.४.४ नाटककार व्यक्तित्व ३६

३.४.५ कवि व्यक्तित्व ३६

३.५ साहित्येतर व्यक्तित्व ३६

३.५.१ समाजसेवी व्यक्तित्व ३६

३.५.२ शिक्षक व्यक्तित्व ३७

३.५.३ सम्पादक व्यक्तित्व ३८

३.६ जीवनी र व्यक्तित्वबीच अन्तःसम्बन्ध ३८

**चौथो परिच्छेद : सुवर्ण शाक्यको कृतित्वको अध्ययन**

४.१ सुवर्ण शाक्यको कृतित्वको अध्ययन ४०

४.२ कथाको सैद्धान्तिक स्वरूप ४०

४.३ *मासुको पोको* कथासङ्ग्रहको विवेचना ४२

४.३.१ *मासुको पोको* कथाको विश्लेषण ४४

४.३.२ श्रीमतीको डायरी कथाको विश्लेषण ४८

*४.३.३ म बहुलाकी होइन* कथाको विश्लेषण ५०

४.३.४ *बच्चा रोयो* कथाको विश्लेषण ५३

४.३.५ *बगलीमारा* कथाको विश्लेषण ५६

**पाचौँ परिच्छेदः निबन्धहरूको सैद्धान्तिक स्वरूप**

५.२ *यौन र जीवन* निबन्धसङ्ग्रहको विवेचना ६१

५.२.१ *यौन र जीवन* निबन्धसङ्ग्रहको परिचय ६१

५.२.२ *यौन र जीवन* निबन्धको विवेचना ६२

५.२.३ *समस्या नारी होइन समाज* निबन्धको विवेचना ६२

५.२.४ *नारीप्रति विचार* निबन्धको विवेचना ६३

५.२.५ *नेवारी संस्कृतिमा यौन* निबन्धको विवेचना ६४

५.२.६ *गोरी मीठी चोरी* निबन्धको विवेचना ६५

५.२.७ *बहिनीलाई सल्लाह* निबन्धको विवेचना ६५

५.२.८ *भूल सुधारः पतिको चतुरता* निबन्धको विवेचना ६६

५.२.९ *यौन र स्वास्थ्य* निबन्धको विवेचना ६७

५.३ *बुद्धधर्म र व्यवहार* निबन्धसङ्ग्रहको विवेचना ६७

५.३.१ *बुद्धधर्म र व्यवहार* निबन्धसङ्ग्रहको परिचय ६७

५.३.२ *शरण* निबन्धको अध्ययन ६८

५.३.३ *बुद्धको उपदेश र धर्मचक्रप्रवर्तक* निबन्धको अध्ययन ६८

५.३.४ *प्रेम* निबन्धको अध्ययन ६९

५.३.५ *महापरिनिर्वाण* निबन्धको अध्ययन ७०

५.३.७ *बुद्धधर्ममा सङ्घको महत्त्व* निबन्धको अध्ययन ७०

५.३.८ *थेरवादी बुद्धधर्म* निबन्धको अध्ययन ७१

५.३.९ *बुद्धको व्यावहारिक दृष्टिकोण* निबन्धको अध्ययन ७१

५.३.१० *मानवधर्म* निबन्धको अध्ययन ७१

५.३.११ *बौद्धभावना* निबन्धको अध्ययन ७२

५.३.१२ *बुद्धधर्ममा गुरु शिष्यको कर्तव्य* निबन्धको अध्ययन ७२

५.३.१३ *अशोकको बुद्धधर्मप्रचारमा देन* निबन्धको अध्ययन ७३

५.३.१४ *बौद्धतीर्थस्थल चारधामका अवशेष* निबन्धको अध्ययन ७३

५.३.१५ *धर्मको कुरा* निबन्धको अध्ययन ७४

५.३.१६ *बौद्ध संस्थामा सदस्य हुँदैमा बौद्ध होइन्न* निबन्धको अध्ययन ७४

५.३.१७ *ऐतिहासिक विहार पूजा* निबन्धको अध्ययन ७५

५.३.१८ *बौद्धविहारको विजोग र संरक्षणको आवश्यकता* निबन्धको अध्ययन ७५

५.३.१९ *कपिलवस्तु सम्बन्धमा छोटो सारसङ्ग्रह* निबन्धको अध्ययन ७५

५.३.२० *बुद्धजयन्ती* निबन्धको अध्ययन ७६

५.३.२१ नेपालमा बज्रयानको भविष्य निबन्धको अध्ययन ७६

५.२.२२ *बौद्धहरूलाई हिन्दू भनेर किन भन्छन्* निबन्धको अध्ययन ७७

५.२.२३ धर्म र व्यवहार निबन्धको अध्ययन ७७

५.२.२४ *बुद्धधर्मको सामान्य सार* निबन्धको अध्ययन ७८

५.२.२५ *बुद्धधर्म ह्रास हुनुमा बौद्धकै कमजोरी* निबन्धको अध्ययन ७८

५.२.२६ *ज्ञानमालाभजन र प्रयोगको भाषा* निबन्धको अध्ययन ७८

५.२.२७ *पुरातत्वको विकासको छोटो परिचय* निबन्धको अध्ययन ७९

५.२.२८ *दशैं राष्ट्रिय चाड रहेने* निबन्धको अध्ययन ७९

५.२.२९ *महामानव गौतमबुद्ध* निबन्धको अध्ययन ८०

५.२.३० *बुद्धधर्म र आजको नेपाल* निबन्धको अध्ययन ८०

५.२.३१ *गौतम बुद्धलाई मानिस भनी मान्नुपर्दछ* निबन्धको अध्ययन ८०

५.२.३२ *समझदारीको महत्त्व* निबन्धको अध्ययन ८१

५.२.३३ *भजन र ज्ञानमार्ग* निम्बन्धको अध्ययन ८१

५.२.३४ *भगवान बुद्ध र र बहुजनहित* निबन्धको अध्ययन ८२

५.२.३५ *क्रोधसम्बन्धमा धम्मपद* निबन्धको अध्ययन ८२

५.२.३६ *लोकनीतिमा स्त्री-काण्ड* निबन्धकोअध्ययन ८३

५.२.३७ *धम्मपदमा क्रोधवर्ग* निबन्धको अध्ययन ८३

५.२.३८ *जनगणनानुसार बौद्धसङ्ख्या* निबन्धको अध्ययन ८४

५.२.३९ *भगवान बुद्धले वंश त्यागे* निबन्धको अध्ययन ८४

५.२.४० *नेपाली बौद्धहरू* निबन्धको अध्ययन ८४

५.२.४१ *बौद्धधर्मका सम्प्रदाय* निबन्धको अध्ययन ८५

५.२.४२ *शिक्षालाई तत्काल व्यवहारमा उतार्ने शिक्षणसंस्था* निबन्धको अध्ययन ८५

५.२.४३ *धर्मउपदेशक बौद्ध किन मौन रहनुहुन्थ्यो* निबन्धको अध्ययन ८५

५.२.४४ *धम्मपदमा बौद्धसम्बन्धमा चेतना* निबन्धको अध्ययन ८५

५.२.४५ नेपालमा बौद्ध र बौद्धसङ्ख्या निबन्धको अध्ययन ८६

५.२.४६ *नेपालमा बौद्धधर्म* निबन्धको अध्ययन ८६

५.२.४७ *शान्तिको चाहना विहारनिर्माण* निबन्धको अध्ययन ८७

५.२.४८ *धार्मिक लोभ* निबन्धको अध्ययन ८७

५.२.४९ *बुद्धधर्म र धन* निबन्धको अध्ययन ८७

५.२.५० *बुद्धधर्म र प्रचार* निबन्धको अध्यन ८८

५.२.५१ *धर्म र संस्कार* निबन्धको अध्ययन ८८

५.२.५२ मरेपछि दान निबन्धको अध्ययन ८८

**छैटौं परिच्छेद : सुवर्ण शाक्यका समीक्षात्मक कृतिको विवेचना**

६.१. समीक्षाको सैद्धान्तिक स्वरूप ८९

६.२ *स्वर्गको दरवार पृथ्वीमा* समीक्षा कृतिको परिचय ९१

६.३ निष्कर्ष ९८

**सातौं परिच्छेदः** उपसंहार ९९

सन्दर्भसामग्री १०४

## सङ्क्षेपीकरण सूची

| | | |
|---|---|---|
| आई. ए | - | इन्टरमिडियट |
| ई. | - | ईस्वी सन् |
| ई.पू. | - | इसापूर्व |
| एम्. ए. | - | मास्टर्स अफ आर्टस |
| क्र.सं. | - | क्रमसङ्ख्या |
| गा.वि.सं. | - | गाउँ विकास समिति |
| ते.सं. | - | तेस्रो संस्करण |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |
| दो.सं. | - | दोस्रो संस्करण |
| नं. | - | नम्बर |
| ने.सं. | - | नेपाल सम्वत् |
| प्र. अ. | - | प्राधानाध्यापक |
| पृ. | - | पृष्ठ |
| प्रा. | - | प्राध्यापक |
| प्रा.डा. | - | प्राध्यापक डाक्टर |
| पा.सं. | - | पाँचौ संस्करण |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| वि.सं. | - | विक्रम संवत् |
| रु. | - | रूपैयाँ |
| सम्पा. | - | सम्पादक |

# पहिलो परिच्छेद

## शोधप्रस्ताव

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **प्रा. सुवर्ण शाक्यको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

### १.२ शोधार्थीको पूरा नाम

नेत्रनारायण शर्मा

### १.३ शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजिक शास्त्र सङ्काय नेपाली केन्द्रीय विभागअन्तर्गत स्नातकोत्तर तहको दसौं पत्रको शोधप्रयोजनका लागि तयार गरिएको हो ।

### १.४ विषयपरिचय

सुवर्ण शाक्यको जन्म वि.सं. १९९३ साल माघ १७ गते कृष्णाष्टमीका दिनमा काठमाडौँको ओमबहाल टोलमा भएको थियो । प्रारम्भमा यिनले संस्कृत भाषाबाट शिक्षा आर्जन गरेका थिए । यिनले भारतको वनारसबाट प्रवेशिका परीक्षा पास गरेका थिए । त्यसपछि यिनले नेपाली साहित्य, संस्कृति, पुरातत्व तथा संस्कृत साहत्यिमा एम्.ए. सम्मको अध्ययन पूरा गरेका छन् । वि.सं. २०१० देखि यिनी प्राध्यापन क्षेत्रमा लागेका थिए । यिनले यस क्षेत्रमा २५ वर्षसम्म प्राध्यापकका रूपमा

रहेर काम गरेका थिए । यिनले देशका विभिन्न स्थानहरूमा पुगेर शिक्षण सेवा गरेको लोमा अनुभव ग्रहण गरेका छन् । यी उपलब्धिहरूलाई शाक्यले कृतिहरूमार्फत समाजहितका निम्ति उपयोग गरेका छन् । यिनले साहित्यका कथा, निबन्ध, समालोचना, सम्पादन तथा अन्य खोज तथा अन्वेषणमूलक क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । यिनले मातृभाषामा समेत प्रशस्त मात्रामा लेखहरू प्रकाशित गरेका छन् । यिनको  नेपाली **बुद्धधर्म र व्यवहार** निबन्धसङ्ग्रह कृति अत्यन्त चर्चित रहेको छ । यिनले शहीद शुक्रराज शास्त्रीद्वारा लिखित **स्वर्गको दरबार** नामक कृतिलाई समालोचना गरी प्रकाशित समेत गरेका छन् । यिनका प्रारम्भिक कालमा प्रकाशित **मासुको पाको** कथासङ्ग्रह र **यौन जीवन** निबन्धसङ्ग्रह पनि देखापरेका छन् । यिनी साहित्यका अतिरिक्त सामाजिक कार्यहरूमा पनि अत्यन्त सक्रिय रहेका छन् । यिनले साहित्यका विविध विधामा कलम चलाएर महत्त्वपूर्ण योगदान दिएको कुरामाथि नै उल्लेख भइसकेको छ । यिनै महत्त्वपूर्ण उपलब्धिहरूलाई उल्लेख गर्नुपर्ने आवश्यकता ठानी यो शोधप्रस्ताव तयार गरिएको छ ।

## १.५ समास्याकथन

शाक्यले नेपाली साहित्यका निबन्ध, कथा, समालोचनाका क्षेत्रमा सक्रिय भई कलम चलाएका छन् । यिनले साहित्य र समाजसेवाका क्षेत्रमा दिएको योगदान अतिविशिष्ट किसिमको रहेको छ । यस्ता प्रतिभाशाली तथा परोपकारी व्यक्तिका बारेमा केही मात्रामा मूल्याङ्कन भए पनि उल्लेख्य मात्रामा भएको देखिँदैन । अतः यिनले साहित्यका कथा, निबन्ध, समालोचना, सम्पादन आदि क्षेत्रमा दिएको योगदानको मूल्याङ्कन तथा विश्लेषण गर्नु यस शोधकार्यका प्रमुख समस्या रहेका छन् । यस शोधकार्यका निम्ति निम्नलिखित समस्यात्मक प्रश्नहरूलाई लिइएको छ ।

१. सुवर्ण शाक्यका जीवनका प्रमुख घटनाहरू के-के हुन् ?

२. यिनका व्यक्तित्वका विविध पक्षहरू के-के हुन् ?

३. यिनका रचनाहरू के-कस्ता र कति छन् ?

४.साहित्यिक  क्षेत्रमा  यिनले दिएको योगदान कस्तो छ ?

माथि उल्लिखित समस्याहरूमा केन्द्रित रहेर त्यसको स्पष्ट र सुव्यवस्थित व्याख्या विश्लेषणका लागि प्रस्तुत शोधकार्य तयार गरिएको छ ।

## १.६ शोधकार्यका उद्देश्यहरू

प्रस्तुत शोधकार्यको प्रमुख उद्देश्य सुवर्ण शाक्यका साहित्यिक रचनाहरूको खोजी गरी उनको जीवनी, व्यक्तित्व र कृतित्वको मूल्याङ्कन गर्नु रहेको छ । यसका मुख्य उद्देश्यहरू निम्न लिखित रहेका छन् ।

क) सुवर्ण शाक्यका जीवनका प्रमुख घटनाहरू केलाउनु,

ख) यिनको व्यक्तित्वका विविध पाटाहरू केलाउनु,

ग) यिनका रचनाहरूको खोजी गरी विश्लेषण तथा मूल्याङ्कन गर्नु,

घ) नेपाली साहित्यका क्षेत्रमा यिनले दिएको योगदानका निर्धारण गर्नु ,

माथि उल्लिखित उद्देश्यहरू परिपूर्तिका निम्ति यो शोधकार्य सम्पन्न भएको छ ।

## १.७ पूर्वकार्यको समीक्षा

वि.सं. २०१० सालदेखि वि.सं.२०५५ सालसम्म निरन्तर प्राध्यापन पेसामा संलग्न भएका शाक्य साहित्यिक क्षेत्रमा अन्यन्त सक्रिय रहेका छन् । नेपाली साहित्यका स्रष्टा-द्रष्टा दुवै क्षेत्रलाई सफलतापूर्वक आफ्नो कार्यक्षेत्र भित्र समेट्ने प्रतिभा शाक्यका सम्बन्धमा विभिन्न पत्रकार समालोचक, लेखक तथा राजनीतिज्ञहरूले थोरै-धेरै मात्रामा अध्ययन गरी प्रकाश गरेको पाइन्छ । शाक्यले नेपाली साहित्यका क्षेत्रमा महत्त्वपूर्ण उत्तरदायित्व बहन गर्दा गर्दै पनि यिनका बारेमा विस्तृत रूपमा शोधकार्य भएको देखिँदैन । यिनका समग्र कृतिहरू सङ्कलन तथा अध्ययन, विश्लेषण र मूल्याङ्कन गरी साहित्यिक मूल्य निर्धारण गर्ने काम पनि हुन

सकेको छैन । यिनका बारेमा हालसम्म जे जति अध्ययन भएको छ त्यो केवल जानकारीमूलक मात्र भएको छ । यसै क्रममा सुवर्ण शाक्यको जीवनी, व्यक्तित्व र कृतित्वका बारेमा भएका चिनारी र अध्ययनका केही समीक्षाको विवरण निम्न रूपमा प्रस्तुत गरिन्छ ।

सुवर्ण शाक्य **स्वर्गको दरबार पृथ्वीमा ते.सं.** (काठमाडौँ : जोशी प्रिन्टिङ्ग प्रेस, २०५४) मा छत्रबहादुर कायस्थले  कृतिमा आफ्नो धारणा अभिव्यक्त गर्दै शहीद शुक्रराज शास्त्रीको प्रायः लोप भइसकेको अवस्थामा रहेको ग्रन्थ**स्वर्गको दरवार**लाई शाक्यले अत्यन्त सरल भाषाशैली तथा प्रस्तुतीकरणमा पनि विद्वततापूर्ण रहेको कुरा व्यक्त गर्दै यस पुस्तकको अध्ययनबाट जनमानसमा शैक्षिक सामाजिक चेतना जागृत भई समाजलाई गति प्रदान गर्ने कुरा बताउँछन् ।

सुवर्ण शाक्य, **'स्वर्गको दरबार पुथ्वीम' ते.सं.** (काठमाडौँ : जोशी प्रिन्टिङ्ग, प्रेस,  २०५५) कृतिमा पूर्ण ताम्राकारले शहीद शुक्रराज शास्त्रीद्वारा यस पुस्तकमा व्यक्त विचार र भावनालाई स्पष्ट र सरल भाषामा व्यख्या विश्लेषण गरेको कुरा बताएका छन् । यिनले शास्त्रीले राजनैतिक, ऐतिहासिक पृष्ठभूमिको जानकारी राख्न तथा उनको बौद्धिक विद्वतता सजिलैसित बुझ्न सकिने कुरा बताएका छन् । पुस्तक प्रकाशनले शहीदप्रति आदर सम्मान गर्नुपर्ने भावनाको विकास गर्न समेत ठोस सघाउ पुऱ्याएको विचार व्यक्त गरेका छन् । यिनले शाक्यद्वारा लिखित यस समीक्षा पुस्तकलाई शहीदलाई श्रद्धाञ्जलिस्वरूप श्रद्धासुमनको सुगन्धित एउटा फूल भएको कुरा व्यक्त गरेका छन् ।

घटराज भट्टराईले, **नेपाली लेखक कोश,** (काठमाडौंः लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान, २०५६) मा प्रसिद्ध  समाजसेवीको संज्ञा  दिँदै  साहित्यका कथा, निबन्ध, समालोचना, सम्पादनका क्षेत्रमा सक्रिय भई कलम चलाउने स्रष्टा भएको कुरा उल्लेख गरेका छन् ।

सुवर्ण शाक्य, **बुद्धधर्म र व्यवहार,** प्र.सं.(काठमाडौंः प्रिन्टिङ्ग , स्पष्ट , २०६०) मा भिक्षु अश्वघोषले व्यक्त विचारलाई अत्यन्त समय सान्दर्भिक मान्दै यस कृतिलाई 'बुद्धधर्म सम्बन्धी ढुकुटी' नै भने पनि हुन्छ भन्ने विचार व्यक्त गरेका छन् । यिनले शाक्यद्वारा लिखित उक्त कृतिमा बुद्धधर्म र व्यवहार सम्बन्धमा सर्वाङ्ग विषयमा कुनै संक्षिप्त रूपमा र कुनै विस्तृत रूपमा समावेश भएको र यसलाई बौद्धदर्पणको संज्ञा दिनु पर्ने विचार व्यक्त गरेका छन् ।

सुवर्ण शाक्य, **बुद्धधर्म र व्यवहार,** प्र.सं.(काठमाडौंः काठमाडौंः प्रिन्टिङ्ग, स्पष्ट, २०६०) इतिहासकार भुवनलाल प्रधानले आफ्ना मन्तव्य राख्दै परम्परादेखि हाम्रो समाजका व्यवहारमा अझै कायम रहेका गुण-अवगुण र राम्रा-नराम्रा पक्षहरूको झल्को दिनका साथै तिनलाई केलाउने काम समेत भएको विचार व्यक्त गरेका छन् ।

सुवर्ण शाक्य, **नेवाः व व्यवहार,** प्र.सं.(काठमाडौंः प्रिन्टिङ्ग, स्पष्ट, २०६२), मा सत्यमोहन जोशीले सुवर्ण शाक्यले नेवारी सभ्यता र संस्कृतिलाई उजागर गर्नका निम्ति आफ्नो अथक प्रयास स्वरूप नेपाल भाषामा नै पुस्तक प्रकाशन गर्न पुगेको उल्लेख गर्दै नेवारी संस्कृति, सभ्यता र व्यवहारबीच तुलनात्मक अध्ययनका निम्ति उनका कृतिहरू अत्यन्त उपयोगी रहेको चर्चा गरेका छन् । यिनले शाक्यले नेवारी संस्कृति र मातृभाषालाई जिवन्त राख्नका निम्ति यसै भाषामा सरल शैलीबाट प्रस्तुत गरेको पनि उल्लेख गरेका छन् । यिनले शाक्यद्वारा लिखित यस कृतिलाई नेवार संस्कृतिभित्र फूलेको कमल भनी प्रसंशा गर्न पुगेका छन् ।

सुवर्ण शाक्य, **नेवाः व व्यवहार**, प्र.सं.(काठमाडौंः प्रिन्टिङ्ग , स्पष्ट, २०६२) मा दुर्गालाल श्रेष्ठले प्राध्यापन जस्तो अत्यन्त व्यस्त रहिरहनुपर्ने पेसामा लाग्दा लाग्दै पनि शाक्यद्वारा लिखित 'नेवाः व व्यवहार'मा विचार व्यक्त गर्दै यति गहिरो चिन्तनले भरिएको पुस्तकको निर्माण कसरी हुन पुग्यो? भनी प्रश्न गर्दै उनले साहित्यिक क्षेत्रमा पुऱ्याएको योगदानका बारेमा विशेष चर्चा गरेका छन् ।

सुवर्ण शाक्य, **नेवाः व व्यवहार,** प्र.सं.(काठमाडौंः प्रिन्टिङ्ग, स्पष्ट, २०६२) फणिन्द्ररत्न बज्राचार्यले निबन्धकारको चर्चा गर्दै यसमा हुनुपर्ने चाहिएजति गुण शाक्यमा रहेको उल्लेख गर्दै उनी लेखनमा मात्र होइन भाषण कलामा पनि उत्तिकै प्रखर व्यक्तित्वका रूपमा रहेको चर्चा गरेका छन् । यिनले शाक्यलाई समाजसेवाका क्षेत्रमा अग्रणी व्यक्तित्वका रूपमा देखा परेका प्रसिद्ध समाजसेवी एवम् विद्वान् भनी प्रसंशा गरेका छन् ।

माथि उल्लिखित विषयवस्तुहरूले शाक्यको साहित्यिक योगदान र साहित्यको विकासमा उनले खेलेको भूमिकाका बारेमा सामान्य चर्चा मात्र भएको छ । यिनको समग्र जीवनका प्राप्ति तथा अप्राप्तिहरूको वस्तुगतरूपमा अध्ययन विश्लेषण गर्नुपर्ने देखिन्छ साथै यिनले साहित्यिक क्षेत्रप्रति पुऱ्याएको योगदान उनका कृतिहरूको समग्ररूपमा अध्ययन, विश्लेषण र मूल्याङ्कन हुन बाँकी नै छ । त्यसैले यस शोधपत्रमा उनको समग्र जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा विश्लेषण तथा मूल्याङ्कन गर्ने प्रयास गरिएको छ ।

## १.८ शोधकार्यको औचित्य,महत्त्व र उपयोगिता

यस शोधपत्रको अध्ययनबाट सुवर्ण शाक्यलाई नेपाली साहित्यजगत्का माध्यमबाट सबैलाई चिनाउने प्रयास गरिएको छ । यिनको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययनमा केन्द्रित भई अध्ययन विश्लेषण गरिने भएकाले आउने पिंढीलाई शाक्यको जीवन र यिनका कृतिहरू तथा यिनको व्यक्तित्वका विविध पाटाहरूका बारेमा जानकारी उपलब्ध गराइएको छ । शोधपत्रको अध्ययनबाट उनका बारेमा जान्न चाहने जिज्ञासु तथा अन्य सामान्य पाठकलाई थोरै मात्रामा भए पनि लाभान्वित तथ्य प्रस्तुत गरिन उद्देश्य रहेकाले अनुसन्धान क्षेत्रमा यसको महत्त्व स्वतः देखिएको छ । यस शोधपत्रमा शाक्यका बारेमा हरेक विषयमा जान्न खोज्ने र रुचि राख्ने सबैका लागि यो शोधपत्र महत्त्वपूर्ण र उपयोगी विषयवस्तुका रूपमा रहेको छ ।

## १.९ शोधकार्यको सीमाङ्कन

सुवर्ण शाक्यको जीवनी र उनको व्यक्तित्वले सृजना गरेको प्रभावक्षेत्रसाथै उनका प्रकाशित साहित्यिक कृतिहरू, कथा, निबन्ध, समालोचना र सम्पादन आदि कृतिहरूको ऐतिहासिक सर्वेक्षण गरी परिचयात्मक जानकारी दिने प्रयास गरिएको छ । यिनी मातृभाषा नेवारी र अध्ययनको भाषा संस्कृत, नेपाली र अंग्रेजी भएको हुनाले मूलतः यी तीन र मातृभाषामा समेत गरी चारवटा भाषामा कलम चलाउने स्रष्टा हुन् । यिनका नेपाली बाहेक अन्य भाषाका कृतिहरूका बारेमा पनि सामान्य परिचय दिइएको छ भने नेपाली भाषामा प्रकाशित कृतिहरू तथा अन्य सामग्रीहरूका बारेमा आवश्यक मात्रामा अध्ययन, विश्लेषण र मूल्याङ्कन गरिएको छ । यसरी नै यिनको जीवनी र व्यक्तित्वका विविध पक्षहरूलाई समेत यस अध्ययनमा समेटिएको छ ।

## १.१० शोधविधि

प्रस्तुत शोधकार्य गर्दा सामग्री सङ्कलनका लागि पुस्तकालयीय, उनी र उनक आफन्तसँगको प्रत्यक्ष अन्तर्वार्तापद्धतिको प्रयोग गरिएको छ । यसका साथै अध्ययन र विश्लेषण विधिका लागि ऐतिहासिक, विवरणात्मक, वर्णनात्मक र आवश्यकताअनुसार तुलनात्मक पद्धतिको पनि प्रयोग गरिएको छ ।

## १.११. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्र तयार गर्न निम्न परिच्छेदमा वर्गीकरण गरी अध्ययन गरिएको छ ।

पहिलो परिच्छेद : शोधपरिचय,

दोस्रो परिच्छेद : सुवर्ण शाक्यको जीवनी

तेस्रो परिच्छेद : सुवर्ण शाक्यको व्यक्तित्व

चौथो परिच्छेद : सुवर्ण शाक्यको कथात्मक कृतित्वको विवेचना

पाँचौ परिच्छेद : सुवर्ण शाक्यको निबन्धात्मक कृतिको विवेचना

छैटौं परिच्छेद : सुवर्ण शाक्यको समीक्षाकृतिको विवेचना

सातौं परिच्छेद : सुवर्ण शाक्यको कृतित्वको मूल्याङ्कन

आठौं परिच्छेद : उपसंहार तथा निष्कर्ष

उपर्युक्त सात परिच्छेदलाई आवश्यकतानुसार विभिन्न शीर्षक र उपशीर्षकमा विभाजन गरिएको छ

# दोस्रो परिच्छेद

# सुवर्ण शाक्यको जीवनी

## २.१ जीवनी खण्ड

यस खण्डमा सुवर्ण शाक्यका जीवनका विविध पक्षहरूलाई क्रमशः वंश परम्परा, पारिवारिक पृष्ठभूमि र पितापुर्खा, जन्म र जन्मस्थान, पैतृक व्यवसाय बाल्यावस्था, शिक्षादीक्षा, विवाह र सन्तान, आर्थिक अवस्था, जागिरे, जीवन, संस्थागत संलग्नता, रुचि तथा स्वभाव, साहित्यलेखनको प्रभाव र प्रेरणा, लेखनकार्य र प्रकाशित कृतिहरू, भ्रमण, सम्मान तथा पुरस्कार, साहित्यसम्बन्धी धारणा आदि विषयसँग सम्बन्धित विविध उपशीर्षकहरू दिएर चर्चा गरिएको छ ।

## २.२. वंश परम्परा

सुवर्ण शाक्य काठमाडौं उपत्यकाका रैथाने नेवार हुन् । उद्भवका दृष्टिले नेवार जाति भोटचिनियाँ भाषा परिवारअन्तर्गत पर्दछन् तर शाक्यहरू आफूलाई किराँतकालमा भगवान् बुद्धको जन्मस्थल कपिलवस्तुबाट यस ठाउँमा प्रवेश गरेको मान्दछन् । यिनीहरूको काठमाडौं उपत्यका प्रवेश कसरी भयो ? भन्ने विषयमा विभिन्न किम्बदन्तीहरू प्रचलनमा रहेका छन् ।[१]

प्राचीन समयमा कपिलवस्तु राज्यका एकजना राजकुमार शाक्य थरका मानिसलाई आफ्नो राज्यमा बस्न नदिई टाउको समेत काट्न लगाएका थिए । त्यसैले उनीहरू सुरक्षित स्थानको खोजीमा भाग दौड गर्दै त्यहाँबाट प्रस्थान गरेका थिए । यस क्रममा यिनीहरू काठमाडौं उपत्यकामा प्रवेश गरेर बसोबास गर्न पुगेका थिए ।[२] अर्को प्रसङ्गअनुसार भगवान् गौतम बुद्ध स्वयम्भुको दर्शन गर्न केही शाक्यहरूलाई लिएर काठमाडौं प्रवेश गरेका थिए । स्वयम्भुको दर्शनपछि उनी

---

[१] शेधनायकबाट प्राप्त जानकारीअनुसार ।

[२] ऐजन ।

बौद्धविहारमा गई ध्यान गरेका थिए । केही समयको तपस्यापछि यिनी कपिलवस्तु राज्यमा फर्के ।[३] यस क्रममा यिनीसँगै उपत्यकामा प्रवेश गरेका ती शाक्यहरूले स्वयम्भु वरिपरिको प्राकृतिक सम्पदाले भरिएको मनोरम दृश्यदेखि मोहित भएर त्यस स्थानमा नै बसोवास गर्न थाले ।[४] एक अर्को प्रसङ्गअनुसार शाक्यहरू व्यापार व्यवसायमा पहिल्यैदेखि लागेका थिए । यिनीहरूले ठाउँ परिवर्तन गर्न रुचाउँथे । त्यस क्रममा यिनीहरू उपत्यका छिरेका थिए । यिनै व्यापारीहरूका सन्तान वर्तमान काठमाडौं उपत्यकाका शाक्यहरू हुन् ।[५] एक अर्को किम्बदन्तीअनुसार काठमाडौं उपत्यकामा प्रवेश गर्ने पहिलो शाक्य व्यक्ति राजा अशोक थिए । यिनै व्यक्तिलाई शाक्यहरूले आफ्नो थरका काठमाडौ उपत्यकामा प्रवेश गर्ने पहिलो व्यक्ति मान्दै आएका छन् ।[६] शाक्यहरू काठमाडौं उपत्यकाबाहेक नेपाल अधिराज्यका विभिन्न स्थानमा पनि बसोवास गर्दछन् । उनीहरू यही स्थानबाट अन्यत्र बसाइँ सरी गएको जानकारी पाइन्छ ।[७]

## २.३. पारिवारिक पृष्ठभूमि

सुवर्ण शाक्यको परिवार हाल काठमाडौं उपत्यकाको स्युचाटार गा.वि.स. वडा नं २ मा बसोवास गर्दै आएका छन् । यिनीहरू काठमाडौंको बसन्तपुर क्षेत्रमा पर्ने ओमबहाल टोलबाट यस ठाउँमा वि.सं २०४५ मा बसाइँ सरेका थिए ।[८] ओमबहाल टोलमा यिनका पितापुर्खाहरूको जन्म भएको थियो । यिनका जिजुबाजेको नाम पिकिधन शाक्य थियो । यिनका छोराहरू पाँच जना थिए । तीमध्ये जेठा धीनसिंह शाक्य, माहिला धनपति शाक्य, साहिँला जुजुधन शाक्य, काहिँला तधिधन शाक्य र कान्छ धनरत्न शाक्य थिए । यीमध्ये साहिँला चाहिँ छोरा जुजुधन शाक्यका

---

[३] ऐजन ।
[४] ऐजन ।
[५] ऐजन ।
[६] ऐजन ।
[७] ऐजन ।
[८] ऐजन ।

दुई सन्तान थिए । तीमध्ये जेठा इन्द्रधन शाक्य र कान्छा द्रव्यधन शाक्य थिए । इन्द्रधन शाक्यका दुईजना सन्तान थिए । तीमध्ये छोरी तीर्थकुमारी शाक्य र छोरा तेजधन शाक्य थिए । यिनै तेजधन शाक्यका जेठा सन्तानका रूपमा सुवर्ण शाक्यको जन्म भएको थियो ।[९] यिनको जन्म पनि ओमबहाल टोलमा नै भएको थियो । यिनकी आमाको नाम अन्टमाया शाक्य हो । यिनका केशर शाक्य र ज्योति शाक्य दुईजना भाइहरू छन् । यी केशर शाक्य हाल काठमाडौँमा नै प्रेस व्यवसायमा आबद्ध छन् भने अर्का भाइ शिक्षक पेसामा संलग्न छन् ।[१०]

### २.४.२ जन्म तथा जन्मस्थान

सुवर्ण शाक्यको जन्म वि.सं १९९३ माघ १७ गते तदानुसार ई. सं. १९३७ फेब्रुअरी १ मा काठमाडौँको ओमबहाल टोलमा भएको थियो ।[११] यो ठाउँ वसन्तपुर दरबार क्षेत्रको नजिकै रहेको छ । वि.सं १९४३ सालभन्दा अगाडि नेपालका राजा तथा महाराजाहरूले यस दरबारमा बसेर शासन गरेका थिए । यस क्षेत्र वरिपरि घना बस्ती रहेको थियो ।

प्राकृतिक, धार्मिक तथा ऐतिहासिक दृष्टिले महत्त्वपूर्ण रहेको यस क्षेत्रमा शाक्यहरूको बाक्लो जनघनत्व रहेको बुझिन्छ ।[१२] सुवर्ण शाक्यको जन्म एउटा सरल लगनशील तथा व्यापार व्यवसाय गरी बस्ने मध्यमवर्गीय परिवारमा भएको थियो । विविध प्राकृतिक, सामाजिक, सांस्कृतिक परिवेशले युक्त यस स्थानमा अहिले पनि मानिसहरूको बाक्लो बस्ती रहेको छ । व्यापारिक केन्द्रका रूपमा स्थापित भएको यो ठाउँमा ऐतिहासिक, धार्मिक, पुरातात्विक विषयसँग सम्बन्धित वस्तुहरूको बिक्री वितरण गरिदै आएको छ ।[१३]

---

[९] ऐजन ।

[१०] ऐजन ।

[११] राजभक्त हिमालय, “राष्ट्रिय भूषण परिचय” , **सिन्धु** (वर्ष १, अङ्क ४, २०३५ कार्तिक) पृ. ५ ।

[१२] शोधनायकबाट प्राप्त जानकारी ।

[१३] ऐजन ।

## २.५ पैतृक व्यवसाय

शाक्यहरूका पुर्खा राजखानदानी भएको बुझिन्छ । यिनीहरू काठमाडौं उपत्यकामा प्रवेशपछि व्यापार व्यवसायतर्फ लागेका थिए । सुवर्ण शाक्यका जिजुबुबाले कस्तो व्यवसाय अँगालेका थिए ? भन्ने कुरा कतै पनि उल्लेख भएको पाइँदैन तर यिनका हजुरबुबा इन्द्रधन शाक्य भने सुनचाँदी व्यवसायीका रूपमा प्रख्यात थिए । यिनी मूर्ति कलाकार पनि थिए । काठमाडौंका खड्गयोगिनी, बज्रयोगिनी, भीमसेन देवता, विजयश्वरी देवतालाई प्रत्येक बाह्र वर्षमा जिर्णोदार गर्ने सांस्कृतिक परम्परा छ । यसरी जिर्णोदार गर्ने कलाकारका रूपमा पनि उनी प्रख्यात रहेका थिए । यिनका बुवा तेजधन शाक्य पनि व्यापार व्यवसायमा नै आबद्ध रहेका थिए । यिनले छापाखाना पनि खोलेका थिए ।[१४]

## २.६ बाल्यकाल

बाल्यकाल जीवनयात्राको एक महत्त्वपूर्ण भाग हो । यस समयमा बालमस्तिष्कमा पर्न गएका छापहरूले पछिसम्म अर्थात् जीवनको अन्तिम क्षणसम्म पनि केही हदसम्म प्रभाव पारिरहेका हुन्छन् ।[१५] सुवर्ण शाक्यको बाल्यकाल आफ्नै जन्मस्थान काठमाडौंमा नै बितेको थियो । तेजधन शाक्यको जेठा सन्तानका रूपमा जन्मिएका सुवर्ण शाक्यको प्रेरणा र स्नेह पाएका शाक्य आमाबाबुको न्यानोकाखमा हुर्कने अवसर पाएका थिए । यिनको बाल्यकालमा कुनै ठूला सङ्कट आई परेनन् । यिनको बाल्यकालीन व्यक्तित्व निर्माणमा हजुरआमाको प्रत्यक्ष प्रभाव परेको पाइन्छ । आमाको शिष्टता, नम्रता, सरलता तथा बुवाको लगनशीलता, बौद्धिकता जस्ता व्यवहारबाट उनले बाल्यकालमा धेरै कुराहरू सिके, जसको प्रभाव अहिलेसम्म पनि परेको पाइन्छ । उनी सरल स्वभाव तथा तीक्ष्ण बुद्धिका अति तार्किक तथा

---

[१४] ऐजन ।

[१५] प्रदीप ज्ञवालीको **जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** (अप्रकाशित) नेपाली स्नातकोत्तर शोधपत्र, पृ. ९ ।

जिज्ञासु स्वभावका थिए ।[१६] यिनी उद्दण्ड र नचाहिँदा कामप्रति सधैँ टाढा रहन्थे तापनि साथीहरूको लहैलहैमा लागेर कहिले चोरी गर्न हिड्ने र कहिले मादक पदार्थ सेवन गर्ने जस्ता नचाहिँदा काममा भने फस्न पुगेका थिए तर यस्ता क्रियाकलापमा यिनको कहिल्यै लत बसेन । यिनी साथीहरूसँग मिलेर विभिन्न खेलहरू जस्तै डण्डीबियो, कपर्दी, व्याडमिन्टन, फुटबल, पौडी, भलिबल आदि खेल्ने र प्रतियोगितामा पनि भाग लिने गर्दथे ।[१७] यिनी विभिन्न सांस्कृतिक कार्यक्रमहरूमा भाग लिने तीज, देउसी, भैलो, जात्रा जस्ता मनोरञ्जनपूर्ण कार्यमा सहभागी हुने, समाजमा हुने कुनै पनि सामाजिक कार्यमा सक्रिय सहभागी हुने र अरुलाई पनि सहभागी हुन प्रेरित गर्दथे । यस्ता कार्यमा यिनी करले नभएर रहरले लाग्ने गरेको र आफूलाई आनन्द लाग्ने गरेको बताउँछन् ।[१८]

यिनी बाल्यकालमा घटेका केही घटनाहरूलाई अझै पनि दिमागमा ताजै रहेको बताउँछन् । यिनी आफ्नै टोलछिमेकका मानिसहरूले गर्ने सामाजिक शिष्टाचारतर्फ बडो अभिरुचि राख्ने गर्दथे । समाजलाई उनी गहिरिएर बुझ्न चाहन्थे । यिनको असल तथा शिष्ट स्वभावको विकास पनि त्यस समयबाट नै भएको थियो ।[१९]

## २.७ शिक्षादीक्षा

### २.७.१ प्रारम्भिक शिक्षा र  विद्यालय शिक्षा

यिनको प्रारम्भिक शिक्षा विशेष गरी घरपरिवारको पाठशाला र प्रकृतिप्रदत्त पाठशालामा भएको थियो । आरम्भमा यिनले नेपाली भाषाका वर्णमाला सिकेका थिए । यिनका बाजे इन्द्रधन शाक्यले सर्वप्रथम यिनलाई नेपाली वर्णमाला, मातृभाषा (नेपाल भाषा) का वर्णहरू चिनाएका थिए । यसै समयमा नै यिनले बुवाको

---

[१६] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[१७] ऐजन ।

[१८] ऐजन ।

[१९] ऐजन

सहयोगबाट अङ्ग्रेजी वर्णहरू पनि चिनेका थिए । यिनले प्रारम्भिक शिक्षा कुन उमेरदेखि प्राप्त गर्न थालेका थिए ? भन्ने जानकारी हुन नसके तापनि सात वर्षको उमेरदेखि आफ्नो घर परिवारका सदस्यहरूको न्यानो स्नेह, प्रेरणा र संरक्षणमा घुलमिल हुँदै बाबु आमासँग हास्दै खेल्दै विभिन्न भाषाका वर्णहरू सिकेको जानकारी पाइन्छ । यिनलाई वि.सं. २००३ मा बाबु तेजधन शाक्यले रानी पोखरी संस्कृति प्रधान पाठशालामा भर्ना गरिदिएका थिए । त्यसबखत यिनको औपचारिक अध्ययनको भाषा संस्कृत थियो । यिनले सोही संस्थाबाट वि.सं. २००९ मा प्रथमा परीक्षा (कक्षा ८ सरह) उत्तीर्ण गरेका थिए ।[२०] शाक्यले सोही संस्थाबाट उत्तरमध्यमासम्मको शिक्षा हासिल गरी प्राइभेट विद्यार्थीको रूपमा अङ्ग्रेजी भाषाको पनि गहिरो अध्ययन गरेका थिए ।

### २.७.२ उच्च शिक्षा र स्वाध्ययन

सुवर्ण शाक्यको उच्च शिक्षाको प्रारम्भ संस्कृत भाषाबाटै भएको थियो । यिनले भारतको वारणसी विश्वविद्यालयबाट वि.सं २०१६ मा उत्तरमध्यमा परीक्षा उत्तीर्ण गरेका थिए । २०१७ सालमा यिनले यस विद्यालयमा शास्त्री तहको अध्ययन पनि गरेका थिए साथै यिनले वि.सं. २०२१ मा त्रि-चन्द्र कलेज काठमाडौंबाट आई. ए. तह पनि उत्तीर्ण गरेका थिए । [२१] यस्तै सोही सालमा स्नातक तहमा भर्ना भई नियमित विद्यार्थीका रूपमा शाक्यले २०२३ सालमा सो तह उत्तीर्ण गरेका थिए ।[२२]

सुवर्ण शाक्यले आफ्नो शैक्षिक स्तरलाई अझ वृद्धि गर्ने प्रयासस्वरूप यिनी त्रिभुवन विश्वविद्यालयमा भर्ना भए । यस क्याम्पसमा यिनले इतिहास संस्कृति र पुरातत्व विषय लिएका थिए । यस विभागबाट यिनले २०२६ सालमा द्वितीय श्रेणीमा

---

[२०] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।
[२१] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।
[२२] ऐजन ।

स्नातकोत्तर तह उत्तीर्ण गरेका थिए ।[२३] यसैगरी यिनले वि.सं २०२९ मा नेपाली विषयमा स्नातकोत्तर तह पनि उत्तीर्ण गर्न सफल भएका थिए । यिनले २०३२ सालमा त्रि.वि. बाटै शिक्षाशास्त्र सङ्कायतर्फ स्नातक तह पनि उत्तीर्ण गरेका थिए ।[२४] यसपछिको समय भने यिनले स्वाध्ययनमा नै खर्च गरेका थिए । यिनको सामाजिक सांस्कृतिक र साहित्यिक क्षेत्रतर्फ विशेष रुचि थियो । यी विषयसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका पाठ्यपुस्तकहरू जम्मा गरेर पढ्ने गर्दथे । यिनको स्वाध्ययनको क्षेत्र विभिन्न धार्मिक ग्रन्थहरूसम्म फैलिएको पाइन्छ । विशेष गरी यिनले बौद्धधर्मसँग सम्बन्धित ग्रन्थहरू अध्ययन गर्दथे । यिनले धर्म र संस्कृतिसँग सम्बन्धित लेख तथा पुस्तकहरू पनि प्रकाशित गरेका छन् ।[२५]

## २.८ विवाह र सन्तान

सुवर्ण शाक्यले दुई विवाह गरेका थिए । जेठी श्रीमती केशरी शाक्यसँग यिनको विवाह वि.सं २०१४ मा भएको थियो । त्यसबेला यिनी २१ वर्षका थिए । त्यसको ४ वर्षपछि अर्थात २५ वर्षको उमेरमा वि.सं २०१८ सालमा रत्ना शाक्यसँग यिनको दास्रो विवाह भएको थियो । यिनी सतुङ्गल, काठमाडौं स्थित कनक बहादुरकी छोरी हुन् । यिनकी जेठी श्रीमतीबाट तीन छोरीहरूको जन्म भएको थियो भने कान्छी श्रीमती रत्ना शाक्यबाट तीन छोरा र एक छोरीको जन्म भएको थियो । यिनकी जेठी श्रीमती केशरी शाक्यको मृत्यु भइसकेको छ । हाल यिनी कान्छी श्रीमती , आमा अष्टमाया शाक्य र छोराहरूका साथमा छन् ।[२६]

यिनका जेठा छोरा रोशन शाक्यले व्यवस्थापन सङ्कायतर्फ स्नातक तहसम्मको शिक्षा हासिल गरेका छन् । यिनी हाल प्रशासनिक क्षेत्रमा जागिरे छन् । यिनको विवाह, भइसकेको छ र तीन सन्तानहरू पनि भइसकेका छन् । यिनका जेठा

---

[२३] ऐजन ।

[२४] ऐजन ।

[२५] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[२६] ऐजन ।

छोरा हेरुक शाक्य कक्षा बाह्रमा अध्ययनरत छन् । माहिला छोरा सुवर्ण शाक्यले कक्षा आठमा पढ्दै छन् र कान्छा छोराले पनि पाँच कक्षामा पढ्दै छन् । सुवर्ण शाक्यका माहिला छोरा भूषण शाक्यले विज्ञान विषयमा स्नातककोत्तर तहसम्मको शिक्षा हासिल गरी हाल शिक्षण पेसामा आबद्ध रहेका छन् । यिनका दुई सन्तान रहेका छन् ।[२७] तीमध्ये छोरी नैरात्मा शाक्यले कक्षा ६ मा पढ्दैछिन् । छोरा अचल शाक्यले कक्षा १ मा पढिरहेका छन् । सुवर्ण शाक्यका कान्छा छोरा तोषण शाक्य कक्षा १० सम्मको शिक्षा हासिल गरी हाल छापाखानामा प्रोपाइटरका रूपमा जागिरे छन् । यिनी अविवाहित छन् । शाक्यका चारवटी छोरीहरू छन् । जेठी छोरी तिमिला शाक्यको पोखरामा विवाह भइसकेको छ । यिनका चार सन्तान पनि भइसकेका छन् । माहिली छोरी रूपा शाक्यको पनि विवाह भइसकेको छ । यिनका दुई सन्तान छन् । सुवर्ण शाक्यकी साहिँली छोरी सोभना शाक्यको पनि विवाह भइसकेको छ । यिनका एकमात्र सन्तान छन् । कान्छी छोरी दर्पणा शाक्यको पनि विवाह भइसकेको छ । यिनका तीन सन्तान छन् ।[२८] सुवर्ण शाक्य अहिले तीन भाइ छोरा र चार बहिनी छोरी र नाति नातिनाका बुवा तथा हजुबुबा र संरक्षकका रूपमा जीवन गुजारिरहेका छन् ।[२९]

## २.९ आर्थिक अवस्था

यिनका पुर्खाहरू व्यापार-व्यवसायतर्फ आबद्ध रहेका थिए । जसले गर्दा उनको परिवार आर्थिक रूपमा मध्यमवर्गीय देखिन्छ । यिनको पुर्खौली घर र केही जग्गा रहेको छ । यिनी हाल स्युचाटार गा.वि.स. वडा नं २ को तीन तला भएको सेतो रङ्गरोगन गरिएको पक्की घरमा बसिरहेका छन् । यिनले पुर्खौली पेसालाई भने

[२७] ऐजन ।

[२८] ऐजन ।

[२९] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

निरन्तरता दिन सकेनन् । यिनी शिक्षण पेसातर्फ आबद्ध रहेर अहिले अवकाश प्राप्त जीवन गुजारिरहेका छन् । यिनको आर्थिक अवस्था मध्यमस्तरको रहेको बुझिन्छ ।[३०]

## २.१० जागिरे जीवन

सुवर्ण शाक्यले जागिरका रूपमा शिक्षण पेसा अँगालेको पाइन्छ । यिनी सत्र वर्षको उमेरदेखि सत्तरी वर्षको उमेरसम्म यस पेसामा नै आबद्ध रहेका थिए । यिनले सर्वप्रथम सन् १९५४ मा जोरगणेश विद्याश्रम काठमाडौंमा निम्नमाध्यमिक तहको सामाजिक शिक्षा अध्यापन गरेका थिए । त्यसपछि यिनी सन् १९५७ मा काठमाडौंकै सीताराम हाइस्कुलमा अध्यापन गर्न पुगे । यिनले अध्यापन गरेका शैक्षिक संस्थाहरू र समयावधि तथा पद यस प्रकार पाइन्छ ।[३१]

| क.सं. | शैक्षिक संस्थाको नाम | मिति (सन्मा) | समयावधि | पद |
|---|---|---|---|---|
| १ | जोर गणेश माध्यमिक विधालय मुसिकोट,रुकुम | १९५८ | १ वर्ष | शिक्षक |
| २ | कालिका विद्यालय, इँटे, काभ्रे | १९६९ | १ वर्ष | शिक्षक |
| ३ | प्रगति स्कुल, रातमाटे, धनुषा | १९६० | ७ वर्ष | शिक्षक |
| ४ | जुद्धोदय पब्लिक हाईस्कुल काठमाडौं | १९६७ | आंशिक | शिक्षक |
| ५ | प्रभात स्कुल काठमाडौं | १९६४-१९७३ | आंसिक समय दिउँसो | सश-प्रधानाध्यापक |
| ६ | नवयुवा सह शिक्षालय, काठमाडौं | १९६९ | ५ वर्ष | प्रधानाध्यापक |
| ७ | दरबार हाईस्कुल, काठमाडौं | १९७४-१९९९ | २५ वर्ष | प्रधानाध्यापक |

[३०] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[३१] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

**उच्च शिक्षा**

| क्र.सं. | शैक्षिक संस्थनको नाम | मिति (सन्‌मा) | समयावधि | पद | विषय |
|---|---|---|---|---|---|
| १ | भक्तपुर क्याम्पस भक्तपुर | १९७३ | १ वर्ष | सह-प्राचार्य | इतिहास संस्कृति र पुरातत्व |
| २ | त्रि-चन्द्र क्याम्पस घण्टाघर | १९७४ | ९ वर्ष | सह-प्राचार्य | इतिहास संस्कृति र पुरातत्व |
| ३ | पिपुल्स क्याम्पस, काठमाडौं | १९८३-२००७ | २४ वर्ष | प्राचार्य | इतिहास संस्कृति र पुरातत्व |

शाक्यले माध्यमिक तहको प्रथम श्रेणीका शिक्षक पदमा काम गर्दा गर्दै दरबार हाईस्कुल काठमाडौंबाट अनिवार्य अवकाश लिएका थिए । यिनी सरकारी विद्यालयमा. शिक्षकका रूपमा काम गर्दागर्दै सन् १९६७-१९७३ सम्म प्रभात प्रौढ हाईस्कुल काठमाडौंमा बिहानको समयमा प्रधानाध्यापकका रूपमा पनि काम गरेका थिए ।[३२] यसैगरी मा.वि.तहको शिक्षक पदमा कार्यरत रहेकै अवस्थामा सन् १९७३ देखि नै उच्च शिक्षाका आंशिक समयका प्राध्यापकका रूपमा समेत काम गरेका थिए । यिनले विद्यालय शिक्षकबाट अवकाश लिएर पनि थप नौ वर्ष उच्च शिक्षा अध्यापनमा लागेका थिए । सन् २००७ सालमा पिपुल्स क्याम्पस काठमाडौंबाट अवकाश प्राप्त गरी हाल विभिन्न सङ्घ-संस्थामा संलग्न रहेर समाज सेवाका काममा तल्लीन रहेका छन् ।[३३]

## २.११ संस्थागत संलग्नता

सुवर्ण शाक्यको विशेष अभिरुचिको क्षेत्र भनेको सामाजिक सेवा हो । यिनी बाल्यकालमा विभिन्न पर्वहरूमा रुचिपूर्वक सहभागी हुने गर्दथे । समाज सुधारका निम्ति स्थापित टोल सुधार समितिहरूमा संलग्न रहेर कार्यहरू गरेका छन् ।[३४]

[३२] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[३३] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[३४] रोशन शाक्यद्वारा प्राप्त जानकारी ।

समाज, संस्कृति, साहित्य र धर्मलाई यिनले सबैभन्दा बढी रुचिको क्षेत्र बनाएका छन् । यिनले कतिपय संस्थाहरूमा आफू संस्थापकका रूपमा रहेर कार्य गरेको छन् । कतिपय संस्थाहरूमा अध्यक्ष, उपाध्यक्ष, सदस्य सचिव, कोषाध्यशक्ष तथा सल्लाहकार समितिमा रहेर काम गरेका छन् ।[३५] शाक्य हाल पनि प्रख्यात समाजसेवीका रूपमा चिनिन्छन् । यिनी विभिन्न सङ्घ-संस्थाहरूमा रहेर समाज सेवामा जीवन नै समर्पित गरेको बताउँछन् ।[३६] यिनी हाल विशेष गरी बुद्ध धर्मसँग सम्बन्धित विभिन्न कार्यक्रम, प्रचवन, विचार-गोष्ठी, अन्तर्क्रियाहरूमा आफ्नो तर्फबाट मन्तव्य व्यक्त गर्नुका साथै कार्यपत्रहरू पनि प्रस्तुत गरेका हुन्छन् । समाजसेवामा नै तल्लीन रहेर अत्यन्त व्यस्त जीवन गुजारिरहेका शाक्य निम्न संस्थाहरूमा संलग्न रहेको देखिन्छ ।[३७]

| क्र.सं. | संस्थाको नाम | मिति (सन्मा) | संलग्नता |
|---|---|---|---|
| १. | न्हाइपुख्य (रमाइलो चौर) सांस्कृतिक संस्था | १९५९ | संस्थापक |
| २. | नवयुग सह-शिक्षालय | १९५९ | " |
| ३. | शिक्षा सदन | १९५९ | " |
| ४. | प्रभात प्रौढ हाईस्कुल | १९६५ | " |
| ५. | नेपाल रोमानिया मैत्री समाज | १९६८ | " |
| ६. | सर्वहित गुठी | १९ठ९ | " |
| ७. | मञ्जुश्री नक महाविहार संरक्षण सुधार सङ्घ | १९८४ | " |
| ८. | सांस्कृतिक बाद्य सञ्चालक समिति | १९८६ | " |
| ९. | सहयोगी नेपाल | १९९५ | " |
| १०. | स्वयम् सेवा स्वास्थ्य क्लिनिक समाज | १९९९ | " |
| ११. | दिगधः संरक्षण सुधार समिति | २००० | " |
| १२. | शरण प्रकाशन समिति | २००३ | " |
| १३. | त्रिपिटक ज्ञान कक्ष | २००४ | " |
| १४. | धर्मभूमि बुद्ध विहार | २००४ | " |
| १५. | राष्ट्रिय शाक्य समाज | २००६ | " |
| १६. | ओमबहाल टोल सांस्कृतिक सम्पदा संरक्षण | २००८ | " |

[३५] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[३६] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[३७] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

| | | | |
|---|---|---|---|
| | सुधार समिति | | |
| १७. | न्हइपुख्य सांस्कृतिक संस्था | १९६८ | अध्यक्ष |
| १८. | नेपाल रुमानिया मैत्री समाज | १९६८ | ” |
| १९. | नेपाल परिवार नियोजन सङ्घ उपत्यका शाखा | १९९०-२००० | ” |
| २०. | ऐश्वर्य शिल्ड सांस्कृतिक प्रतियोगिता शिक्षामन्त्रायलय पाठ्यक्रम विकास केन्द्र | १९*६-१९९८ | ” |
| २१. | विश्वशान्ति शिक्षालय विहार | १९९६ | ” |
| २२. | युगकवि सिद्धिचरण स्मृति गुठी | १९९७ | ” |
| २३. | निष्ठानन्द स्मृति गुठी | १९९७ | ” |
| २४. | त्रुद समारोह समिति काठमाडौं मांकाखल, काठमाडौं | २००२ | ” |
| २५. | नासदीय सुधार समिति | २००२ | ” |
| २६. | मसान जिणोद्वारा समिति , टेकु | १९८४ | उपाध्यक्ष |
| २७. | अन्तराष्ट्रिय बौद्धसमाज लुम्बिनी | १९९४ | ” |
| २८. | राष्ट्रिय ज्ञानमाला समिति | १९९५ | ” |
| २९. | सहयोगी नेपाल | १९९५-२००५ | ” |
| ३०. | स्वयम्सेवी स्वास्थ्य क्लिनिक समाज | १९९९ | ” |
| ३१. | नेपाल भाषा परिषद् | २००५ | ” |
| ३२. | नेपाल सम्पदा सङ्घ | २००७ | ” |
| ३३. | ओमबहाल टोल सांस्कृतिक सम्पदा संरक्षण सुधार समिति | २००८ | ” |
| ३४. | धर्मोदय सभा | १९९९-२००५ | महासचिव |
| ३५. | राष्ट्रिय शाक्य समाज, नेपाल | २००५ | ” |
| ३६. | नेपाल क्षयरोग निवारण संस्था, काठमाडौं जिल्ला शाखा | १९८१ | सदस्य सविच |
| ३७. | जोर गणेश जिर्णोद्वार समिति | १९८२ | ” |
| ३८. | मञ्जुश्री नक महाविहार संरक्षण सुधार सङ्घ | १९८४ | ” |
| ३९. | नेपाल स्काउट सङ्घ काठमाडौं जिल्ला | १९८५ | ” |
| ४०. | सांस्कृतिक बाद्य सञ्चालक समिति | १९८६ | ” |
| ४१. | नेपाल विहार फाउन्डेसन | १९९३ | ” |
| ४२. | दिगुः द्धः संरक्षक समिति | २००० | ” |
| ४३. | भ्गवान् देव प्रतिमा पुनर्स्थापना समिति | २००४ | ” |
| ४४. | सङ्घाराम विहार समिति | २००८ | ” |
| ४५. | नेपाल सुनचाँदी व्यवस्थापन सङ्घ | २००२,२००४ २००८ | निर्वाचन आयुक्त |
| ४६. | बौद्ध महिला सङ्घ नेपाल | २००२ | ” |
| ४७. | अखिल नेपाल भिक्षु महासङ्घ | २००४ | ” |

| | | | |
|---|---|---|---|
| ४८. | नेपाल शिक्षक सङ्घ | १९७१ | कोषाध्यक्ष |
| ४९. | नेपाल क्षयरोग निवारण संस्था (केन्द्रीय कार्यकारण समिति) | १९८१ | सदस्य |
| ५०. | आनन्दकुटी विहार गुठी (कार्यकारिणी समिति) | १९८२ | " |
| ५१. | लुम्बिनी विकास कोष | १९९६-२००० | " |
| ५२. | युनाइटेड राइटर यशोसियन चेन्याइ | १९९७ | " |
| ५३. | प्राध्यापक सङ्घ पिपुल्स क्याम्पस | १९९९-२००२ | " |
| ५४. | विद्वोदय विद्यालय निर्माण समिति | २००२ | " |
| ५५. | शहीद धर्मभक्त स्मृति गुठी | २००३ | " |
| ५६. | नाटक प्रदर्शन समिति, शिक्षामन्त्रालय पाठ्यक्रम विकास केन्द्र | २००३ | " |
| ५७. | राष्ट्रिय शाक्य समाज नेपाल (कार्यकारणी समिति) | २००३ | " |
| ५८. | नेवाः गुठी (कार्यकारिणी समिति) | | " |
| ५९. | नेपाल भाषा परिषद् (कार्यकारिणी समिति) | | " |
| ६०. | नेपाल सम्पदा सङ्घ (कार्यकारिणी समिति) | | " |
| ६१. | त्रिभुवन स्मारक समिति | | " |
| ६२. | जिल्ला शिक्षा समिति | | " |
| ६३. | नेपाल निवर्तमान शिक्षक सङ्घ | | " |
| ६४. | नेपाल रेडक्रस सोसाइटी | | आजीवन सदस्य |
| ६५. | नेपाल परिवार नियोजन सङ्घ | | " |
| ६६. | नेपाल बौद्ध परिषद् | | " |
| ६७. | श्री धः ज्ञानमाला भजन ख. | | " |
| ६८. | ज्ञानमाला भजन खल, स्वयम्भु | | " |
| ६९. | त्रिरत्न सेवा खल | | " |
| ७०. | महाचैत्य विहार पाल्पा | | " |
| ७१. | आनन्दविहार , पाल्पा | | " |
| ७२. | अन्तर्राष्ट्रिय बौद्धसमाज | | " |
| ७३. | पर्वत चैत्य विहार बुटवल | | " |
| ७४. | ज्नमत मासिक | | संरक्षक |
| ७५. | नेपाल, रुस सांस्कृतिक सङ्घ | | आजीवन सदस्य |
| ७६. | नेपाल परियन्ती शिक्षा व्यवस्थापक | | - |
| ७७. | बौद्धअध्ययन विषय समिति, त्रि.वि | | - |
| ७८. | नेपाली इतिहास र संस्कृति संस्था | | - |
| ७९. | नेवाः नुग | | - |

| | | | |
|---|---|---|---|
| ८०. | ओलम्पस क्लव, ओमबहाल | १९६८ | सल्लाहकार |
| ८१. | ज्ञानमाला भजन खल (नेपाल भाषा) | १९८८ | ” |
| ८२. | बौद्धजागरण समाज, काठमाडौं | १९९६ | ” |
| ८३. | नेवाः बौद्ध संस्कृति संरक्षण, पुच | १९९८ | ” |
| ८४. | नेवाः मिसागुठी नेवार महिला सङ्घ | २००८ | ” |
| ८५. | न्याखी साहित्य पुच, पिपल्स क्याम्पस | - | ” |
| ८६. | युनाइटेल क्लव, कीर्तिपुर | - | ” |
| ८७. | युनाइटेड अल्बा फ्रिक्लिनिक, ताहचल | - | ” |
| ८८. | नेपाल महिला शिक्षा वातावरण स्वास्थ्य सङ्घ, काठमाडौं | - | ” |
| ८९. | बुद्ध जयन्ती समारोह समिति, आनन्दकुटी | - | ” |
| ९०. | ह्यामोटोल निर्माण समिति, स्युचाटार सहकारी संस्था | - | सल्लाहकार |
| ९१. | स्युचारटार बचत तथा ऋण सहकारी लिमिटेड | - | ” |
| ९२. | सङ्घाराम वार्षिक प्रकाशन | - | ” |
| ९३. | अमृतोपदेश मासिक प्रकाशन | - | ” |
| ९४. | अमरज्योति रजत जयन्ती मूल समारोह समिति | - | ” |

## २.११ रुचि र स्वभाव

### २.११.१ रुचि

सुवर्ण शाक्यको मूल रुचिक्षेत्र समाजसेवा हो । समाजमा देखापरेका विकृति विसङ्गतिहरूप्रति यिनको आक्रोश रहेको छ । सभ्य, सु-संस्कृत, आर्दशशील, समाज निमार्णमा यिनी सधैंभरि लडिरहने बताउँछन् ।[३८] त्यसका निम्ति घरपरिवार नै पहिलो खुड्किलो हो भन्ने धारण छ । जुन मानिसले आफ्नो घरपरिवारमा मेलमिलाप, आपसीसद्भाव, मायाप्रेम र अनुशासन कायम गर्न सक्छ, त्यसले समाज-लाई पनि सभ्य बनाउँछ भन्ने विचार व्यक्त गर्छन ।[३९]

---

[३८] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[३९] ऐजन ।

यिनको दोस्रो रुचिको क्षेत्र भनेको संस्कृति, साहित्य र धार्मिकक्षेत्र रहेको छ । नेपाली समाजमा विलयन हुन पुगेका सभ्य संस्कृतिलाई उजागर गर्ने, समाज उपयोगी साहित्यको रचना गर्ने र तिनलाई बढी महत्व दिने प्रवृत्ति यिनमा पाइन्छ । यिनी बौद्धधर्मका सच्चा अनुयायी हुन् । नेपालका सन्दर्भमाबुद्ध धर्मको महत्व थेरवाद बुद्धधर्मको भविष्य जस्ता विषयमा पुस्तकहरू प्रकाशन गर्ने तथा प्रवचन कार्यक्रममा सक्रियतापूर्वक लाग्ने प्रवृत्ति यिनमा पाइन्छ। यिनलाई धर्मसँग सम्बन्धित भजन तथा गीतहरू साह्रै मनपर्छ । यिनले नेपाली लोकसंस्कृति झल्कने गीतहरू पनि मन पराउँछन् ।[४०] खाजामा यिनलाई नेवार परिकार मनपर्छ । यिनले चिया प्रायः पिउने गर्दछन् ।[४१]

## २.१२.२ स्वभाव

सुवर्ण शाक्य बाल्यकालमा भद्र र अनुशासित स्वभावका थिए । [४२] यिनका बुवा, आमा अत्यन्त सरल, शिष्ट स्वभावका कारणले पनि शाक्यमा त्यसको प्रभव परेको हुनसक्छ । उनी बाल्यकालदेखि नै कसैसँग झगडा गर्न नचाहने सहयोगी भावना भएका जिज्ञासु स्वभावका थिए ।[४३] सहरी क्षेत्रमा हुर्केका शाक्य यहाँ देखापर्ने तडकभडक तथा उच्छृङ्खल प्रवृत्तिदेखि सधैं टाढा रहेका थिए । यिनको स्वभाव सरल, शिष्ट ग्रामीण परिवेशमा हुर्किएको बालकको जस्तो थियो ।

सुवर्ण शाक्यमा कल्पनाशीलता, संवेदनशीलता, एकान्तप्रियता भावुकता मिलनसारिता जस्ता प्रवृत्ति विद्यार्थी कालदेखि नै विकसित हुँदै आएको देखिन्छ ।[४४] समाज, संस्कृति र साहित्यसेवाका क्षेत्रमा समर्पित रहिरहने शाक्य सानातिना कुरामा

---

[४०] ऐजन ।

[४१] ऐजन ।

[४२] ऐजन ।

[४३] शोधनायकबाट प्राप्त जानकारीअनुसार ।

[४४] ऐजन ।

कहिल्य पनि रिसाउँदैनन् ।[४५] आफूसँग कुनै कुरा जान्न बुझ्न खोज्ने व्यक्तिलाई उत्साहकका साथ सहयोग गर्दछन् । व्यक्तिगत स्वार्थभन्दा माथि उठेर समाजको स्वार्थका निम्ति सदैव तमतयार रहने प्रलउत्ति उनमा छ ।[४६] यिनी स्पष्ट निर्भिक स्वभावका धनी छन् । जीवनमा समयलाई अत्यन्त महत्व दिने शाक्यले आफूले वचन दिइसकेको समयमा सदैव अडिग रहन्छन् थियो ।[४७] यिनमा पूर्वीय संस्कृति र बौद्ध संस्कृतितर्फ औधी रुचि छ । यिनको आाफूसँग भेट हुने मित्रसँग भेट हुँदापनि त सांस्कृतिक मूल्य, मान्यता माथि प्रकाश पार्ने स्वभाव यिनमा देखिन्छ ।[४८]

## २.१२ साहित्यलेखन सम्बन्धी प्रभाव र प्रेरणा

सुवर्ण शाक्यका बुवा तेजधन शाक्य कवि सिद्धिचरण श्रेष्ठका अत्यन्त मिलनसार मित्र थिए । यिनी उनको घरमा प्रायः आइरहन्थे । यिनले कहिलेकाहीँ कविता वाचन गरेर पनि सुनाउँथे । यिनका कविताहरू शाक्यले मन लगाएर सुन्ने गर्दथे । यिनको कवित्व शक्तिको प्रभाव शाक्यमा पनि पऱ्यो । यिनले विद्यालय पढ्दा कहिलेकाहीँ कविताहरू रचना गरेर सुनाउँथे । घरमा सिद्धिचरण श्रेष्ठ आउँदा उनका छेवैमा बसेर उनले गरेका कुराकानी तथा साहित्यिक रचनाहरू मन लगाएर सुन्ने गर्दथे ।[४९]

यसबाट पनि उनका मनमा आफूले केही कवितात्मक कृतिहरू रचना गर्ने भावना जाग्यो । यिनले कहिलेकाहीँ फाट्टफुट्ट रूपमा कविता पनि रचिहाल्थे र मौका पर्दा श्रेष्ठलाई पनि सुनाउँथे । श्रेष्ठले उनका रचनाहरू पत्रिकाहरूमा प्रकाशन

---

[४५] ऐजन ।
[४६] रोशन शाक्यद्वारा प्राप्त जानकारी ।
[४७] ऐजन ।
[४८] भुषण शाक्यद्वारा प्राप्त जानकारी ।
[४९] शोधनायककी श्रीमती रत्ना शाक्यद्वारा प्राप्त जानकारी ।

गरिदिन्थे ।[५०] यसबाट साहित्यिक रचनातर्फ शाक्यलाई थप उत्साह प्राप्त भएको थियो । त्यसपछि यिनले संस्कृत भाषाका कालिदास, बाल्मीकि आदि विद्वान्हरूका रचनाहरू अभिरुचिपूर्वक अध्ययन गर्न थाले । सर्वप्रथम यिनले नेपाल भाषामा कविताहरू लेखेको जानकारी प्राप्त हुन्छ ।[५१] त्यसपछि यिनले कविता, कथा, नाटक र निबन्ध आदि विधामा कलम चलाएका थिए ।

## २.१४ लेखनकार्य र प्रकाशित कृतिहरू

सुवर्ण शाक्यको साहित्यलेखनको शुभारम्भ बाल्यकालदेखि नै भएको थियो । यिनले सर्वप्रथम नेपाल भाषामा कविता लेखेको पाइन्छ । वि.सं २००९ सालदेखि यिनले नेपाल, नेपाली, संस्कृत भाषामा कविताहरू रचना गर्न थालेको जानकारी दिन्छन् ।[५२] प्रारम्भका यिनका रचनाहरू यौनमूलक विषयसँग सम्बन्धित रहेका थिए । यिनका प्रकाशित कृतिहरूको विवरण यसप्रकार दिन सकिन्छ ।[५३]

| क्र.सं | शीर्षक | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | **मासुको पोको** | कथासङ्ग्रह | वि.सं. २०३१ |
| २ | **यौन र जीवन** | निबन्धसङ्ग्रह | वि.सं. २०३८ |
| ३ | **बुद्धधर्म र व्यवहार** | निबन्धसङ्ग्रह | वि.सं. २०६० |
| ४ | **स्वर्गको दरबार पृथ्वीमा** | समीक्षा | वि.सं. २०६३ |
| ५ | **गंगु ख्दवि (नेपाल भाषा)** | निबन्धसङ्ग्रह | वि.सं. २०३७ |
| ६ | **थिथि बौद्ध न्यहासः लिसर** (नेपाल भाषा) | अनुवाद | ने.सं. १११८ |
| ७ | **नेवाः व व्यवहार** (नेपाल भाषा) | निबन्धसङ्ग्रह | वि.सं. २०६२ |
| ८ | बुद्धधर्म व व्यवहार (नेपाल भाषा) | निबन्धसङ्ग्रह | वि.सं. २०६२ |
| ९ | वयक: जिंतलुमंकाबलय्(नेपाल भाषा) | निबन्धसङ्ग्रह | वि.स. २०६५ |

[५०] शकोधनायकको आमा अष्टमाया शाक्यद्वारा प्राप्त जानकारी ।

[५१] शोधनायकबाट प्राप्त जानकारी ।

[५२] ऐजन ।

[५३] छत्रबहादुर कायस्थ, "सुवर्ण शाक्य शब्द परिचय", **नेपाल संस्कृति**, (वर्ष ५, अङ्क ५, २०५१ मंसिर) पृ. २१ । ।

शाक्यले विभिन्न पत्रिकाहरूमा  लेखहरू पनि छपाएका छन् । ती निम्नानुसार छन् -

| क्र.सं | शीर्षक | पत्रिका/पुस्तकको नाम | प्रकाशन वर्ष |
|---|---|---|---|
| १ | ध्जय मयभक नबगतक दगममजब दभयिलन तय रु | बौद्धस्मारिका | ने.सं ११२६ [५४] |
| २ | द्यगममजष्क ष्ल ल्भउबी | आनन्दभूमि | वि.सं २०६५[५५] |
| ३ | भूमिका | नेपाल थेरवाद बुद्ध | वि.सं २०६४[५६] |
| ४ | बुद्धधर्मका लागि अभिसाप | धर्मको भविष्य भाग एक | वि.सं २०६४[५७] |

यिनले केही नेपाल भाषाका कृतिहरू पनि सम्पादन गरेका छन् । जुन यसप्रकार छन् -[५८]

१. चुली (कविता सङ्ग्रह)

२. हः (कविता सङ्ग्रह)

३. थाती (कविता सङ्ग्रह)

४ कचा (कविता सङ्ग्रह)

५ म्ह्पूजा (कविता सङ्ग्रह)

## २.१५ भ्रमण

सुवर्ण शाक्यले अध्ययन अध्यापन गर्ने क्रममा स्वदेशका प्रायः जिल्लाहरूको भ्रमण गरेका छन् ।[५९]  त्यसबाट यिनले ती स्थानहरूको सामाजिक, सांस्कृतिक, राजनैतिक, धार्मिक पक्षसँग सम्बन्धित अनुभवहरू बटुलेका छन् । त्यस्तै यिनले विश्वका विभिन्न देशहरूमा भ्रमण गर्ने अवसर प्राप्त गरेका छन् । ती देश हुन्-रुस, चीन, मङ्गोलिया, कम्बोडिया, मलेसिया, भुटान, भारत ,थाइल्याण्ड आदि कुनै ठाउँको

---

[५४] सुवर्ण शाक्य, "who does Gautam Buddha belong to ?" **स्मारिका** , (वर्ष ७, अङ्क २ ने.सं.११२६) पृ. ४७ ।

[५५] सुवर्ण शाक्य, "Buddhism in Nepal", **आनन्दभूमि** , (वर्ष ३६, अङ्क १, बुद्धपूर्णिमा २०६५ ) पृ. ५५ ।

[५६] सुवर्ण शाक्य , “बुद्धधर्मको लागि अभिसाप”, **अमृतोपदेश** (वर्ष ३, अङ्क १२, २०६४ चैत्र) पृ. ८ ।

[५७] भिक्षु अश्वघोष,**नेपालमा थेरवाद बुद्धधर्मको भविष्य** प्र.सं.(काठमाडौंःकान्तिपुर प्रिन्टिङ्ग प्रेस, २०६४)पृ.क र छ ।

[५८] शुवर्ण शाक्य , स्वर्गको दरबार पृथ्वीमा , ते.सं. ( ललितपुर :जोशी प्रिन्टिङ्ग प्रेस ,२०६३) आवरण पृ. ।

[५९] शोधनायकबाट प्राप्तजानकारी ।

भ्रमण गर्नु केवल शोखका लागि नभएर ती ठाउँहरूसँग परिचित भई त्यहाँका धार्मिक, सामाजिक, राजनैतिक, सांस्कृतिक, भौगोलिक पक्षलाई केलाएर अध्ययन गर्नु हो, भन्ने उनको मान्यता रहेको छ । यिनी विशेष गरेर सामाजिक संस्थाहरू मार्फत् बौद्धसम्मेलनहरूमा भाग लिन जाने गरेको बताउँछन् । [६०]

## २.१६ सम्मान तथा पुरस्कार

सुवर्ण शाक्यले सामाजिक सेवाका क्षेत्रमा उल्लेखनीय योगदान गरेवापत निम्न पुरस्कार तथा सम्मानपत्रहरू प्राप्त गरेका छन्- [६१]

१. राष्ट्रिय शिक्षा पुरस्कार २०४०

२. भुकम्प पीडित सेवा पुरस्कार २०४६

३. सम्यक महागुठीहरूबाट समय समयम प्राप्त पदकहरू

४. अभिनन्दन ओलम्पस क्लव

यस बाहेक यिनी २३ पटकभन्दा बढी सभा ,सम्मेलनहरूमा सम्मानित भएका छन् ।

## २.१७ साहित्य सम्बन्धी धारणा

सुवर्ण शाक्यले साहित्यलाई समाजसुधारको कडीका रूपमा लिने गर्दछन् । साहित्यले समाजको धारणा परिवर्तन गर्नसक्ने कुराप्रति यिनको विश्वास छ । यिनी साहित्यलाई संस्कृत र मानवधर्ममा उपयोग गर्नुपर्ने धारणा व्यक्त गर्दछन् । धर्ममा सबैभन्दा ठूलो मानवधर्म नै रहेको धारणा व्यक्त गर्ने शाक्य साहित्यलाई मानवधर्मकै उपासकका रूपमा रहेको विश्वास गर्दछन् ।[६२]

---

[६०] फणिन्द्ररत्न बज्राचार्य, **लेखकहरुको परिचय पुस्तक**,प्र.सं.(काठमाडौं: नेपाल भाषा एकेडेमी, २०६२) पृ.२५...

[६१] ऐजन् ।

[६२] शोधनायकबाट प्राप्त जानकारी ।

# तेस्रो परिच्छेद

# सुवर्ण शाक्यको व्यक्तित्व

## ३.१ व्यक्तित्वको पृष्ठभूमि

व्यक्तिले जीवनमा गरेका विभिन्न पक्षले व्यक्तित्व निर्माण गर्दछ । उसको शारीरिक गठनदेखि लिएर उसभित्रनिहित प्रतिभाहरूलाई नै व्यक्तित्वका रूपमा लिइन्छ । व्यक्तित्वलाई यसरी अर्थ्याइएको छ-"व्यक्तित्वको अर्थ मानसिक प्रक्रियामा एक रूपता वा अनुरूपताको निर्माण हो । एकरूपताको अर्थ मानिसले सधैँ एकै किसिमको काम मात्र गरोस् भन्ने होइन व्यक्तित्वको अर्थ यसभन्दा व्यापक छ । वास्तवमा व्यक्तित्वको अभिप्राय आफ्नो आन्तरिक स्वरूपलाई दृढ गराउनु हो । प्रत्येक परिवर्तित स्थितिमा मानिसले आफ्नो प्रतिभाको स्पष्ट र गहन भाव छोड्न सक्नुपर्दछ । व्यक्तित्वको अर्थ परिवर्तनशीलता होइन । प्रतिकूल स्थितिअनुकूल चल्नसक्ने त्यो शक्ति हो, जसले मानिसलाई प्रत्येक क्षणमा निहित परिस्थति अनुकूल चल्नसक्ने शक्तिले नवीन दृष्टिकोण प्रस्तुत गर्दछ । त्यसैले व्यक्तिभित्रनिहित प्रतिभा नै व्यक्तित्व हो ।[६३]

## ३.२ व्यक्तित्वका विभिन्न पाटाहरू

कुनै पनि मानिसको जीवन भोगाइमा आउने विविध घटना, जीवनका चाप-प्रतिचाप, आरोह-अवरोध, घात-प्रतिघात तथा क्रिया-प्रतिक्रियाले व्यक्तित्वमा महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यसका अतिरिक्त व्यक्तिको व्यक्तित्व निर्माणमा ऊ बाँचेको परिवेश, पारिवारिक पृष्ठभूमि, सामाजिक , सांस्कृतिक रुचि, पेसा र शिक्षा-दीक्षा आदिले उल्लेखनीय सहयोग पुऱ्याएको हुन्छ । यिने परिवेशबाट निर्माण भएको

---

[६३] वैकुण्ठप्रसाद पौडेल, जगदीश घिमिरेको जीवनी, व्यक्तिव र कृतित्वको अध्ययन, अप्रकाशित, नेपाली स्नातकोत्तर सोधपत्र , त्रि.वि. २०५६, पृ. १९ ।

६४ ऐजन ।

व्यक्तिको व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई भागमा विभक्त गरेर हेर्न सकिन्छ । व्यक्तिका निजी व्यवहारसँगै सम्बन्ध कुराहरूलाई निजी व्यक्तित्व मानिन्छ । निजी व्यक्तित्वलाई पनि अझ बाह्य र आन्तरिक गरी दुई भागमा बाँडेर व्यक्तिको शारीरिक बनावट, आकार-प्रकार र त्यसभित्रनिहित शील, स्वभाव र आचरणलाई अध्ययन गर्न सकिन्छ । यस्तै सार्वजनिक वा सामाजिक व्यक्तित्वले समाजअनुरूप चलेर समाजका लागि विभिन्न कार्य गर्नुलाई बुझाएको छ । साहित्यकार सन्दर्भमा सार्वजनिक व्यक्तित्वलाई साहित्यिक र साहित्येतर व्यक्तित्व गरी दुई भागमा विभाजन गर्न सकिन्छ ।

साहित्यका कथा, उपन्यास, नाटक, समालोचना आदि विधामा जनु भूमिका वा योगदान हुन्छ । त्यो साहित्यिक व्यक्तित्व हो । साहित्यसँग सम्बद्ध नरहेर समाजमा जुन सामाजिक कार्य गरिन्छ, त्यसलाई साहित्येतर व्यक्तित्वभित्र राखेर हेर्न सकिन्छ ।[६४] सुवर्ण शाक्य नेपाली नेपाल भाषाका साहित्यका साथै नेपाली समाजका एक अग्रण्य सिर्जनशील व्यक्तित्व हुन् । यिनी उल्लेख्य समाजसेवी पनि हुन् । यिनले लगभग छ दशक जतिको समय साहित्यिक सिर्जनाका साथै सामाजिक सेवामा क्रियाशील रहेर आफ्नो व्यक्तित्वको निर्माण गरेको पाइन्छ । शाक्यका विभिन्न व्यक्तित्वलाई निजी र सार्वजनिक गरी दुई भागमा बाँडेर तिनलाई विभिन्न शीर्षक, उपशीर्षक गरी तल छुट्टाछुट्टै अध्ययन गरिन्छ ।

## ३.२.१ निजी व्यक्तित्व

प्रत्येक व्यक्तिको निजी व्यवहारसँग सम्बन्धित व्यक्तित्व नै निजी व्यक्तित्व हो । सामाजिक व्यक्तित्व बुझ्नका लागि पनि निजी व्यक्तित्वको पहिचान हुनु आवश्यक हुन्छ, किन भने व्यक्तिको नितान्त आफ्नो निजी व्यक्तित्वको छवी सामाजिक व्यक्तित्वको कणकणमा बगिरहेको हुन्छ । निजी व्यक्तित्वमा

[६४] जगदीश घिमिरेको जीवनी व्यक्तित्व र कृतित्व अप्रकाशित शोध ।

अन्तर्निहित हुने आन्तरिक तथा बाह्य पक्षको यथार्थ रूपमा सही ज्ञानका लागि व्यक्तिको बाह्य आकार-प्रकार र उसको शीलस्वभाव, आचरण र प्रवृत्तिका आधारमा अवलोकन गर्न उपयुक्त हुने भएकाले यहाँ पनि तदानुसार हेर्ने प्रयास गरिएको छ ।[६५]

## ३.२.१.१ बाह्य व्यक्तित्वः शारीरिक आकार-प्रकार

सुवर्ण शाक्य शारीरिक आकारका दृष्टिमा मझौला कद्का गहुँगोरो वर्णका देखिन्छन् । उनको हालको उचाई ५ फिट रहेको छ । उनको हालको उमेर ७२ वर्षको छ ।[६६] यिनको शरीर खाइलाग्दो आकर्षक मोटोघाटो छ । उनको चाक्लो अनुहार, साना आँखा, मोटो गम्म परेको शरीर, चिल्लो तथा हँसिलो अनुहारले उनमा सधैं चमक र आकर्षण थपेको छ । उनी सामान्य पोसाक लगाउन मन पराउँछन् । कुनै रोग व्याधी नभएको अवस्थामा उनको तौल .७३.... किलोग्राम रहेको छ ।[६७] उनको चस्मा लगाउने बानी छ । त्यस्तै यिनको कपाल सेतै फुलेको छ । यिनको हिडाइ अत्यन्त जाँगरिलो तथा आकर्षक प्रकारको छ, जसले गर्दा यिनको विशिष्ट व्यक्तित्वको पहिचान छुट्टै रूपमा देखिन्छ ।

## ३.२.१.२ आन्तरिक व्यक्तित्वः शीलस्वभाव, आचरण र प्रवृत्ति

सुवर्ण शाक्य बाह्य व्यक्तित्वका अतिरिक्त आन्तरिक व्यक्तित्वका हिसाबले पनि प्रखर छन् । उनी सबैसँग समान व्यवहार गर्दछन् । यिनले उच, नीच, धनी, गरिब तथा जाति, धर्म, संस्कृति, वर्ग आदिका आधारमा कुनैपनि भेदभाव राख्न चाहदैनन् ।[६८] यिनी पक्षपात रहित भएर प्रस्ट कुरा गर्न मन पराउँछन् ।[६९] यिनले

---

[६५] ऐजन ।

[६६] भुषण शाक्यद्वारा प्राप्त जानकारी ।

[६७] ऐजन ।

[६८] रोशन शाक्यद्वारा प्राप्त जानकारी ।

व्यक्तिलाई चिनेर उससँग कस्तो प्रकारको व्यवहार गर्नुपर्छ त्यस्तै प्रकारको व्यवहार देखाउँछन् ।[७०] आफूसँग नजानेको कुनै पनि विषयमा सोध्न आएका व्यक्तिलाई खुला हृदयले उचित सम्मानकासाथ सहयोग गर्दछन् ।[७१] यिनी कहिल्यै कसैसँग पनि रिसाउँदैनन् ।[७२] यिनी अत्यन्त नम्र स्वभावका छन् । यिनी बौद्धधर्ममा आस्था राख्ने व्यक्ति भएको हुनाले बौद्धसंस्कृतिअनुसारका कुरा गर्न मन पराउँछन् । कसैले बौद्धधर्म र व्यवहारका बारेमा कुरा उप्काएमा ऊसँग घण्टौँसम्म त्यसबारे प्रकाश पार्ने प्रवृत्ति उनको रहेको छ ।[७३]

"यथावादी तथाकारी मानसावाचा कर्मणा" अर्थात् मन ,वचन र कर्मले जे देख्छौ त्यही गर" भन्ने यिनको आदर्श रहेको छ ।[७४] यिनले समयलाई अत्यन्त महत्त्व दिन्छन् । बिहान उठेदेखि दिनभरिको आफूले गर्नुपर्ने कामको समय तालिका निर्माण गर्दछन् । आफूले बोलेको वचनमा कहिल्यै पनि नहार्ने यिनको बानी रहेको छ । समय वचनबद्ध व्यक्तित्वका धनी शाक्य जीवनलाई अत्यन्त सुखपूर्वक बिताउन सल्लाह दिन्छन् ।[७५] यिनले समाजमा भएका कुटनीति, भ्रष्टाचार र असन्तुलित व्यवहारको कडा प्रतिवाद गर्दछन् ।

परिवारको सभ्यताले समाज सभ्यताको निर्माण गर्दछ । समाजसभ्यताको निर्माणले देशको सभ्यताको निर्माण गर्दछ भन्ने यिनको धारणा रहेको छ । दीन-दुःखीलाई सहयोग गर्न यिनी साह्रै खुसी मान्दछन् ।[७६] यिनले नेपाली अङ्ग्रेजी,

---

[६९] भुषण शाक्यद्वारा प्राप्त जानकारी ।

[७०] शोधनायकी श्रीमती रत्ना शाक्यद्वारा प्राप्त जानकारी ।

[७१] ऐजन ।

[७२] ऐजन ।

[७३] रोशन शाक्यद्वारा प्राप्तजानकारी ।

[७४] शोधनायकबाट प्राप्तजानकारी ।

[७५] ऐजन ।

[७६] शोधनायकी श्रीमती रत्ना शाक्यद्वारा प्राप्तजानकारी ।

हिन्दी, संस्कृत  वक्तासँग खुलेर कुरा गर्न सक्छन् । यिनलाई नेवार परिकार असाध्यै मनपर्छ ।[७७] यिनलाई मिजासिलो, नम्र, धैर्यव्यक्ति असाध्यै मनपर्दछ । समाजमा यिनले बुद्धधर्मसम्बन्धी ज्ञानलाई व्यवहारमा उतार्न आग्रह गर्दछन् ।

यिनी विदेश भ्रमण गएका बेला आफूलाई सम्झनाका लागि पानी सङ्कलन गरेर ल्याउने र घरमा बोतलमा सजाएर राख्ने यिनको अचम्मको स्वभाव छ ।[७८] जुनदेशमा यिनी पुगेका थिए ती देशहरूमा बगेको पानी बोतलमा सङ्कलन गरेर ल्याई घरको कोठा सजाएको दृष्य अहिले पनि देख्न सकिन्छ ।

## ३.२.३ पारिवारिक व्यक्तित्व

सुवर्ण शाक्य परिवारमा एक असल अभिभावकको भूमिका निर्वाह गरिरहेका छन् । जागिरे जीवनमा छँदापनि घरको व्यवहारिक कुराहरूमा राम्रो ध्यान पुऱ्याउँथे । समाजका निम्ति आफ्नो जीवन नै समर्पित गरेको भए पनि परिवारलाई पनि उनी आफूदेखि खुसी नै राख्दथे । समय समयमा पारिवारिक भलाकुसारी गर्नमा र इष्टमित्र तथा नातागोतासँगको छलफलमा उनी ज्यादै रमाउँछन् ।[७९]  परिवारका सदस्यहरूबीच मेलमिलाप ,आपसी सद्भाव ,माया तथा अनुशासनका पक्षहरूलाई यिनले अत्यन्त महत्त्व दिन्छन् । यिनी  आवश्यक कुरामा मात्र बोल्ने गर्दछन् र आफ्ना परिवारका सदस्यहरूलाई थोरे बोल्नमा नै प्रेरणा दिन्छन् ।[८०]

---

[७७] ऐजन ।

[७८] ऐजन ।

[७९] शोधनायकी श्रीमती रत्ना शाक्यद्वारा प्राप्तजानकारी ।

[८०] रोशन शाक्यद्वारा प्राप्तजानकारी ।

## ३.८ साहित्यिक व्यक्तित्व

सुवर्ण शाक्यले विद्यालयमा पढ्दा संस्कृतभाषाको राम्रो अध्ययन गरेका थिए । यसबाहेक यिनले अङ्ग्रेजी र हिन्दीभाषा पनि सिकिसकेका थिए । यिनले नेवार भाषामा पनि केही कृतिहरू रचना गरेको जानकारी पाइन्छ तर नेपाली भाषामा रचना गरिएका कृतिहरू उत्कृष्ट रहेका छन् । शाक्यले वि

विद्यालयमा पढ्दा केही फुटकर कविता रचना गरेको जानकारी प्राप्त हुन्छ तर ती फुटकर रचनाहरू अप्रकाशित र हाल अनुपलब्ध छन् ।[८१] यिनको पहिलो प्रकाशित कृति कथासङ्ग्रह रहेको छ । यो कृति यिनले वि.सं. २०२०/०२२ तिर रचना गरेका थिए तर यसको प्रकाशन भने २०३१ सालमा भएको थियो । यस कथा सङ्ग्रहको शीर्षक **मासुको पोको** राखिएको छ ।[८२] त्यसपछि उनले क्रमश: साहित्यका उपन्यास, कविता, नाटक, निबन्ध, समालोचना जस्ता विधालाई विषय बनाएको पाइन्छ । यिनको धेरैजसो फुटकर रचनाहरू अप्रकाशित रूपमा रहेको जानकारी पाइन्छ । उनको साहित्यिक व्यक्तित्वलाई विभिन्न बुँदामा हेर्न सकिन्छ ।[८३]

## ३.४.१ कथाकार व्यक्तित्व

सुवर्ण शाक्यले आफ्नो साहित्यिक यात्राको औपचारिक रूपमा सुरुवात कथाबाट नै गरेका हुन् । यिनको पहिलो कथात्मक रचनाको शीर्षक **मासुको पोको** रहेको छ । यो एउटा कथासङ्ग्रह हो । यो वि.सं. २०३१ मा प्रकाशित भएको थियो ।[८४] त्यसपछि यिनको **बगलीमारा** कथासङ्ग्रह रचना गरेको जानकारी प्राप्त

---

[८१] शोधनायकबाट प्राप्तजानकारी ।

[८२] छत्रबहादुर कायस्थ “नेवार भाषा”,**नेपाल संस्कृत** , (वर्ष ५ , अङ्क ५,२०५१)पृ.१० ।

[८३] शोधनायकबाट प्राप्तजानकारी ॥

[८४] छत्रबहादुर कायस्थ ,पुर्ववत् ।

भएको छ तर यो कृति प्रकाशन भएको छन ।[८५] सुवर्ण शाक्यले यस विधालाई निरन्तर रूपमा अगाडि बढाएको देखिन्छ । यिनले **सुकेको आँसु** शीर्षकको कथात्मक कृति पनि रचना गरेको जानकारी पाइन्छ । यो पनि हाल उपलब्ध हुन सकेको छैन । यिनका कथामा नेपाली सामाजिक जनजीवनका सकारात्मक एवम् नकारात्मक पक्षको यथार्थ चित्रण पाउन सकिन्छ । यिनका कथामा सांस्कृतिक गतिविधि प्रेम र यौनमनोवैज्ञानिक दार्शनिक दृष्टिकोण आदि विषयवस्तु पाइन्छ । यिनका आफ्ना कथाहरूमा पात्रहरूको उचित सम्योजन गरिएको छ । पात्र अनुकूलको संवादको प्रयोग गरिएको छ । देश, काल र वातावरणको आन्तरिक एवम् बाह्य चित्रण यिनले आफ्ना कथाहरूमा गरेका छन् । यिनका कथा अत्यन्त सरल र सहज छन् । उनले यौनमनोविज्ञानलाई अत्यन्त रहस्यात्मक दृष्टिकोणले प्रस्तुत गरेका छन् । कथामा कतै सरल तथा संयुक्तवाक्य र कतै कतै मिश्रवाक्यको प्रयोग भएको छ । वर्णविन्यास प्रायः शुद्ध छ । बिम्ब, प्रतीकहरूको प्रयोग पनि उनले आफ्ना कथामा गरेका छन् । सामाजिक विकृतिप्रति व्यङ्ग्य हान्न उनका कथाहरू सफल देखिन्छन् । भाषाशैलीगतरूपमा उनका कथाहरू परिष्कृत र परिमार्जित छन् । उनले बोलचालको भाषालाई कथामा प्रयोग गरेका छन् । उनका कथामा नेवारी संस्कृतिको झलक देख्न पाइन्छ ।

यिनका कथाको उद्देश्यलाई हेर्दा समाजका यथार्थलाई आलोचनात्मक दृष्टिले प्रस्तुत गर्नु रहेको छ । समाजका विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । यौनमनोविज्ञानको सफल प्रस्तुति यिनका कथामा प्राप्त गर्न सकिन्छ ।

## ३.४.२ निबन्धकार व्यक्तित्व

सुवर्ण शाक्यले आफूलाई निबन्धकार व्यक्तित्वका रूपमा पनि चिनाएका छन् । उनको पहिलो निबन्धसङ्ग्रह **यौन र जीवन** हो । यो निबन्धसङ्ग्रह यिनले २६/२७

---

[८५] राजभक्त हिमालय,पुर्ववत् ।

वर्षे जवान हुँदा रचना गरेका थिए ।[८६] यस निबन्धको प्रकाशन भने २०३६ सलामा भएको थियो ।[८७] यस सङ्ग्रहमा ९वटा निबन्धहरू सङ्कलित छन् । यिनको दोस्रो निबन्ध सङ्ग्रह **बुद्धधर्म र व्यवहार** हो । यस निबन्ध सङ्ग्रहको प्रकाशन वि.सं २०६० मा भएको थियो । यस सङ्ग्रहमा ५१ वटा निबन्धहरू सङ्कलित छन् । यी बाहेक यिनले मातृभाषामा पनि निबन्धहरू प्रकाशित गरेका छन् । ती निबन्ध सङ्ग्रहको शीर्षक **नेवाः व व्यवहार २०६२** , **बुद्धधर्म वः व्यवहार** (२०६२) आदि राखिएको छ । यिनमा क्रमशः ४१ र ५९ वटा निबन्धहरू सङ्कलित रहेका छन् । यसपछि पनि यिनले आफ्ना निबन्धात्मक रचनाहरूलाई क्रमशः विस्तार गर्दै लगेको जानकारी पाइन्छ ।

यिनका निबन्धमा यौनमूलक विषयवस्तुदेखि लिएर समाजका सांस्कृतिक पक्षहरूलाई उजागर गर्दै धार्मिक विषयवस्तुलाई समेट्न पुगेका छन् । प्रारम्भिक चरणमा यिनले यौनमूलक विषयवस्तुलाई महत्त्व दिएको जानकारी प्राप्त हुन्छ भने पछिल्लो चरणमा आएर यिनले धार्मिक आस्था र विश्वासलाई महत्त्व दिएर निबन्धात्मक कृतिहरू रचना गरेका छन् । यिनको कथाविधा भन्दा निबन्धविधा उच्चकोटिको रहेको छ । यिनका निबन्धमा मूलतः दार्शनिक दृष्टिकोण प्रस्तुत गरिएको छ ।

## ३.८.३ समालोचक व्यक्तित्व

सुवर्ण शाक्यले नेपाली साहित्यको समालोचना क्षेत्रमा पनि कलम चलाएका छन् । उनको समालोचनात्मक कृतिको नाम **स्वर्गको दरबार पृथ्वीमा** रहेको छ । यस कृतिको प्रकाशन २०५३ सालामा भएको थियो । जोशी प्रिन्टिङ प्रेस ललितपुरद्वारा प्रकाशित यस कृतिमा शहीद शुक्रराज शास्त्रीको **स्वर्गको दरबार** कृतिमाथि सूक्ष्म विश्लेषण गरिएको छ । यस बाहेक यिनका अन्य समालोचनात्मक कृतिहरू

[८६] शोधनायकबाट प्राप्त जानकारी ।
[८७] छत्रबहादुर कायस्थ ,पुर्ववत पृ २२ ।

प्रकाशित भएको पाइँदैन । यही समालोचनात्मक कृतिका आधारमा शाक्यको समालोचनात्मक व्यक्तित्व केलाउनुपर्ने हुन्छ । यस कृतिको अध्ययनबाट शुक्रराज शास्त्रीले **स्वर्गको दरबार** रचना गर्नुको मूल उद्देश्य र लक्ष्य के हो ? भन्ने कुरा प्रस्ट रूपमा थाहा हुन्छ । शास्त्रीको समाज सुधारवादी विचार, नारीवर्गलाई हेर्ने समतामूलक दृष्टिकोण बौद्धिक विद्वतता सजिलैसित बुझ्न सकिन्छ । अतः यो पुस्तक राजनैतिक दृष्टिकोणले मात्र नभई ऐतिहासिक दृष्टिकोणले पनि महत्त्वपूर्ण छ । प्रजातन्त्र र समानताका पक्षधरहरूले मात्र नभई समाजमा प्रजातन्त्र र समानताको पक्षमा समाज र देशमा परिवर्तन ल्याउन चाहने जोसुकै सचेत नागरिकले पनि पढ्नुपर्ने र अरूलाई पनि पढाउनुपर्ने कृति नै **स्वर्गको दरबार पृथ्वीमा** हो ।[८८] यस कृतिमा शब्दचयन र वाक्यगठनमा समानता रहेको छ । यस कृतिभित्र शुक्रराज शास्त्रीका श्लोकहरूलाई हुबहु रूपमा व्यक्त गरिको छ र तिनको व्याख्या गरिएको छ । यस कृतिमा सरल, संयुक्त र मिश्रवाक्यका प्रयोग पाइन्छ । यस कृतिमा प्रायः छोटा अनुच्छेदहरू रहेका छन् ।

## ३.४.४ नाटककार व्यक्तित्व

सुवर्ण शाक्यले आफूलाई नाटककार व्यक्तित्वका रूपमा पनि चिनाउन सफल भएका छन् । यिनले ५वटा पूर्णाङ्की र २ वटा एकाङ्की नाटकहरू रचना गरेको जानकारी पाइन्छ । ती नाटकहरू मञ्चन पनि भएका थिए तर यिनका कुनै पनि नाटकहरू प्रकाशित भएको जानकारी पाइदैन ।

## ३.४.५ कवि व्यक्तित्व

सुवर्ण शाक्यले आफूलाई कवि व्यक्तित्वका रूपमा पनि चिनाउन सफल भएका छन् । यिनले विद्यालयमा अध्ययन गर्दा संस्कृत भाषाबाट पहिलो पटक कविता सिर्जना गरेको जानकारी दिएका छन् । यिनले यस भाषामा २००९ सालमा

[८८] सुवर्ण शाक्य, पूर्ववत् पृ.ज ।

कविता  रचना गरेका थिए । त्यसपछि क्रमशः नेवारी, नेपाली ,अङ्ग्रेजी भाषामा फुटकर रूपमा कविताहरू रचना गरेको जानकारी दिन्छन् । यिनी दरबार हाईस्कुलमा प्रधानाध्यापक हुँदा बालकहरूका निम्ति बालकविता सिर्जना गरेका थिए । जुन अङ्ग्रेजी भाषमा प्रकाशित भएको थियो । त्यसबेला नेवारी मासिक पत्रिकामा प्रकाशित यस कविताको शीर्षक Be Bright राखिएको थियो ।[८९] यिनका कविताहरूले समाजलाई उन्नतितर्फ लाग्न प्रेरित गरेका छन् ।

## ३.५ साहित्येतर व्यक्तित्व

सुवर्ण शाक्य साहित्यिक व्यक्तित्वका अतिरिक्त अन्य व्यक्तित्व पनि प्रबल रूपमा रहेको पाइन्छ । उनका यस्ता व्यक्तित्वहरू यसप्रकार छन् ।

### ३.५.१ समाजसेवी व्यक्तित्व

साहित्येतर व्यक्तित्वतर्फ शाक्यको अत्यन्त झाङ्गिएको व्यक्तित्वका रूपमा समाजसेवी व्यक्तित्व रहेको छ । उनी समाजका विभिन्न सङ्घ संस्थाहरूसँग सम्बन्धित रहेर सामाजिक क्षेत्रमा अत्यन्त महत्त्वपूर्ण योगदान गरेका छन् । उनले आफ्नो मुख्य धर्मका रूपमा मानवधर्मलाई स्वीकार गरेका छन् । उनी दीन दुःखीको सेवामा सदैव तल्लीन रहन्छन् । यिनले अबको आफ्नो मुख्य पेसाका रूपमा समाजसेवा रहेको बताउँछन् । यिनी हालसम्म १६ वटा सामाजिक सङ्घ संस्थाहरूमा संस्थापकका रूपमा रहेर काम गरेका छन् । यी बाहेक अन्य थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका सङ्घ-संस्थामा कार्य गरेका छन् ।

सुवर्ण शाक्यको समाजसेवी कार्यहरूलाई हेर्दा कुनै व्यक्तिविशेष समुदाय वा वर्गविशेषको हित हुने कार्य नगरेर उनले सिङ्गो मानवजातिको हित हुने कार्य गरेको देखिन्छ । उनले ओमबहालटोल तथा स्युचाटार टोल मा  विभिन्न सामाजिक

---

[८९] शोधनायकबाट प्राप्तजानकारी ।

कार्यक्रमहरू पनि सञ्चालन गर्दै आएका छन् । आफ्नो ज्ञान र क्षमताबाट प्रशस्त धन आर्जन गर्ने, सखुसयलपूर्वक जीवन यापन गर्न सक्ने क्षमता उनमा भएपनि त्यसो नगरेर उनले कुनै न कुनै सामाजिक सेवामा आफ्नो समय खर्च गरेका छन् । यसरी हेर्दा उनको साहित्यिक व्यक्तित्वभन्दा समाजसेवी व्यक्तित्व अझ प्रबल छ । आफ्नो योग्यता र क्षमताले सिङ्गो मानव जगत्लाई नै केही दिन सकौँ भन्ने समाजसेवी व्यक्तित्वको मुख्य ध्येय हो ।[९०] यसप्रकार शाक्यको समाजसेवी व्यक्तित्व प्रस्ट पार्न सकिन्छ ।

### ३.५.२ शिक्षक व्यक्तित्व

सुवर्ण शाक्यले करिब साढे पाँच दशक शिक्षकका रूपमा काम गरेका थिए । देशको राजधानीका विभिन्न सार्वजनिक विद्यालयहरूमा शिक्षकका रूपमा रहेर काम गरेका थिए । त्यसबाट यिनले शिक्षण पेसासम्बन्धी लामो अनुभव हासिल गरी वि.सं २०३१ असारमा प्रधानाध्यापकका रूपमा नियुक्ति भए । यिनी दरबार हाईस्कुलबाट सो पद हासिल गरेका हुन् । यस विद्यालयमा प्रधानाध्यापकका रूपमा प्रवेश गरेपछि विद्यालयको आर्थिक, भौतिक, प्रशासनिक जस्ता संरचनात्मक पक्षहरूमा उल्लेख्य सुधार गरेका थिए ।

यिनले गरेको विद्यालयको प्रशासनिक व्यवस्थापन पक्ष उल्लेख्य थियो । नयाँ प्र.अ.हुँदा शाक्यले आफ्नो अथक परिश्रम, साहसिलो कदम र कुशल नेतृत्व तथा शिक्षकहरूको सहाराले अध्ययन-अध्यापनको स्तर प्रशासन, आयस्रोतको जोहो, भौतिक, सुविधा, आदिमा क्रमिक सुधार गर्दै ल्याए । केही समयभित्रै भौतिक निर्माण-प्रयोगशाला, शौचालय, पुस्तकालयको नवीकरण, विजुली जडान, कार्यशाला, पालेघर, करेसाबारी, बगैंचा, चमेनाघरको निर्माण, स्कुल भवनको जिर्णोदार, नयाँतला र कक्षाकोठाहरूको थप ठूलो सभाकक्षको निर्माण, पहिलेको मजलिस घरको यथावत् मर्मत जस्ता कार्य  सम्पन्न गरेका थिए । त्यस्तै यिनको प्रवेशपछि प्रवेशिका

---

[९०] शोधनायकबाट प्राप्तजानकारी ।

परीक्षामा तेस्रो, चौथो र पाँचौ स्थनसम्म विद्यार्थीहरूले सफलता प्राप्त गरेका थिए ।[९१]

### ३.५.३ सम्पादक व्यक्तित्व

सुवर्ण शाक्य सम्पादकका क्षेत्रमा पनि चर्चित छन् । यिनले नेपाली भाषामा लेखिएका कुनै कृति, पत्रपत्रिका वा मुखपत्रहरू सम्पादन गरेको तथ्य त फेला पार्न सकिएको छैन तर पनि यिनले नेपाल भाषामा लेखिएका विभिन्न कृतिहरूको सम्पादन गरेका छन् । यिनले सम्पादन गरेका कृतिहरू निम्न छन् ।[९२]

१. चुली - कवितासङ्ग्रह
२. हः - कवितासङ्ग्रह
३. थाति - कवितासङ्ग्रह
४. कथा - कवितासङ्ग्रह

### ३.५.४ चिन्तक व्यक्तित्व

सुवर्ण शाक्य एक कुशल धार्मिक चिन्तक तथा दार्शनिक पनि हुन् । यिनले बुद्धधर्मसम्बन्धी ज्ञानलाई समाजहितका लागि उपयुक्त ढङ्गबाट व्याख्या गरेका छन् । बुद्धधर्मग्रन्थ **त्रिपिटक**मा वर्णित विभिन्न श्लोकहरूलाई नेपाली तथा मातृभाषा नेवार भाषामा समेत उल्था गरेका छन् । यिनले बुद्धले मानवकल्याणका निम्ति दिएको उपदेशको गहिरो अध्ययन गरी वर्तमान समाज सुहाउँदो गरी व्याख्या गरेका छन् । यिनले बुद्धप्रतिको मानिसको दृष्टिकोण सधैं ताजा राख्न समय सापेक्ष व्याख्या गर्दछन् । बुद्धधर्म र उनका ग्रन्थहरूको अध्ययन अन्वेषण गरी नेवार तथा नेपाली भाषामा प्रशस्त पुस्तकहरू प्रकाशित गरेका छन् । बुद्ध भगवान्प्रति ठूलो आस्था भएका शाक्यले जीवनमा सत्मार्गमा हिड्न प्रेरित गर्दछन् । यिनले देश, विदेशका विभिन्न स्थानहरूमा पुगेर प्रवचन दिने गर्दछन् । यिनको प्रवचनकला तथा शास्वत चिन्तनका कारण बुद्ध उपदेशहरू सदैव जीवन्त रहिरहने कुराप्रति मानिसहरू विश्वास गर्दछन् । यिनले बुद्धका चार आर्य सत्य, अष्टाङ्गिकमार्ग र दशशीलको

---

९१ दरबार हाईस्कूल , **दरबार हाईस्कुलः संक्षिप्त झलक**,प्र.सं.,(काठमाडौंःदरबार हाईस्कुल, २०५२)पृ. ८ ।

९२ सुवर्ण शाक्य, पूर्ववत् ।

पालना गर्दा मानिस कहिल्यै पनि दु:खी  हुनु नपर्ने कुराप्रति विश्वास दिलाउन चाहन्छन् ।  बुद्धधर्म जनुसुकै युग आए पनि यसको सान्दर्भिकता उत्तिकै महत्त्वपूर्ण रहने कुराप्रति  दृढ रहने शाक्यले सधैं सत्य, अहिंसा, असल कर्म, मिहिनेती तथा अनुशासित  रहन सल्लाह दिन्छन् ।  जीवनको उत्तरार्द्धमा  पनि यिनी उक्त धर्मसँगै सम्बन्धित  अनेकौं संस्थाहरूमा आबद्ध भई सक्रिय जीवन गुजारिरहेका छन्  ।

## ३.५.५ जीवनी र व्यक्तित्वबीच अन्त:सम्बन्ध

सुवर्ण शाक्यका जीवनका उकाली-ओराली,अध्ययन र अनुभवले सँगालेका कुराहरूलाई नै आफ्ना रचनाको रूप दिएका छन् । उनको बाल्यकालीन लगनशील स्वभाव वयस्क अवस्थामा पनि कायम रहेको देखिन्छ । बाल्यावस्थामा देउसी, भैलो, जात्रा, पर्वहरूमा सहभागी हुने प्रवृत्तिले गर्दा संस्कृतिको जर्गेना गर्नतर्फ उनी जीवनभर लागेका छन् । आफ्नो जागिरे जीवनको लामो अनुभवबाट सिकेका कुराहरूलाई साहित्यमा व्यक्त गरेका छन् । उनको बाल्यकालीन अवस्था बितेको काठमाडौं उपत्यकाको परिवेश उनका रचनामा प्रशस्त मात्रामा देखापर्छ । उनी शिक्षा क्षेत्रमा काम गर्दा केही व्यक्तिहरूको त्यसप्रतिको त्याग र तपस्याबाट प्रेरित भएर अन्य संस्थामार्फत सामाजिक सेवातर्फ आकर्षित भएका थिए । उनको रुचिको क्षेत्र संस्कृति, साहित्य र धर्मको क्षेत्रमा आफूलाई समाहित गर्दै बुद्धदर्शनको उपयोगिताका निम्ति यिनी अग्रसर भएको देखिन्छ । शाक्यले आफूलाई बुद्धका सन्तान मान्दछन् । त्यसैले शाक्यमुनि बुद्धको उपदेशहरूको पालना गरी सुखमय जीवन जिउन आग्रह गर्दछन् । वास्तवमा जीवन यथार्थ हो र सोही जीवनको यथार्थसँग गाँसिएका घटनाक्रम र अनुभूतिहरू, मूल्यमान्यता र आस्था नै उनका कृतिमा प्रतिबिम्बित भएको छ ।  त्यसैले उनको जीवनी र व्यक्तित्व आपसमा पूर्णत: सम्बन्धित र अन्योन्याश्रित छन् ।

# चौथो परिच्छेद

# सुवर्ण शाक्यको कृतित्वको अध्ययन

## ४.१ सुवर्ण शाक्यको कृतित्वको अध्ययन

सुवर्ण शाक्य नेपाली कथा, निबन्ध र समालोचना क्षेत्रमा देखा परेका साहित्यकार हुन् । यिनका हालसम्म नेपाली भाषाका नेपाली भाषाका चारवटा कृतिहरू प्रकाशित भएका छन् । यिनले सर्वप्रथम वि.सं.२०३१ मा **मासुको पोको** शीर्षकको कथासङ्ग्रह प्रकाशित गरेर साहित्यक्षेत्रमा प्रवेश गरेका थिए । यस सङ्ग्रहमा पाँचवटा कथाहरू समावेश छन् । यिनका कथाको मूल विषय यौनमनोविज्ञानमूलक रहेको छ । यिनले वि.सं. २०३६ मा **यौन र जीवन** निबन्धसङ्ग्रहको प्रकाशन गरेका थिए । यस सङ्ग्रहमा नौवटा निबन्धहरू सङ्कलित छन् । यी निबन्धहरूमा पनि यौनमूलक विषयवस्तुलाई प्राथमिकता दिइएको छ । त्यस्तै वि.सं. २०५३ मा **स्वर्गको दरबार पृथ्वीमा** शीर्षकको समीक्षा कृति प्रकाशित गरेका थिए । शहीद शुक्रराज शास्त्रीको **स्वर्गको दरबार** कृतिको प्रभावस्वरूप उक्त कृति प्रकाशित गरेका थिए । यिनले चौंथो रचनाका रूपमा वि.सं २०६० मा **बुद्धधर्म र व्यवहार** शीर्षकको निबन्धसङ्ग्रह प्रकाशित गरेका थिए । यस कृतिमा शाक्यमुनि बुद्धका उपदेशहरूको समय सान्दर्भिक चर्चा गरिएको पाइन्छ ।

## ४.२ कथाको सैद्धान्तिक स्वरूप

साहित्यिक विधाका रूपमा मान्यता प्राप्त कथाको आफ्नै सैद्धान्तिक ढाँचा छ । पूर्वीय तथा पाश्चात्यजगत्मा पुराना कथाको अतिप्राचीन परम्परा पाइन्छ ।[९३] आधुनिक कालमा विकसित कथा प्राचीन लोककथाको विकसित एवम् विस्तारित रूप हो । लेख्य रूपमा कथाको सुरुवात पूर्वका वेदमा कथाका संक्षिप्त कथा सूत्रहरू

[९३] दयाराम श्रेष्ठ, **नेपाली कथा भाग ४,** दो. सं., (काठमाडौंः साझा प्रकाशन, २०६०) पृ. ६ ।

प्रशस्त पाइन्छन् । **हितोपदेश** सोमदेवको **कथा सरित्सागर** आदि प्रसिद्ध छन् । यसैगरी पश्चिममा पनि कथाको इतिहास वाङ्मयको जत्तिकै पुरानो छ । कथा साहित्य-अन्तर्गतको एक स्वतन्त्र विधाका रूपमा भने १९औँ शताब्दीदेखि विकसित हुन थाल्यो । त्यसपछि यसको परिभाषा, स्वरूप, तत्त्वहरू आदिका बारेमा विश्लेषण हुन थालेको पाइन्छ ।[९४] नेपाली साहित्यमा पनि यो विधा विश्वसाहित्यको प्रभावका रूपमा नै लिखित स्तरमा आएको छ ।

कथालाई साहित्यिक विधाका रूपमा पहिचान गरेपछि विद्वान्हरूले यसको परिभाषा गरेका छन् । विद्वान्हरूले गरेका परिभाषाहरू यसप्रकार छन् -

एड्गर एलेन पो -"कथा भनेको एउटा यस्तो कथात्मक कृति हो जुन छोटो हुनाले एक बसाइमै पढेर सिद्ध्याउन सकिन्छ । पाठकमा एउटा प्रभाव जमाउनका निम्ति यो लेखिन्छ र यसरी प्रभाव जमाउन बाधा पार्ने सबै कुराहरू यसमा रहन दिइँदैन । यो आफैमा पूर्ण हुन्छ ।"

ब्रेन्डर म्याथ्युज -"कथाले अन्ततः एकै मात्र चरित्र वा एउटै परिस्थितिबाट अद्भूत विभिन्न संवेगहरूको श्रृङ्खलासँग मात्र सरोकार राख्दछ । यस विधामा अङ्गगत समन्विति हुन्छ ।"

आर. के. लगू.- "आधुनिक कथा एक चेतनशील साहित्यिक प्रयास हो, यो एउटा चलाखीपूर्वक योजना गरिएको कलात्मक उपलब्धि हो ।"

लक्ष्मीप्रसाद देवकोटा- "छोटो किस्सा एउटा सानो आँखीझ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ . . . थोरैमा मीठो र भरिलो हुनु छोटो किस्साको बानी हो . . . यो जत्तिको समाजसुधारक र मनुष्यउपर प्रभावकारी कुरा अरु छदै छैन कि भन्ने जस्तो लाग्दछ । यसैमा सबै रस निकाल्न सकिन्छ . . . यसमा कला छ . . . यसको ढङ्ग नाटकीय हुन्छ । चट्ट जीवनलाई एक दृश्यमा छुन्छ ।"

---

[९४] देवीप्रसाद गौतम, **नेपाली कथा**, प्र. सं., (काठमाडौं: नवीन प्रकाशन, २०६०), पृ. १ ।

उपर्युक्त परिभाषाहरूका अतिरिक्त एच. ई.विट्स, जाने फास्टर, फाउलेन, चेखोव, प्रेमचन्द्र आदिले पनि आ-आफ्नो दृष्टिकोणबाट कथालाई हेरेका छन् । कथा एक आख्यान साहित्यअन्तर्गतको एक स्वतन्त्र विधा भएकाले यसका आफ्नै विधागत तत्त्वहरू हुन्छन् । कथाले आफ्नो आकार लिनका लागि विभिन्न प्रकारका तत्त्वहरूको समायोजन हुन आवश्यक हुन्छ । यी तत्त्वहरूमध्ये कथाको एउटा महत्त्वपूर्ण तत्त्व वा घटकलाई पनि प्रभाव पार्दछ । वास्तवमा कथावस्तु कथाकारको विचार, धारणा वा अनुभूतिको मूर्त अभिव्यक्ति हो । यसको अभावमा कुनै पनि कथा सजीव हुन सक्दैन । कथाका तत्त्वहरूमध्ये अर्को तत्त्व हो कथानक । कथावस्तुलाई श्रृङ्खलित गर्ने काम यसले गर्दछ । कथाभित्रनिहित आख्यानतत्त्व नै कथानक हो । त्यस्तै पात्र पनि कथाको महत्त्वपूर्ण तत्त्व हो । कथावस्तुको भोक्ताका रूपमा पात्रको प्रयोग गरिन्छ । पात्रहरू मानव र मानवेत्तर जुनसुकै पनि हुन सक्छन् । त्यस्तै परिवेश पनि कथाको महत्त्वपूर्ण तत्त्व हो । परिवेशमा कुनै घटनाका सम्बन्धमा स्थान, समय, परिस्थिति आदिलाई समावेश गरिन्छ । कथामा भाषाशैली, द्वन्द्व, दृष्टिबिन्दु, उद्देश्य, कुतूहलता, विचार आदि तत्त्वहरूको पनि समावेश गरिएको हुन्छ, जसले कथालाई मूर्त रूप प्रदान गर्न सहयोग पुऱ्याएका हुन्छन् ।[९५]

कथालाई विषयवस्तु प्रस्तुतिका आधारमा रुचिक्षेत्र र रीतिक्षेत्र गरी दुई भागमा वर्गीकरण गरिएको पाइन्छ ।[९६] कुनै विषयवस्तु वा घटनाप्रतिको कथाकारको रुचिको विषय र कथा व्यक्त गर्ने ढाँचा वा शैलीअन्तर्गत रीतिक्षेत्र भनी विश्लेषण गरिन्छ । वास्तवमा कथा एक्लो स्वतन्त्र तथा कुनै साहित्यका विधासँग असम्बन्धित होइन । यसमा कथावस्तु, आख्यान, पात्र आदि स्वाभाविक रूपमा रहने हुनाले यो विधा उपन्यास, कथा , नाटक, निबन्ध, कविता आदि विधासँग सम्बन्धित रहेको हुन्छ ।

---

[९५] ऐजन ।

[९६] दयाराम श्रेष्ठ, पूर्ववत् पृ ६ ।

## ४.३ कविताको सैद्धान्तिक स्वरूप

कवि शब्दमा य (व्यत्) प्रत्यय लागेर काव्य शब्द बन्दछ । काव्य शब्दले कविद्वारा गरिएको पद्यात्मक वा गद्यात्मक रचनालाई बुझाउँछ । अर्को शब्दमा भन्दा कविको सिर्जनालाई काव्य कविता भनिन्छ । यस आधारमा कविद्वारा सम्पन्न कार्य नै काव्य हो । काव्य वा कविताका सम्बन्धमा पूर्वीय एवम् पाश्चात्य विभिन्न विद्वान्हरूले चिनाएको पाइन्छ । कविताका सम्बन्धमा सबै आचार्यहरूको परिभाषामा मतैक्य नभए तापनि काव्य कविद्वारा रचिएको कृति वा कविकर्म भन्ने कुरा पूर्व र पश्चिमका पहिलेदेखि अहिलेसम्मका आचार्यहरूमा सहमति रहेको छ ।

साहित्यको ललितकलाअन्तर्गत पर्ने काव्यको लामो परम्परा छ । पूर्वमा **अग्निपुराण** र पश्चिममा एरिष्टोटलको काव्यशास्त्र व्रत काव्यसम्बन्धी सैद्धान्तिक परम्पराको जग बसाल्दै काव्यलाई परिभाषित गर्ने र त्यसको लक्षण निर्धारण गर्ने काम हुँदै आएको छ । यहाँ काव्य सम्बन्धमा केही महत्त्वपूर्ण परिभाषहरू प्रस्तुत गरिएको छ ।[१७]

- सङ्क्षेपमा भावाभिव्यक्त गरिने अलङ्कार र गुणले युक्त एवम् दोष मुक्त पदावली नै काव्य हो । -अग्निपुराण
- शब्द र अर्थले युक्त पदावली काव्य हो । - भामह
- रसात्मक वाक्य काव्य हो । - विश्वनाथ
- काव्य शान्तिका क्षणमा संस्मरण गरिने प्रवल मनोवेगको स्वच्छन्द प्रवाह हो । -वर्डस्वर्थ
- भावनाको बौद्धिक कोमलता कविता हो । - बालकृष्ण सम

---

[१७] खगेन्द्रप्रसाद लुइटेल, **नेपाली कविता**, प्र.सं. (काठमाडौँः विद्यार्थी पुस्तक भण्डार, २०५४), पृ. ३ ।

कविताका विधागत भेदमध्ये मुक्तक र फुटकर कवितादेखि खण्डकाव्य, महाकाव्यसम्मको स्वरूपलाई ध्यानमा राख्दा कविताका घटक निम्नलिखित मुख्य पक्ष वा तत्त्व देखापर्दछन् -

१. शीर्षक

२. संरचना

३. लयविधान

४. भाषाशैली

५. कथनपद्धति

६. केन्द्रीय कथ्य र त्यसका सन्दर्भसामग्री तथा भावविधान

७. बिम्बविधान तथा अन्य अलङ्करण प्रविधि

८. व्यजना

९. विधागत स्वरूप तथा आयाम

यी पक्षहरू परस्पर अनुस्युत वा आबद्ध रहने गर्दछन । [१८]

## ४.४ नाटकको सैद्धान्तिक स्वरूप

पूर्वीय नाट्यशास्त्रका आचार्य भरतअनुसार नाटक शब्दको उत्पत्ति संस्कृतको नट् धातबाट भएको हो । यस्तै संस्कृतकै रामानन्द गुणचन्द्र आदि आचार्यहरूले पनि नट् धातुबाटै नाटक भएको व्युत्पत्ति गरेको भेटिन्छ । यसका विपरीत पाश्चात्य विद्वान्हरूमध्ये बेबर र मोनियर विलियम्सले मूलधातु नृत् हो । नट् र

[१८] वासुदेव त्रिपाठी, **नेपाली कविता, भाग ४** , चौ..सं. (काठमाडौँ: साझा प्रकाशन, २०६०), पृ. १७।

नाट् धातु यसै नृत् धातुका विकारी रूप हुन् भनेका छन् । यस्तै धनन्जयले नृत्तताललयाश्रयम् अर्थात नृत्य, ताल र लयअनुसार नाटक आश्रित हुन्छ भनेका छन् । नृत्लाई भाव आश्रित र नाट्यलाई रसाश्रित स्वीकार गरिन्छ । यसबाट स्पष्ट हुन्छ नाटकको सम्बन्ध नृत्सित अवश्य छ र जब त्यससँग नाटकको सहयोग हुने गर्छ, तब त्यो नृत्य बन्ने गर्दछ । नाटकको मूल रूपमा यी सबैको स्थिति अनिवार्य मानिन्छ । यसर्थ दश रूपककार धनन्जय भन्छन्- अवस्थानुकृति- नार्टयम् अर्थात अवस्थाविशेषको अनुकरण नै नाट्य अथवा नाटक हुने गर्छ । यस किसिमको व्युत्पत्ति लक्ष्य अर्थका आधारमा नाटक शब्दको परिभाषा गर्ने प्रयास अनेक पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले पूर्ण सफलताका साथ गर्ने गरेका छन् ।

- जुन साहित्यिक अभिनेय विधामा स्वभावले नै लोकजीवनका सुख, दुःख समन्वित हुन्छन् र जसको अङ्ग आदिले अभिनय गरिन्छ, त्यसलाई नाटक भनिन्छ । - आचार्य भरतमुनि

- जब काव्यलाई गीतादिले (अचेलगी तादिलाई नाटकमा अनुभूति विम्बनमा बाधकरूपी मानी अस्वाभाविक ठानी बहिष्कार वर्जित गरिएको स्तुतिहरू रञ्जित गरेर नटहरूद्वारा त्यसको अभियन/प्रदर्शन गरिन्छ; त्यसलाई नाटक भनिन्छ । - महिम भट्ट

- स्वभाव स्वरूप बिम्ब, युग, आकृति तथा त्यसको प्रभाव प्रतिबिम्बित गर्ने दर्पण नै नाटक हो । - शेक्सपियर

यसप्रकार भन्न सकिन्छ रसानुभूतिका लागि मात्र अभियनात्मक प्रयास नै नाटक होइन, बरु त्यो समग्र जीवनको समस्त अनुभूतिहरूलाई बिम्बित गर्ने दर्पण हो तर अचेलको नाटक त समग्र छैन कुनै एक अनुभूति बिम्बलाई उजागर गर्ने बन्दै गइरहेछ । संस्कृत नाट्यशास्त्र परम्परामा दृश्यकाव्यअन्तर्गत तीन

तत्त्वलाई नै नाटकीय तत्त्व मानिएको छ । तर आजको नाटक संस्कृत परम्परबाट विकसित भएर पाश्चात्य साहित्य परम्परबाट विकसित एक नवीन साहित्यिक विधा हो भने पश्चिमको विकसित परम्पराअनुसार यसका घटना, कार्य र पात्रहरूको क्रियाकलाप संवाद आदिलाई देश, कालअनुरूप क्रियाव्यापारमा संयोजन गर्ने कथावस्तु, कथावस्तुको भोक्ताका रूपमा पात्र, चरित्रका बीच एकअर्कामा हुने कुराकानी संवाद, स्थान समयविशेष र वातावरणबाट सामाजिक, पारिवारिक धार्मिक आर्थिक, राजनीतिकजस्ता जीवनमूल्यसित सम्बन्ध राख्ने परिस्थिति र विभिन्न किसिमका जीवन्त पर्यावरण, नाटकमा प्रयोग गरिने भाषाशैली, फलप्राप्ति वा उद्देश्य आीद यसका तत्त्वहरू हुन् ।[९९]

## ४.५ *मासुको पोको* कथासङ्ग्रहको विवेचना

### १. *मासुको पोका* कथासङ्ग्रहको परिचय

कथाकार सुवर्ण शाक्यद्वारा लिखित **मासुको पोको** शीर्षकको कथासङ्ग्रह वि.सं २०३१ मा प्रकाशित भएको हो । यस सङ्ग्रहमा जम्मा पाँचवटा छोटा कथाहरू समावेश गरिएका छन् । काठमाडौंको न्यू प्रिन्टिङ्ग प्रेस, ओमबहाल टोलद्वारा मुद्रण गरिएको यस कृतिको प्रथम पटक एक हजारप्रति प्रकाशित गरिएको थियो । यस सङ्ग्रहमा समावेश भएका कथाहरू अत्यन्त छोटा भएका हुनाले सङ्ग्रहको आकार पनि सानो देखिन्छ । सर्वाधिकार लेखकमा नै सुरक्षित रहेको प्रस्तुत कृतिको मूल्य रु. एक रूपैयाँ पचास पैसा कायम गरिएको थियो ।

यस सङग्रहमा यौनसम्बन्धी सामाजिक विसयवस्तुलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । कथामा अभिव्यक्त कुनै-कुनै घटनाहरूमा यौनको नग्न उपस्थिति पनि देखापर्दछ । विषयवस्तुलाई प्रस्तुत गर्ने क्रममा शाक्यले युगीन चाहनालाई पनि त्याग्न सकेको देखिँदैन । यस क्रममा समाजमा प्रेमको बहानामा धोका दिनेहरूको

[९९] केशवप्रसाद उपाध्याय, **नेपाली एकाङ्की,** भाग ३ ते.सं.. (काठमाडौँ: साझा प्रकाशन, २०५८), पृ. च ।

प्रवृत्तिमाथि सूक्ष्म दृष्टिले विश्लेषण गरिएको छ । युवा पुस्ताका चाहना, आकांक्षा तथा चारित्रिक यथार्थमाथि पनि प्रकाश पारिएको छ साथै यिनले समाजमा विभिन्न पेसामा आबद्ध रहेका व्यक्तिहरूको क्रियाकलापको पनि चित्रण गरेका छन् । नेपाली समाजमा भित्रिएको पश्चिमी शैलीप्रति कथाकार सन्तुष्ट छैनन् । यिनै विविध विषयमा आधारित भई यस कथासङ्ग्रहको निर्माण गरिएको छ ।

यस कथासङ्ग्रहका कथालाई शीर्षक र भावगतसङ्गति, कथावस्तु, चरित्र चित्रण, संवाद, देशकाल र परिस्थिति, भाषाशैली र उद्देश्य आदिका आधारमा विश्लेषण गरिन्छ ।[१००]

## ४.५.१ ***मासुको पोको*** **कथाको विश्लेषण**

**मासुको पोको** कथा वि.सं २०३१ मा प्रकाशित **मासुको पोको** नामकै कथासङ्ग्रहभित्र सङ्कलित प्रथम कथा हो । कथाकार सुवर्ण शाक्यको प्रस्तुत कथामा शीर्षक र त्यसको विषयगत भावलाई हेर्दा शीर्षक सार्थक रहेको देखिन्छ । कथाको शीर्षकको औचित्य कथाको अन्त्य भागमा मात्र पुष्टि हुन्छ । कथामा सुरुदेखि नै रहस्यमय घटनाहरूको संयोजन भएको छ । कथाले विषयवस्तुको अन्ततः सङ्गति बहन गर्न सक्षम छ । कथाको प्रस्तुतिगत ढाँचा रैखिक भएको हुनाले साधारण पाठकको पनि सजिलै बुझ्न सक्ने देखिन्छ । कथाको शीर्षक यौनको प्रतीकात्मक रूपमा आएको छ ।

कथाकार सुवर्ण शाक्यले यौनमनोविज्ञानका विविध पक्षलाई लिएर कथानक निर्माण गरेका छन् । यस कथामा युवा पिंढीमा देखापर्ने तीव्र यौन आकांक्षा र त्यसलाई पूर्ति गर्न आफ्नो भए भरको सम्पत्तिसमेत हिनामिना पार्न पछि नपर्ने प्रवृत्तिको उजागर गरिएको छ । मान्छे यौनप्रेमी भए तापनि त्यसलाई ठीक ठाउँमा प्रयोग गर्न नजान्दा यस कथाको सुमन नामको पात्रको सम्पत्ति तथा

---

[१००] दयाराम श्रेष्ठ, पूर्ववत्, पृ. ९ ।

पारिवारिक संरचना नै भताभुङ्ग भएको छ । उसकी श्रीमतीले छाडेकी हुनाले ऊ मानसिक रूपमा विक्षिप्त भएको छ । यौनको उत्कट अभिलाषाले गर्दा ऊ सहरमा रात्रिविलासमा मस्त रहन्छ । कही समयपछि उसलाई क्षयरोग लाग्छ र ऊ भित्रभित्र छटपटिन्छ, आत्तिन्छ र आफ्ना अभिलाषाहरूलाई ठूलो प्रयासपछि डाक्टरलाई सुनाउँछ । डाक्टरले ठूलो प्रयास गर्दा पनि बिरामी ठीक नभएको कारण पत्ता लगाउँछ । ऊ झन्केर बाहिर निस्कन्छ तर पनि सुमनको यौन आकांक्षामा कमी आएको छैन । ऊ झन्झन् मानसिक रूपमा आक्रान्त हुँदै जान्छ । एकदिन उसले आफूलाई नियमित स्याहार सुसार गर्ने नर्समाथि दुर्व्यवहार गर्ने प्रयास गर्छ तर नर्स भने चुपचाप त्यहाँबाट हिँड्छे । त्यसपछि सुमनलाई आनन्दको महसुस हुन्छ । उसले आफूलाई लागेको रोगले एकै दिनमा छोडेजस्तो महसुस हुन्छ । ऊ आनन्दले सुतिरहेको हुन्छ । उसलाई अर्को दिन उनै नर्सले एउटा अचम्मको वस्तु ल्याएर हातमा राखिदिन्छिन् । ऊ झनै उत्सुक हुन्छ । त्यो रहस्यमय पोकोका बारेमा जान्न मन लाग्छ । उसले आनन्द मान्दै पोको फुकाउँछ । त्यसमा काँचो मासु रहेको हुन्छ । त्यसपछि ऊ आश्चर्य चकित हुँदै कराउन थाल्छ । कथाकारले यस कथामा समाजमा यौनविकृतिले मानिसको जीवनलाई नै खतरामा पार्ने कुरालाई औँल्याएका छन् । सुमनजस्तो यौनले विकृत भएको तथा नर्सजस्तो संयमित पात्रको संयोजन गरेर कथालाई अगाडि बढाएका छन् । वास्तवमा सुमनको यौन आकषर्णलाई नर्सले धैर्यताका साथ सामना गरेर उसको जीवनलाई नै परिवर्तन गर्न सफल भएकी छन् ।

यस कथामा विविध पात्रहरूको प्रयोग गरिएको छ । सुमन यस कथाको वर्गीय तथा मञ्चीय पात्रका रूपमा देखापरेको छ । त्यस्तै डाक्टर, नर्स व्यक्तिगत पात्रका रूपमा देखापरेका छन् । यस कथामा जम्मा चारवटा मानवीय पात्रको उपस्थिति देखिन्छ । सुमन, डाक्टर र नर्स मञ्चीय पात्रका रूपमा देखापरेका छन् भने स्वास्नी नेपथ्य पात्रका रूपमा देखापरेकी छ । कथामा व्यक्त भएका प्रत्येक पात्रले आफ्नो पेसा सुहाउँदो व्यवहार गरेका छन् । जस्तै डाक्टर तथा

नर्स अस्पतालमा काम गदर्छन् । बिरामीहरूको हेरचाह गर्ने तथा निको पार्ने उनीहरूको कर्तव्य हो । बिरामीहरूलाई भौतिक तथा मानसिक रूपमा उपचार गराएर निको पार्ने उनीहरूको कर्तव्य हो । उनीहरू आफ्नो कर्तव्यबाट पछि हटेका छैनन् । बिरामीहरूलाई भौतिक तथा मानसिक रूपमा उपचार गराएर निको पार्ने उनीहरू दिनरात खटिरहेका हुन्छन् । डाक्टर सुमनको उपचारमा खटिनुले अनुकूल पात्र जस्तो लाग्छ तर सुमनको मानसिक अवस्था बुझ्न नसकी झन्केर हिड्नुले कथामा डाक्टर प्रतिकूल पात्र हो भने नर्स सुमनको उपचार गर्न सफल भएकी अनुकूल पात्र हो ।

यस कथामा संवादको अंश अत्यन्त झिनो छ । संवादको अंश अत्यन्त सीमित ठाउँमा देखापर्दछ । कतिपय संवादहरू कथाकार आफूले वर्णन गरेका छन् । संवादको यथोचित वितरण यस कथामा पाइँदैन । कथामा नर्स र सुमनका बीच थोरै मात्र संवाद भएको पाइन्छ । जस्तै :

नर्सः आज कस्तो छ ?

सुमनः ठीकै छ ।

यस कथामा संवादको अंश भनेको सुमन र नर्समा मात्र सीमित छ । कथाको अन्त्यमा पनि नर्सले सुमनलाई दिएको रहस्यमय पोको र सुमनको प्रतिक्रिया यस्तो छ । जस्तै :

नर्स- किन फुकालेको रुमाल ?

मासुको पोको हो ।

यस कथामा सहरिया परिवेशको चित्रण गरिएको छ । सुमनले रात्रीविलासका निम्ति आफ्नो भएभरको सम्पत्ति नाश गर्नु, बिरामी पर्दा अस्पतालमा तुरुन्त भर्ना हुनु र डाक्टर तथा नर्सले राम्रो हेरचाह गर्नु , खाली यौन आकांक्षामा नै

चिन्तित हुनु आदि घटनाहरूले सहरिया परिवेशको छनक दिन्छ । यस कथामा उच्चवर्गीय समाजको चित्रण गरिएको छ । कथाकारले बाह्यजगत्भन्दा आन्तरिकजगत्को सशक्त मात्रामा उपस्थित गराएका छन् । वास्तवमा कथाकारले सुमनको यौनमनोविज्ञानलाई राम्ररी बुझेर यस कथामा व्यक्त गरेका छन् । सुमनको मनमा उब्जेका यौनआवेगहरूका बीच द्वन्द्व सिर्जना भएको छ । त्यसैले कथाकार शाक्य पात्रको आन्तरिकजगत्को विश्लेषण गर्नमा अत्यन्त सफल छन् ।

कथाकारले कथावस्तुका घटनाहरूको भोक्ताका रूपमा सुमन भन्ने पुरुष पात्र खडा गरेका छन् । उसका मनमा उब्जेका यौनआवेगहरूलाई सफल रूपमा प्रस्तुत गरिएको छ । त्यसैले यस कथामा बाह्य तथा सीमित दृष्टिबिन्दुको प्रयोग गरिएको छ भन्न सकिन्छ । कथाकार शाक्यको प्रस्तुत कथा कूतूहलताका दृष्टिले अत्यन्त सफल देखिन्छ । कथा पढ्दै जाने क्रममा प्रत्येक घटनाक्रममा रोचक प्रसङ्गहरू जोडिन आउँछन् । सुमनले रात्रीविलासमा सम्पत्ति र स्वास्नी गुमाइसकेपछि बिरामी पर्दछ । डाक्टरको प्रयास असफल हुन्छ । सुमनका मनमा खेलिरहेका यौन आवेगहरू कसरी बाह्य रूपमा प्रस्तुत हुन पुग्छन् ? भन्ने विषयहरू अत्यन्त रोचक रूपमा आएका छन् । कथा अध्ययन गर्दा सुमन र नर्सबीचको मानसिक द्वन्द्व कसरी प्रकट हुन्छन् ? भन्ने विषय पनि उत्तिकै कूतूहलतपूर्ण लाग्छ । कथाको आदि, मध्य र अन्त्य भागमा पाठकका मनमा अब के होला ? अब के होला ? भन्ने जिज्ञासा भइरहन्छ । प्रस्तुत कथा रैखिक ढाँचामा अगाडि बढेको हुनाले पनि कथावस्तु बुझ्न पाठकलाई हम्मे पर्दैन । कथाले पाठकलाई उत्सुकता जगाउन सफल भएको छ ।

प्रस्तुत कथा अत्यन्त सरल छ । सामान्यतया कथाभरि नै छोटा-छोटा वाक्यहरूको प्रयोग गरिएको छ । सामान्य जनजीवनमा प्रयोग हुने भाषाको प्रयोग भएको छ । कथा सरल र संयुक्तवाक्यले युक्त छ । कुनै कुनै स्थानमा अङ्ग्रेजी तथा हिन्दी जस्तै डाक्टर, नर्स, इन्तजार आदि शब्दहरूको प्रयोग पाइन्छ । कथामा

घटनाहरू क्रमबद्ध रूपमा प्रस्तुत भएका छन् । कथाको शीर्षक यौनको प्रतीकका रूपमा आएको छ । शीर्षक र विषयवस्तुका बीच तालमेल भएको देखिन्छ । त्यसैले कथामा प्रतीकात्मक शैलीको प्रयोग भएको छ भन्न सकिन्छ ।

यस कथाको उद्देश्य कतिपय अवस्थामा मानिस मानसिक रूपमा घाइते हुनसक्छ । त्यस अवस्थाका बिरामीहरूलाई औषधी प्रयोग गर्नुभन्दा उसका समस्याहरूको समाधान खोज्ने प्रयास गर्दा बिरामी निको हुने कुराप्रति कथाकारको दृष्टि पुगेको छ । सुमन मानसिक रूपमा विक्षिप्त थियो । अस्पतालका डाक्टरले उसको पीडा बुझ्न सकेका छैनन् । उसलाई केवल औषधी मात्र खुवाइएको हुन्छ तर बिरामी निको हुँदैन । अन्त्यमा डाक्टर झन्केर बाहिर निस्कन्छ । अस्पतालमा काम गर्ने नर्सले उसको मानिसक उपचार गरेर निको पारेकी छ । बिरामीहरूलाई निको पार्न औषधी मात्र पर्याप्त हुँदैन । उनीहरूका समस्या बुझेर समाधान गर्ने प्रयास गर्दा पनि उनीहरूलाई सन्तोष लाग्ने कुरा कथाकारले व्यक्त गर्न खोजेका छन् । त्यस्तै सहरिया परिवेशमा फैलदै गएको यौन विकृतिका कारण मानिसको जीवन निरर्थक र उद्देश्यहीन बन्दै जाने यथार्थलाई गरेका छन् ।

यस कथामा कथाकारले यौन मनोवैज्ञानिक विषयवस्तुलाई सूक्ष्म रूपमा प्रस्तुत गरेका छन् । उनका कथाहरू प्रायः यौन उत्तेजनात्मक शैलीमा अभिव्यक्त भएको र तिनले समाजका यथार्थ धरातललाई छोएका छन् । यस कथाले पनि सामाजिक विषयवस्तुलाई आत्मसात् गरेको छ । कुलतमा लागेका युवाहरूको जीवनशैली जटिल भएको तथ्य प्रस्तुत छ । सामान्य रूपमा हेर्दा कथा नग्न यौन प्रवृत्तिको देखापरे पनि कथामा व्यक्त भएका प्रत्येक घटनाहरू सामाजिक यथार्थवादी प्रवृत्तिका छन् । प्रस्तुत कथाको रुचिक्षेत्र यौन मनोवैज्ञानिक रहेको छ । कथामा पात्र र प्रत्येक घटनाको अन्योन्य क्रिया भई घटनाको क्रमिक विकास चरमोत्कर्षतिर लागेको हुनाले यस कथालाई घटनाप्रधान रीतिको कथा भन्न सकिन्छ ।

### ४.५.२ ***श्रीमतीको डायरी* कथाको विश्लेषण**

यस कथामा शीर्षक र त्यसको विषयगत भावलाई हेर्दा शीर्षक सार्थक रहेको देखिन्छ । कथाको शीर्षक र विषयवस्तुको भावगत प्रस्तुतिलाई हेर्दा अभि-धात्मक सम्बन्ध रहेको छ । कथाको मुख्य पात्रले आफ्नी श्रीमतीको डायरीको अध्ययन गरेको छ । यसबाट उसका मनमा उब्जेका नकारात्मक सोँचमा एकाएक परिवर्तन आएको छ । यस कथाको विषयवस्तु सामान्य पारिवारिक परिधिभित्र केन्द्रित छ ।

कथामा पारिवारिक मेलामिलाप, सहयोग, स्नेह तथा छोटो परिवार सुखी परिवार हुने विषयवस्तुलाई समेटिएको छ । कथामा कथाकारले रमेश र उसकी श्रीमती आफ्नो श्रीमान्लाई कसरी सम्बोधन गर्न पुग्छे तथा श्रीमतीप्रति श्रीमान्को धारणा कस्तो हुनुपर्ने र आफ्ना बालबच्चालाई कसरी सम्बोधन गर्ने ? भन्ने विषयमा सूक्ष्म विश्लेषण गरिएको छ । झट्ट हेर्दा कथाको विषयवस्तु अत्यन्त झिनो लाग्दछ तर यसले समेटेका हरेक विषयहरू उत्तिकै महत्त्वपूर्ण छन् । रमेशले आफ्नी श्रीमतीको डायरी पल्टाउन पुग्छ । त्यहाँ श्रीमतीले हरेक कुरामा आफूलाई प्रशंसा गरेकी हुन्छे । ऊ अत्यन्तै खुशी हुनपग्छ । ऊ आफ्नी श्रीमतीलाई कहिल्यै पनि एक्लो नपार्ने कुरा व्यक्त गर्दछ । ऊ खुशीले श्रीमती नजिक पुग्दछ । कथाकार शाक्यले कथावस्तुलाई परिवारको साँघुरो वृत्तभन्दा बाहिर जान दिएका छैनन् । परिवारको आपसी मेलपिलाप, सद्भाव, सहयोगको भावनालाई प्राथमिकता दिइएको छ ।

यस कथामा रमेश, बच्चा, श्रीमती आदि पात्रहरूको संयोजन गरिएको छ । कथावस्तुअनुसार पात्रहरूको संयोजन पनि स्वाभाविक देखिन्छ । रमेश यस कथाको प्रमुख पात्र हो भने बच्चा तथा श्रीमती स्थिर तथा गौण पात्रका रूपमा उपस्थित भएका छन् । कथामा रमेश गतिशील पात्र हो । उसले श्रीमतीको डायरी हेरिसकेपछि एकाएक मनस्थिति बदल्न पुग्दछ । कथामा मानवीय पारिवारिक जीवनको नै चित्रण गरिएको छ । पारिवारिक सदस्यहरूका बीच एक आपसमा आशङ्का,

असन्तुष्टिहहरूको चित्रण गरिएको छ । रमेश आफ्नी श्रीमतीसँग असन्तुष्ट रहेको समयमा एकाएक सुटकेशमा राखेको श्रीमतीको डायरी हेर्न पुग्छ । भगवान्लाई धन्यवाद, प्यारो राजा, बच्चाको स्वभाव आदि शीर्षक दिँदै लेखिएको डायरीमा आफूप्रति सम्बोधन गरेर असाध्यै सन्तुष्ट रहेको कुरा व्यक्त भएको पाउँछ । श्रीमतीपूर्ण रूपमा श्रीमान्प्रति समर्पित रहेको कुरा यस कथामा व्यक्त भएको हुनाले रमेश हर्षित हुँदै श्रीमती छेउ पुग्छ । परिवारमा देखापर्ने घटनालाई कथाकारले सबल रूपमा प्रस्तुत गरेका छन् । यस कथामा दैनिकी लेख्ने एकमात्र बच्चा, सुटकेश आदि कुराहरूको वर्णन गरिएको हुँदा शिक्षित, सम्पन्न सहरिया परिवेशको झलक पाइन्छ ।

कथामा रमेश मुख्य पात्र हो । उसको मनोवैज्ञानिक पक्षहरूको चित्रण गरिएको छ । रमेशको मानसिक विचरणका कारण ऊ घर छाडेर जाने विचार गर्दछ तर श्रीमतीको स्वभाव स्थिर छ । ऊ कुनै पनि कुराहरूको पछि लाग्दिन । रमेशलाई सधैं आदर गर्दछे । कथाकारले रमेशको मानसिकजगत्को सूक्ष्म विश्लेषण गरेका छन् । यो कथा बाह्य तथा सीमित दृष्टिबिन्दुमा अभिव्यक्त छ ।

यस कथामा कथाकारले घटनाहरूलाई अत्यन्त रोचक शैलीमा अभिव्यक्त गरेका छन् । घटनाहरू एकपछि अर्को क्रमैसँग अभिव्यक्त भएका हुनाले पाठकमा जिज्ञासा पैदा हुन्छ । कथाका प्रत्येक घटनाले भावी घटनाका विषयमा जान्न उत्सुकता जगाउने खालका छन् । पाठकमा एक प्रकारको जाँगर पैदा भएको महसुस हुन्छ । रमेश बच्चासँग खेल्नु, उसले श्रीमतीको डायरी पल्टाउनु, त्यहाँका प्रत्येक शीर्षकहरू अध्ययन गर्नु, उसको मनमा आनन्द महसुस हुनु आदि घटनाहरूले पाठकमा अब के होला, अब के होला ? जस्तो लाग्दछ र कथाका प्रत्येक घटनाहरू एकैपटक थाहा पाउँ जस्तो लाग्ने गरी प्रस्तुत गरेको हुनाले कूतूहलताका दृष्टिबाट यिनका कथा सबल देखिन्छन् ।

कथाकार शाक्यको कथाकारिताको भाषा अत्यन्त सरल छ । यिनले अभिधात्मक शैलीको प्रयोग गरेका छन् । यिनका कथामा बिम्ब तथा प्रतीक,

अलङ्कारको प्रयोग देखिदैंन । यिनले भाषाको अभिव्यक्तिलाई सहज बनाउन कतैकतै अङ्ग्रेजी र हिन्दी जस्तैः डायरी, मुहावरा आदि शब्दहरूको प्रयोग गरेका छन् । कथा रैखिक ढाँचामा अगाडि बढेको छ । सरल संयुक्त वाक्यहरूको प्रयोग भएको छ । सामान्य जनजीवनमा प्रयोग हुने भाषाको प्रयोग यिनका कथामा पाइने हुनाले सामान्य पाठकले बुझ्न सकिने देखिन्छ

यस कथामा परिवारमा राम्रो मेलमिलाप हुन नसकेको अवस्थामा जीवन नै सङ्कटमा पर्ने कुराप्रति सचेत गराइएको छ । कथाकारले रमेश र उसकी श्रीमतीका बीचमा अविश्वास पैदा गराएर श्रीमतीको डायरी रमेशले हेर्दा ऊ आफ्नी श्रीमतीप्रति पूर्ण विश्वास गरेको कुरा व्यक्त गरेका छन् । रमेशकी श्रीमती अत्यन्त रूपवती भएको हुनाले उसले स्वास्नीप्रति आशङ्का गर्दछ तर श्रीमतीको वास्तविकता उसले डायरी पल्टाउँदा मात्र थाहा पाउँछ । परिवारको सुख-शान्तिको निम्ति प्रत्येक सदस्यले नकारात्मक दृष्टि हटाउनु पर्ने र समाजमा मानव सभ्यता दिगो राख्नुपर्ने मुख्य उद्देश्य रहेको छ ।

### ४.५.३ *म बहुलाकी होइन* कथाको विश्लेषण

**म बहुलाकी होइन** कथामा शीर्षकको औचित्य अन्त्यमा मात्र खुल्दछ । कथा यौनमनोवैज्ञानिक विचारधारामा आधारित छ । कथाको आदि, मध्य भागमा शीर्षकको अन्तःसम्बन्धका बारेमा कुनै पनि जानकारी पाइँदैन तर अन्त्यमा 'म' पात्रको श्रीमतीले म बौलाही होइन भन्ने वाक्यांश उद्धृत गरेपछि मात्र शीर्षकको सार्थकता खुल्दछ । कथाका प्रत्येक घटनाहरू यौनउत्तेजक प्रकारका छन् । यस कथा रैखिक ढाँचामा प्रस्तुत भएको छ ।

यस कथामा यौनमनोवैज्ञानिक विषयलाई लिएर कथाका घटनाक्रमहरूको संयोजन गरिएको छ । कथा पारिवारिक पृष्ठभूमिमा देखापर्ने घटनाहरू मुख्य रूपमा आएका छन् । कथाको सुरुदेखि अन्त्यसम्म

यौनमूलक विषयवस्तुलाई आत्मसात् गरिएको छ । कथामा काथकारले पुरुष महिलाप्रति कसरी आकर्षित हुन पुग्छ? र ऊ मुख्य रूपमा कुन विषयमा बढी आकर्षक हुन पुग्छ ? भन्ने विषयमा स्पष्ट पार्ने प्रयास गरिएको छ । कथाकारले यौनमनोविज्ञानलाई मुख्य विषयवस्तु बनाएको हुनाले कता-कता यौनको नग्न उपस्थिति देखिन्छ । 'म' पात्र राम्रा -राम्रा पोसाक लगाएर घुम्न निस्कन्छ । ऊ कुनै सुन्दर युवतीलाई प्रेम गर्ने उद्देश्यले निस्केको हुन्छ । त्यस क्रममा उसले सोँच जस्तै सुन्दर युवतीसँग भेट हुन्छ । केही समयपछि उसको सोही पात्रसँग विवाह पनि हुनपुग्छ । ऊ अत्यन्त हर्षित हुन्छ । उसलाई विवाहपछिका दिनहरू आनन्ददायी हुन्छन् । ऊ आकर्षित हुन पुग्छ । उसले सोचेजस्तो आफ्नी श्रीमतीको पनि यौनआकांक्षा भइदियोस् भन्ने चाहनामा डुबिरहन्छ ।

एकपटक उसले श्रीमतीलाई नग्न रूपमा देख्न चाहन्छ । उसले श्रीमतीलाई स्पर्श गर्न पुग्छ , उसकी श्रीमती भने श्रीमान्को आकांक्षाप्रति सन्तुष्ट छैन तर म पात्रले रिसको झोकमा श्रीमतीलाई पिट्छ । त्यसक्रममा एउटै कोठामा सुतेकी बहिनीको निद्रा खुल्छ । आफ्नी दिदीलाई निवस्त्र भएको देख्दा ऊ आतिन्छे, कराउँछे । बहिनी एक्कासी बौलाएकी रहिछ भन्दै, कराउँदै बाहिर निस्कन्छे । बहिनी एक्कासी आफूलाई बौलाही भनेर कराउँदा उसको मनस्थिति खलबलिन पुग्छ र म पात्र बौलाई जस्तो बहाना पार्न पुग्छे र कराउँछे । यस क्रममा उसको मानसिक अवस्था नै असन्तुलित हुन पुग्छ ।

चरित्र चित्रणका दृष्टिले यो कथा दुर्बल देखिन्छ । कथामा अत्यन्त सीमित पात्रहरूको प्रयोग गरिएको छ । 'म' यस कथाको मुख्य पात्र हो भने श्रीमती, उनकी बहिनी सहायक पात्रका रूपमा उपस्थित भएका छन् । यस कथामा लेडीजहरू तथा आमा गौण पात्रका रूपमा उपस्थित भएका छन् । 'म' पात्र पुलिङ्ग तथा गतिशील पात्र हो । कथामा उसकी श्रीमती बहिनी मञ्चीय पात्र हुन् भने लेडीजहरू, आमा आदि नेपथ्थीय पात्र हुन् । कथामा सहरिया परिवेशको चित्रण गरिएको छ । कथामा

पोसाक, शृङ्गारका समानहरू ‘म’ पात्रले प्रयोग गरेको कमिज, चिटिक्कट परेर न्यूरोड, रत्नपार्क आदि स्थानहरूमा घुम्न निस्कनुले पनि शहरिया तथा विलासी परिवारको स्पष्ट सङ्केत गर्दछ । ‘म’ पात्रकी श्रीमतीले लगाएका पोसाकहरूको बयान, उनीजस्तै सहरका धेरै लेडिजहरूको वयानले गर्दा उच्च खानदानी परिवेशको चित्रण भएको छ । त्यस्तै श्रीमान् श्रीमतीको प्रातः भ्रमणले पनि यस्तै परिवेशको सङ्केत गर्दछ ।

कथामा ‘म’ पात्रको मुख्य भूमिका रहेको छ, ‘म’ पात्रका माध्यमबाट कथा अगाडि बढेको छ । त्यस्तै यस कथामा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ । ‘म’ पात्र आफू कथाका प्रत्येक घटनामा संलग्न रहेको हुन्छ । उसको मनोजगत्को विश्लेषण प्रस्तुत कथामा देखिने हुँदा सीमित दृष्टिबिन्दुको पयोग भएको छ भन्न सकिन्छ । यो कथा सरल गतिमा अगाडि बढेको छ । पाठकले कथाका प्रत्येक घटनाहरूलाई गहिरिएर नियाल्न पुग्दछन् । यिनका कथा लामा र पट्यार लाग्दा देखिँदैनन् । प्रायः सबै कथाहरू मध्यम आकारका छन् । कथा पढ्दा पाठकलाई उत्साह जगाउने घटनाक्रमहरूको संयोजन भएको पाइन्छ । ‘म’ पात्र राम्रा आधुनिक पोसाकमा सहर घुम्न निस्कनु, सहरमा राम्रा पोसाकमा सजिएका केटीहरूमा उसको दृष्टि पर्नु , कुनै केटीहरूलाई प्रेम गर्न चाहनु , पछि लाग्नु आदि घटनाहरू एकपछि अर्को शृङ्खलित हुँदै आएको दृश्य अत्यन्त रोचक लाग्दछ । कथामा आदि, मध्य, अन्त्यमा घटेका घटनाहरूले भावी घटनाको सङ्केत गर्दछन् । कथा पढ्दै जाँदा अब के होला ? अब के होला ? भन्ने भावना पाठकका मनमा उब्जिन्छ । कूतूहलताका दृष्टिले यो कथा सबल रूपमा आएको देखिन्छ ।

कथामा प्रयोग भएको भाषा अत्यन्त सरल छ । कथामा हिप्, न्यूरोड, ब्यूटी, लभम्यारिज्, डिफरेन्स, मर्निङ्गवाक आदि प्रशस्त मात्रामा अङ्ग्रेजी शब्दहरूको प्रयोग छ । कथामा ‘कौसीमा जाँदा भँगेराका एकजोडी चुच्चो जुधाएर स्पर्श सुख अनुभव गरिरहेको देखेँ’ जस्तो वाक्यको प्रयोग भएको हुनाले कथा प्रतीकात्मक छ । कथामा

कतिपय स्थानमा व्याकरणिक अर्थमा अशुद्ध शब्दरूको प्रयोग भएको छ । जस्तै पाइन्ट हुने ठाउँमा पाइँट, लचकदार हुने ठाउँमा तलकदार, जुत्ता हुने ठाउँमा जुता शब्दहरूको प्रयोग गरिएको छ । वाक्य गठनका दृष्टिले यस कथामा सरल र संयुक्त वाक्यको प्रयोग प्रशस्त मात्रामा प्रयोग भएको छ । कथा रैखिक ढाँचामा अगाडि बढेको छ ।

आधुनिक सभ्यताको विकाससँगै मानवीय जीवनशैली नै जटिल बनेको कुरालाई सङ्केत गरिएको छ । कथाकारले हुनेखाने उच्चवर्गका मानिसहरूको जीवनशैलीका कारण समाजमा वर्गीय द्वन्द्व हुन सक्ने खतराको सङ्केत गर्दछन् । मानिसमा यौन जन्मजात गुण भए तापनि यसलाई स्वार्थपूर्तिका रूपमा मात्र लिन नहुने कुराप्रति कथाकार सचेत छन् । त्यसैगरी कथामा राम्रा केटीहरूलाई प्रेम गर्न चाहनु, प्रेमको जालमा फसाइ सकेपछि मात्र आफू विदेशी नागरिक रहेको यथार्थ खोल्नुले आजका मान्छेमा जालझेल, बेइमानीपन बढ्दै गएको कुरा व्यक्त गरिएको छ । मानिसले सीमित स्वार्थपूर्तिका निम्ति अनेक झुट्टा आश्वासन लगाएर आधुनिक मानव सभ्यताको अस्तित्व नै सङ्कटमा पार्ने कुरा व्यक्त भएको छ । त्यसैगरी आफ्नो इच्छा विपरीत पुरुषले यौनसम्बन्ध राख्न खोज्दा नारीको मानसिक अवस्थामा कस्तो प्रकारको नकारात्मक स्थिति देखापर्दछ ? भन्ने कुरा स्पष्ट रूपमा व्यक्त भएको छ । प्रस्तुत कथाको रुचिक्षेत्र यौनमनोविज्ञान रहेको छ ।

## ४.३.४ *बच्चा रोयो* कथाको विश्लेषण

**बच्चा रोयो** कथाका प्रत्येक घटना र त्यसको विषयवस्तुगत भावलाई हेर्दा शीर्षक सार्थक रहेको देखिन्छ । कथाको शीर्षकको औचित्य कथाको आदिबाट नै पुष्टि हुन्छ । कथामा उमा र प्रतिमाका बीच लामो समयपछि भेट हुन्छ । कथाको कथावस्तु सामाजिक यथार्थवादी प्रवृत्तिको रहेको छ । उनीहरू दुवैका प्रेमीहरूका विषयमा कथावस्तु केन्द्रित भएको छ । कथामा सामाजिक यथार्थवादी प्रवृत्तिको चित्रण गरिएको छ ।

कथाको कथावस्तु यौनमनोविज्ञानमा आधारित रहेको छ । प्रेमी-प्रेमिकाबीच हुने मधुर मिलनका क्षणहरूलाई कथाकारले मुख्य विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । नारी र पुरुषका बीचमा उत्पन्न हुने यौनकुण्ठा दुवै पात्रका बीच सहजरूपमा अवतरण हुन सकेमा जीवन सुखमय हुने विषयवस्तुलाई यस कथामा आत्मसात् गरिएको छ । कथामा प्रेममा चर्लुम्म डुबेका प्रेमी-प्रेमीकाका प्रत्येक क्षणहरू आनन्ददायी हुन्छन् भन्ने विषय मुख्य रूपमा अभिव्यक्त भएको छ ।

कथामा उमा र प्रतिमा दुवै नारीपात्र हुन् । उमाको प्रेमिकाका बारेमा सम्पूर्ण कुराहरू प्रतिमालाई थाहा हुने र प्रतिमाको प्रेमीकाका बारेमा सम्पूर्ण कुराहरू उमालाई थाहा हुन्छ । उनीहरू एक-अर्काका प्रेमीहरूका बीच भएका कुराकानीहरू खोल्नु नै उनीहरूको दिनचर्या हुन्थ्यो । एकदिन उमाले छोरो जन्माइन तर त्यो कुरा प्रतिमालाई थाहा थिएन । उमाले आफ्नो छोरो जन्मेको कुरा भन्न पनि सकेकी थिइन । ऊ आफ्नो प्रेमीसँगै बस्न सुरु गरिसकेकी थिई । उमाले छोरो जन्माउने समयमा दुवैजना आफ्ना फुपूको मितिनी कहाँ बस्न पुगेका थिए । केही समय बसेपछि उनीहरू त्यहाँबाट प्रतिमाको घरमा केही समय बस्न आउँदा मात्र प्रतिमालाई सबै कुरा थाहा भएको थियो । प्रतिमाको प्रेमी रातमा उसलाई भेट्न आउने गर्थ्यो । उमा प्रतिमाको घरमा बस्न थालेपछि प्रतिमालाई आफ्नो प्रेमीका बारेमा सबै कुरा बताउन बाध्य भएकी छ । त्यसपछि दुवैका प्रेमीहरूका कुराहरू साटासाट गर्छन । कथाकारले नारीमा सन्तान इच्छाको तींव्र चाहना हुने हुनाले उमा आफ्नो बच्चा रुँदा कति दुखित हुन्छे भन्ने विषय प्रस्तुत गरेर स्पष्ट पार्ने प्रयास गरेका छन् ।

कथामा सीमित पात्रहरूको प्रयोग गरिएको छ । कथामा उमा, प्रतिमा , फुपू , मदन र बच्चा आदि पात्रहरू छन् । उमा र प्रतिमा यस कथाका प्रमुख पात्रहरू हुन् । लिङ्गका आधारमा दुवै स्त्रीलिङ्गी पात्रहरू हुन् भने मदन, बच्चा, बुबा आदि पुरुष पात्रहरूको प्रयोग भएको छ । कथामा आमा, मितिनी फुपू जस्ता गौण पात्रको

भूमिका रहेको छ । कथाका मुख्य पात्र उमा र प्रतिमा मञ्चीय पात्र तथा गतिशील पात्र हुन् । बुबा, आमा, मदन र बच्चा आदि नेपथ्यीय पात्रहरू हुन् । कथा नाटकीय शैलीमा व्यक्त भएको छ ।

प्रस्तुत कथामा सुरुदेखि अन्त्यसम्म संवादको प्रयोग गरिएको छ । कुनै-कुनै स्थानमा एकालाप पनि पाउन सकिन्छ । कथामा मूलतः उमा र प्रतिमाका बीचमा पूर्णतः संवादकै रूपमा कथावस्तुलाई व्यक्त गर्न खोजिएको छ । जस्तै :

प्रतिमा - उमा भनन साँच्चै यो कसको बच्चा ?

उमा- मेरो बच्चा अरु कसको हुन्थ्यो ? के तिमीलाई पत्यार लाग्दैन ?

उमा- के ठट्टा भनेको यो ? प्रतिमा सत्ते तिमी पत्याउँदिनौ ? यो साँच्चै मेरो आफ्नै बच्चा हो छोरा हो ।”

प्रतिमा - के साँच्चै भने ...

उमा- तिमी किन आज मलाई पत्याउँदिनौ ?

यस प्रकारको संवादबाट नै कथावस्तु अगाडि बढेको छ । कथामा प्रेमी, फुपू, आमा, बुबा, मदन आदि पात्रहरूको प्रयोग भए पनि उमा र प्रतिमाका बीचमा मात्र संवाद भएको छ । उमा प्रतिमाको घरमा बसेकी, त्यसभन्दा अगाडि पहाडमा आफ्नी मितिनी फुपूका घरमा बसेकी आदि कुराहरूको बयानले ग्रामीण परिवेशको चित्रण गरिएको पाइन्छ । प्रतिमा र उमाको मानसपटलमा एक-आपसका प्रेमीहरूको छाप पर्नु,उनीहरू दिनभरी कुराकानी गरेर बसिरहनुले ग्रामीण विलासी जीवनशैलीको चित्रण गरिएको पाइन्छ ।

यस कथामा घटित विभिन्न घटनाहरूको भोक्ताका रूपमा तृतीय पुरुष पात्रको प्रयोग गरिएको छ । कथामा उमा र प्रतिमाका मानसपटलमा उब्जेका

भावनाहरूलाई व्यक्त गरिएको छ । प्रस्तुत कथामा बाह्य तथा सीमित दृष्टिबिन्दुको प्रयोग भएको छ भन्न सकिन्छ ।

कथामा व्यक्त प्रत्येक घटनाहरू रहस्यपूर्ण छन् । उमाले बच्चा रुँदा भुलाउन खोज्छे । प्रतिमाले एक्कासी कसको बच्चा हो भन्ने प्रसङ्गबाट कथावस्तु सुरु भएको छ । पाठकका मनमा कथाको सुरुमा नै एक प्रकारको उत्सुकता जाग्दछ । कथाका प्रत्येक घटनाहरू रहस्यमय छन् । कथाको भावी घटनाको पनि सङ्केत गर्दछ । कथामा उमाले कुरा गर्दा पतिमा टोलाउनु प्रतिमाको प्रेमी भेट्न आउनु आदि घटनाहरू रहस्यमय छन् ।

कथामा सामान्य जनजीवनमा प्रयोग हुने भाषाको प्रयोग गरिएको छ । कथा अभिधात्मक शैलीमा रचना गरिएको छ । सामान्य पाठकलाई कथा बुझ्न कुनै कठिनाइ पर्दैन । कथा सामान्यतः संवादात्मक शैलीमा व्यक्त भएको छ । कथामा यदाकदा अङ्ग्रेजी शब्दरुको प्रयोग पाइनाले कथामा सरल तथा संयुक्तवाक्यहरू प्रयोग भएका छन् ।

कथाकारले उमा र प्रतिमाका जीवनमा घटेका प्रत्येक घटनाहरूलाई सूक्ष्म रूपमा नियालेका छन् । दुवै पात्रहरूका आ-आफ्ना प्रेमीहरूसँग भएका रमाइला घटनाहरूका बारेमा एक-अर्कामा साटासाट गर्दछन् । उनीहरूमध्ये उमाको केही समय अघि उनैको प्रेमीसँग विवाह भएको थियो । उनले छोरो जन्माउँदासमेत प्रतिमालाई जानकारी थिएन । कथामा सच्चा प्रेम नै पारिवारिक सुखको आधार हुन्छ भन्ने आशय व्यक्त गरिएको छ । हाम्रो समाज परम्परागत अन्धविश्वासबाट मुक्त हुन नसकेको कारण खुला रूपमा प्रेमलाई स्वीकार नगरिएको विषयप्रति कथाकार असन्तुष्ट छन् ।

## ४.३.५ *बगलीमारा* कथाको विश्लेषण

कथामा कथाकार सुवर्ण शाक्यको प्रस्तुत कथामा शीर्षक र त्यसको विषयवस्तुगत भावलाई हेर्दा शीर्षक सार्थक रहेको देखिन्छ । यस कथाले विषयवस्तुको अन्तः सङ्गति बहन गर्न सक्षम छ । कथामा शीर्षकको औचित्य अन्त्यमा खुल्दछ । यसले कथाको भावाभिव्यक्ति स्पष्ट पारेको पाइन्छ ।

यस कथामा यौनमनोवैज्ञानिक विषयलाई मुख्यरूपमा चित्रण गरिएको छ । सहरिया परिवेशको चित्रण गरिएको यस कथामा वर्तमान युवा पुस्तामा खस्कदै गएको नैतिकताप्रति व्यङ्ग्य गरिएको छ । सज्जन भनाउँदा मानिसहरू पनि आफ्नो स्वार्थपूर्तिका निम्ति जस्तोसुकै काम गर्न पछि पर्दैनन् भन्ने विषय प्रस्तुत गरिएको छ । मानिसले गल्ती गर्दासमेत आफूले गरेका कार्यहरू लुकाइ राम्रो चरित्र प्रदर्शन गर्न खोज्ने युवाहरूलाई आर्दश र नैतिकवान बन्न सजग गराएको छ ।

यस कथामा कथाकारले घटना सुहाउँदो पात्रहरूको संयोजन गरेका छन् । कथाका पात्रहरू नेपाली परिवेश यहाँको सामाजिक अवस्था , सुहाउँदो पात्रहरूको प्रयोग भएको छ । कथामा सज्जन, किसान, पेसेन्जर, पुरुष, महिलाहरू जस्ता वर्गीय पात्रहरूको प्रयोग भएको छ । सुरेश, सज्जन, कण्डक्टर, साथी, आदि पुरुष पात्रहरूको प्रयोग भएको छ भने पत्नी, नन्दहरू, माइज्यू, साली आदि स्त्री पात्रहरूको प्रयोग गरिएको छ । कथामा सुरेश, पत्नी र सज्जनको मुख्य भूमिका रहेको छ भने पुरुष र महिलाको सहायक भूमिका रहेको छ । कण्डक्टर पेसेन्जर, नन्दहरू, माइज्यू , साली आदिको गौण पात्रको भूमिका रहेको छ । कथामा सज्जन प्रतिकूल पात्र हो । कण्डक्टर , नन्द, माइज्यू, साली आदि स्थिर पात्रहरू हुन भने कथाका सज्जन, पत्नी , सुरेश आदि गतिशील पात्र हुन् । सुरेश, पत्नी सज्जन आदि पात्रहरू मञ्चीय पात्रहरू हुन् भने अन्य पात्रहरू नेपथ्यीय हुन् ।

कथामा कुनै-कुनै ठाउँमा समूहगत संवाद भएको छ । कतिपय स्थानमा एकल संवाद पनि पाइन्छ । कथामा व्यक्त भएका केही संवाद हेरौ :

महिलाहरू - अलिकति यसो बसिदिनु भए त भइहाल्छ नि त्यहाँ महिलाहरूको सिटतिर जाऊँ ?

पुरुषहरू - देखिहाल्नु भएको छ नि लौ कसरी रुने ?

यस्ता समूहगत संवादहरू यस कथाका आरम्भ भागमा देख्न सकिन्छ । त्यस्तै कथाको अन्त्यतिर सुरेशकी पत्नीलाई दुर्व्यवहार गर्न खोज्ने सज्जन र सुरेशका बीच भएको संवाद हेरौँ -

सुरेश- अय मिष्टर के गरेको ?

सज्जन- केही पनि होइन हिड्नुस्न अगाडि लाग्नुस बाटो ब्लक भयो ।

यस प्रकारका संवादका अंशहरू कथाको आदि, मध्य र अन्त्य भागसम्म आएको देखिन्छ ।

कथाको मुख्य विषयवस्तु यौनमनोवैज्ञानिक र सहरी सभ्यतामा देखापरेका विकृतिहरूलाई उजागर गर्नु रहेको छ । कथामा सहरी दृश्यहरूको बाहुल्यता देखिन्छ । कथामा वर्णित यातायातका सुविधाहरू, मानिसको भीड, अस्पतालको बयान आदि कुराहरूले गर्दा सहरिया परिवेशको चित्रण गरिएको पाइन्छ । त्यस्तै पात्रहरूको मानसिकजगत्को पनि चित्रण गरिएको पाइन्छ ।

कथामा बहुपात्रको प्रयोग गरिएको छ । कथामा सज्जन , पत्नी र सुरेश आदिको प्रमुख भूमिका रहेको छ । कथाको भोक्ता पनि यिनै पात्रहरू हुन् । यस कथामा तृतीय पुरुष अर्थात् बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

यस कथाका प्रत्येक घटनाहरू रहस्यमय ढङ्गबाट प्रस्तुत भएका छन् । कथाको आदि भागमा महिला र पुरुष वर्गबीच यातायातका साधनमा पाउने सुविधाको बयानबाट हुन्छ । कथाका घटनाहरू पाठकलाई प्रभाव पार्ने किसिमका भएको हुनाले पाठक एकपछि अर्को प्रत्येक घटनाका बारेमा जान्न

पाठक उत्सुक भएको हुन्छ । सज्जनले सुरेशकी पत्नीलाई दुर्व्यवहार गर्ने प्रयास गर्दा सुरेशले देख्छ । त्यसपछि रिसाएर सज्जनलाई हाँक दिन पुग्छ । त्यसपछि सज्जनले के भन्छ ? भन्ने कुराहरू अत्यन्त रहस्यपूर्ण लाग्दछ । सज्जनले बगलीमाराको बहाना पार्ने घटना झनै रहस्यपूर्ण मानिन्छ । कथाका घटनाहरू एकपछि अर्को आउँदा अब के हुन्छ ? अब के हुन्छ ? भन्ने जिज्ञासा पाठकका मनमा कथाको अन्त्यसम्म नै भइरहन्छ । त्यसैले कथा कुतूहलताका दृष्टिले सफल देखिन्छ ।

यस कथामा सामान्य जनजीवनमा आधारित भाषाहरूको प्रयोग गरिएको छ । भाषामा कतिपय अङ्ग्रेजी शब्दहरूको प्रयोग गरेको पाइन्छ । त्यस्तै व्याकरणगत दृष्टिबाट त्रुटिपूर्ण शब्दहरू पनि प्रयोग गरिएका छन् । जस्तै अलिकति यसो हुने ठाउँमा एसोक ,धक्का दिदै हुने ठाउँमा ढक्का दिदैं भएको छ ।

यस कथामा अभिधात्मक भाषाशैलीको प्रयोग गरिएको छ । कथाको कुनैकुनै ठाउँमा काव्यिक शैलीको प्रयोग पनि गरिएको छ ।

जस्तैः

छोटो बढे पछि सारो

फूर्ति ढाँचा बढाउँछ

उर्लदो खहरे हेर

कत्तिको गड्गडाउँछ ।

कतिपय स्थानमा नेपाली चर्चित उखानहरूको पनि प्रयोग गरिएको छ । जस्तैः अरु कुरा छाडिदेऊ , मेरो तुम्बा भरिदेऊ । सहरिया परिवेशमा मानवीय जीवन नै सङ्कटमा परेको कुराप्रति कथाकार चिन्तित छन् । यौनमनोवैज्ञानिक विषयवस्तुलाई लिएर कथाकारले वर्तमान मानव जीवनमा देखापर्ने घटनाहरूको

बारेमा सूक्ष्मविश्लेषण गरेका छन् । मानिसको बढ्दो भीड र चापको फाइदा उठाउने मानिसहरूका चरित्रको खण्डन गरिएको छ ।

कथाकार सुवर्ण शाक्यले आफ्नो एक मात्र कथासङ्ग्रह **मासुको पोको** २०३१ सालमा प्रकाशित गरेका थिए । यस सङ्ग्रहमा आधुनिक जीवनशैलीको यथार्थ चित्रण गरिएको छ । मूलतः यिनले यौन मनोवैज्ञानिक विषयमा आधारित भएर आफ्ना रचनाहरू प्रस्तुत गरेका छन् । मानिसको चरित्रको सूक्ष्मविश्लेषण गरेर नैतिक मूल्य स्थापित गर्नु प्रस्तुत सङ्ग्रहको सार हो । युगीन परिस्थितिका बीच मानिसले खेप्नु परेका पीडा, वेदना आदिको विश्लेषण प्रस्तुत सङ्ग्रहमा गरिएको छ ।

# पाचौँ परिच्छेद

## निबन्धहरूको सैद्धान्तिक स्वरूप

'नि' उपसर्गमा 'बन्ध' धातुबाट 'घञ्' प्रत्यय भएर 'निबन्ध' शब्दको व्युत्पत्ति भएको हो । यो शब्द संस्कृतबाट तत्सम शब्दका रूपमा नेपालीमा आएको हो । यसको शाब्दिक अर्थ पूरै बन्धन वा कसिएको रूप भन्ने हुन्छ । बन्धनहीन तर कसिएको रचना निबन्ध हो । यसमा आत्मप्रकाशन अनिवार्य तत्व हो । निबन्ध विधाको उत्पत्ति पाश्चात्य साहित्यबाट भएको हो ।[१०१] निबन्धलाई विभिन्न विद्वान्हरूले यसरी परिभाषित गरेका छन् :

मोन्तेन - 'निबन्ध एक प्रकारको आत्म प्रकाशनको प्रयत्न हो ।'

फ्रान्सिस बेकन -'निबन्ध एक प्रकारको छरिएको चिन्तन हो ।'

ह्यु वाकर - 'हलुका पारा तथा असल ढङ्ग र लेखक तथा पाठक माझको विश्वस्त सम्बन्ध रहेको निबन्ध आदर्श निबन्ध हो ।'

लक्ष्मीप्रसाद देवकोटा - 'यो निबन्ध टेबुल गफ हो, चश्मादार अध्यापकको व्याख्यान होइन , न त वमन वेदान्त र यसमा ठर्रोपना हुँदैन यो लच्किन्छ घनिष्ठतातिर ओर्लिन्छ ।'

उपर्युक्त परिभाषाहरूको आधारमा निबन्धलाई एक प्रकारको आत्मप्रकाशन तथा सरल, सरस भाषामा लेखिएको गद्यरचनाका रूपमा लिन सकिन्छ । यसरी हेर्दा निबन्ध शून्यमा कल्पना गर्न सकिँदैन । त्यसैले निबन्ध रचनाका पनि केही आधारहरू हुन्छन् र यसका केही आफ्नै सामग्रीहरू छन् । ती सामग्रीहरूलाई निबन्धका तत्त्वअन्तर्गत राख्न सकिन्छ । निबन्ध रचनाका लागि चाहिने प्रथम आवश्यक तत्व वस्तु हो । बुद्धितत्त्व र हृदयतत्त्वले समन्वयात्मक रूपमा निबन्धमा काम गरेका हुन्छन् । यसअन्तर्गत चिन्तन, विचार, कार्यकारण, तर्क,

---

[१०१] गोपीकृष्ण शर्मा, **नेपाली निबन्ध परिचय**, चौथो संस्करण, (काठमाडौँ: रत्नपुस्तक भण्डार २०६४), पृ. १३ ।

गहिराई र औचित्य अदि पर्दछन् । मस्तिष्क जति माझिएको हुन्छ, त्यति नै चिन्तन , विचार आदि सशक्त र प्रभावकारी हुन्छन् ।[१०२] त्यस्तै शैली निबन्धको अर्को तत्त्व हो । भावना र भाषाको एकात्मकतालाई शैली भनिन्छ । उच्च पाटाको शैलीद्वारा भावको हस्तान्तरण हुन्छ । सुकोमल शैलीमा मात्र सम्प्रेषणता रहन्छ । जसरी निबन्ध लेखिएको छ त्यस ढङ्गविशेषलाई यस निबन्धको शैली भनिन्छ । यो अभिव्यक्तिको प्रकार हो । यसले निबन्धलाई रोचक र आकर्षक रूप प्रदान गर्दछ । शैली पनि भाव र भाषाका दृष्टिले फरक हुन्छन् । त्यस्तै उद्देश्य पनि निबन्धलेखनको अर्को तत्व हो । उद्देश्यलाई प्रयोजन पनि भनिन्छ । प्रत्येक निबन्धहरू कुनै न कुनै उद्देश्य पूरा गर्न लेखिन्छ । निबन्धको रचना आत्मप्रकाशन र सूचनात्मक जस्ता उद्देश्यका लागि पनि गरिन्छ ।[१०३]

निबन्धलाई विषय र अभिव्यक्ति आदिका आधारमा दुईभागमा वर्गीकरण गर्न सकिन्छ । विषयका आधारमा वर्गीकरण गर्दा यसका परात्मक वा विषयपरक र निजात्मक वा आत्मपरक दुई भेदहरू देखापर्दछन् भने अभिव्यक्तिका आधारमा वर्गीकरण गर्दा वर्णनात्मक, विवरणात्मक विचारात्मक र भावात्मक गरी चार भेदहरू देखापर्दछन् । निबन्धको विषयवस्तु शैली, उद्देश्य, प्रसतुत आदिका आधारमा निबन्धहरूलाई छुट्याउने गरिन्छ ।[१०४]

## ५.१ *यौन र जीवन* निबन्धसङ्ग्रहको विवेचना

### ५.१.१ *यौन र जीवन* निबन्धको परिचय

निबन्धकार सुवर्ण शाक्यद्वारा रचना गरिएको यौन र जीवन निबन्धसङ्ग्रह वि.सं. २०३६ मा प्रकाशित भएको हो । यस सङ्ग्रहमा सङ्कलित निबन्धहरू नेपालबाट प्रकाशित हुने विभिन्न मासिक, द्वैमासिक र वार्षिक आदि

---

[१०२] गोपीकृष्ण शर्मा, पूर्वपत्, पृ. १३ ।

[१०३] ऐजन, पृ. २३ ।

[१०४] ऐजन ।

मानव स्वास्थयसँग सम्बन्धित पत्रिकाहरूमा प्रकाशित भएका छन् । यस सङ्ग्रहमा जम्मा आठवटा छोटा निबन्धहरू सङ्कलित छन् । काठमाडौं काजीहीरा मुद्रणालय ब्रह्मटोलद्वारा मुद्रण गरिएको उक्त सङ्ग्रह सानो आकारको छ । यसको मूल्य उल्लेख गरिएको छैन । यस सङ्हका निबन्धहरू नितान्त वस्तुपरक शैलीका छन् ।

यस निबन्धसङ्ग्रहमा शाक्यले मानव स्वास्थ्यलाई मुख्य विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । यिनले समाज, परिवार, नारी, पुरुष, यौन आदि विषयसँग सम्बन्धित विचारहरू व्यक्त गरेको पाइन्छ । यिनले मानवजीवनमा देखापरेका विविध समस्याहरूमाथि पनि सूक्ष्मविश्लेषण गरेका छन् । यस सङ्ग्रहमा सङ्कलित निबन्ध/लेखहरूलाई छुट्टाछुट्टै अध्ययन गर्न सकिन्छ ।

## ५.१.२ ***यौन र जीवन*को विवेचना**

प्रस्तुत निबन्ध नेपाल परिवार नियोजन तथा मातृ-शिशु कल्याण योजनाको पत्रिका **परिवार**मा वि.सं २०३६ मा प्रकाशित भएको हो । यसमा शाक्यले मानिस कसरी श्रेष्ठ प्राणी मानिएको छ ? मानिसले गर्नुपर्ने कार्यहरू के के हुन् ? समाजमा नारीको अस्तित्व कसरी स्थापित गर्न सकिन्छ ? आदि विषयलाई लिएर आफ्ना गहन विचारहरू प्रस्तुत गरेका छन् । मानिस जन्मेपछि आहार-विहारको आवश्यकता पर्दछ । मानिसका आवश्यकताहरू अन्य प्राणीहरूभन्दा धेरै हुन्छन् । मानिस आफूलाई अन्य प्राणीभन्दा ठूलो हुँ भन्ने ठान्दछ । आफूले गरेका भूलहरूलाई भूल सम्झदैन र वातावरणलाई दोष दिन्छ । मानिस जन्मेपछि काम, क्रोध, लोभ, मोह आदि विकास भएर आक्रमण गर्दछन् । अरूले आक्रमण गर्ला भनी मानिस डराउँछ तर मानिसले आफूभित्रका खराब तत्त्वले आक्रमण गरेको कुरा कहिल्यै महसुस गर्दैन ।

धर्मार्थकामोक्षानुसार जीवन सञ्चालन गर्न खोजिएको हुन्छ । जीवनका प्रत्येक पक्षलाई हेरेर आचरण गर्नुपर्छ , यही नै मानिसको कर्तव्य हो । मानिस सर्वश्रेष्ठ बन्नु पनि यसै बुँदामा भर पर्दछ भन्ने विचारलाई सरल भाषामा प्रस्तुत गरेका छन् ।

### ५.१.३ ***समस्या नारी होइन समाज*** **निबन्धको विवेचना**

यो निबन्ध परिवार कल्याणमूलक **नियोजन** पत्रिका वर्ष १० मा प्रकाशित भएको हो । यस लेखमा शाक्यले समाजमा नारीहरूले उपस्थितिका बारेमा विश्लेषण गर्ने प्रयास गरेका छन् । नारी आफै कमजोर भएका होइनन् न त आफै अशिक्षित बनेका हुन् । नारीप्रति पुरुषको धारणा यसको मुख्य कारण हो । समाजको विकास नारी र पुरुषवर्गको सहकार्यले मात्र सम्भव भएको हुन्छ तर हाम्रो समाजमा धर्म, बल आदिको आडमा नारीलाई हेप्ने गरिएको छ । नारी वास्तवमा प्रगतिका स्रोत हुन्, भन्ने धारणा यस निबन्धमा व्यक्त भएको छ । घरव्यवहार चलाउन अर्थको जति आवश्यकता हुन्छ, त्यसको उचित व्यवस्थापनमा नारीको उत्तिकै महत्वपूर्ण भूमिका रहेको हुन्छ । संकुचित समाजमा नारी भोगविलासको वस्तु भएको छ भने शिक्षित र प्रगतिशील मुलुकका नारीको अस्तित्व महत्त्वपूर्ण हुन्छ । योग्यताले मानिसलाई प्रगतिशील बनाउँछ । यो गुण नारी र पुरुष पूर्वमा हुनुपर्छ भन्ने गहन विचार प्रस्तुत गरेका छन् ।

संसारमा झगडा हुने तीन कारण छन् । ती हुन शक्ति, धन र नारी भन्ने विद्वान्हरूको मत उल्लेख गर्दै यदि नारी नै सक्षम भएको खण्डमा झगडाको पनि अन्त्य हुने विचार व्यक्त गर्दछन् । बाघको अगाडि बोकालाई बाँच्ने अधिकार दिएजस्तो समाजमा नारीलाई पुरुषले अधिकार सम्पन्न हुन् भन्नु जस्तै हो । शाक्यले समाजका समस्या नारीको हो किन्तु नारी समस्या होइन भन्ने विचारलाई सरल भाषामा प्रस्तुत गरेका छन् ।

## ५.१.४ *नारीप्रति विचार* निबन्धको विवेचना

**नवरञ्जन** मनोरञ्जन तथा साहित्यिक पत्रिकाको वर्ष १, अङ्क ६ मा प्रकाशित प्रस्तुत निबन्धमा समाजमा नारीको उत्थान हुन नसक्नाका कारण र समाधानको उपायहरूको खोजी गरिएको छ । यस लेखमा समाजमा नारीवर्गलाई कमजोर ठानिन्छ । उनीहरूलाई उच्चओहदामा पुग्ने मौका दिइँदैन । उनीहरूलाई पुरुषले अवला ठान्दछन् । पुरुषले महिलालाई दिने अनुचित दवाबका कारण उनीहरूको अवस्था गिरेको छ । उनीहरूलाई सीमित पढाइको व्यवस्था गरिदिनु , घरायसी कामको बोझ गराउनु चाँडै विवाह गरिदिनु, पुरुषसँगको सङ्गतमा अनावश्यक शङ्का , अति कोमल ठान्नु आदि कारणले महिलाहरू समाजमा स्थापित हुन सकेका छैनन् । शाक्यले महिला पुरुषभन्दा कुनै पनि विषयमा कम नभएको विचार व्यक्त गर्दै महिलालाई अवसरको खाँचोरहेको विचार प्रस्तुत गर्दछन् । **यत्र नार्यस्तु पुज्यन्ते रमन्ते तत्र देवता**लाई आफू जित्ने अर्थ लगाएर फुलेर बस्नु उचित हुँदैन । धर्मशास्त्रमा लक्ष्मण अचेत हुँदा सञ्जिवनी बुटी लिन सुमेरु पर्वतमा जान आफूमा योग्यता छैन भनी अपशोच मानेर शिर निहुराएका तर पहाडै उठाएर ल्याउन समर्थ भएका हनुमान झैँ आफूमा रहेको शक्ति आफैले पहिल्याएर समाजमा स्थापित हुनुपर्ने विचार व्यक्त गरेका छन् । यस लेखमा लेखकले प्रचलित उखान, टुक्का र कतै कतै अङ्ग्रेजी भाषाका शब्दावलीहरू पनि समावेश गरेको हुनाले रोचक लाग्दछ । निबन्धमा सामान्य भाषाको प्रयोग गरिएको छ ।

## ५.१.५ *नेवारी संस्कृतिमा यौन* निबन्धको विवेचना

प्रस्तुत निबन्धमा **तरुनी** द्वैमासिक प्रकाशन वर्ष २, अङ्क २ मा छापिएको हो । यस निबन्धमा लेखकले नेवारी संस्कृतिमा नारीलाई यौनमनोरञ्जनसँग जोडेर हेर्ने गरेको कुराको व्याख्या गरेका छन् । नेवारी संस्कृतिमा यौनलाई अपवित्र नमानी

जन्मेदेखिका कुनै न कुनै संस्करा वा परम्परामा यौनको चर्चा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा समाविष्ट हुने कुरा उल्लेख गरेका छन् ।

नेवारी संस्कृतिमा **सर्वजनहिताय सर्वजन सुखाय** को भावना रहेको चर्चा गरिएको छ । नेवारी रीति परम्पराअनुसार दाजु र बहिनी जुम्ल्याहा बच्चाबच्ची जन्मेमा दुवैलाई घोप्टेमाथि राखी तत्कालै विवाह गरिदिने चलन रहेको छ । त्यस्तै भर्खर यौवनावस्था सुरु भएको केटामान्छेलाई *कयतापूजा* भनी कर्मकाण्ड गरिने तथा केटीहरूमा इही (बेलविवाह) गरिदिने परम्पराको उल्लेख गरिएको छ । नेवारी संस्कृतिमा विवाह गरिदिनुलाई *पयनबीगुँ* भनिन्छ । यसको अर्थ सम्भोग गर्नु हो । केटी केटाका घरमा दिइसकेपछि खुलेआम अङ्गस्पर्श गरिने चलनलाई नेवारी संस्कृतिमा सामान्य रूपमा लिने चलनको उल्लेख गरिएको छ । मेलापात गर्दा पनि यौनमनोरञ्जनात्मक गीतहरू गाउनु र यौनलाई सामान्य विषय मान्ने नेवारी परम्पराको चर्चा गरिएको छ । लेखकले नेवारी चलनचल्तीमा रहेका संस्कारहरू जस्तो *पपयनबीँगु इही, गथांयुग ) गठेमङ्गल)* आदिको रैखिक शैलीमा ब्याख्या गरेका छन् ।

## ५.१.६ *गोरी मीठी चोरी* निबन्धको विवेचना

प्रस्तुत निबन्ध **कामिनी** पत्रिकाको वर्ष १, अङ्क २ मा प्रकाशित भएको हो । यस निबन्धमा यौनउत्तेजनात्मक विचारहरू प्रस्तुत गरिएको छ । पुरुष यौनसन्तुष्टिका निम्ति अनियमित कार्यहरू गर्न खोज्ने तर नारीहरूमा बर्जित रहेको तथ्य उल्लेख गरिएको छ । लोग्नेमानिसहरू परस्त्रीहरूसँग खुलेआम लहसिएका हुन्छन् तर त्यसको तुलनामा महिलाहरूलाई तुच्छ मानिन्छ । स्वास्नी मानिसहरू यौनतृप्तिका लागि मात्र सम्भोगरत हुँदैनन् । उनीहरू आर्थिक कारण, मायाका कारण, सहाराको कारण आदि कारणले आकर्षित हुने कुरा उल्लेख गरेका छन् । कुनै पनि सभ्य व्यक्तिलाई थाहा छ यौनचोरी खराब हो तर ऊ त्यसबाट हट्दैन । यो उसको काम आसक्ति मात्र होइन मानसिक तृष्णा हो, स्वभाव पनि हो भन्ने विचार

प्रस्तुत गरेका छन् । यस लेखमा मानिस यौनप्रेमी प्राणी हो, यो असीमित हुने गर्दछ भन्ने विचार प्रस्तुत गरिएको छ । यस लेखमा हिन्दी, अङ्ग्रेजी तथा नेपाली भाषाका सुहाउँदा उखानहरूको प्रयोग गरिएको हुँदा रोचक बनेको छ । प्रस्तुत निबन्ध सरल भाषामा अभिव्यक्त गरिएको छ ।

### ५.१.७ *बहिनीलाई सल्लाह* निबन्धको विवेचना

प्रस्तुत निबन्ध **सिन्धु** मासिक पत्रिकाको वर्ष ११, अङ्क ६ मा प्रकाशित भएको हो । यसमा सामाजमा नारीवर्गहरूको दयनीय अवस्थाबाट मुक्ति पाउने उपायहरूको चर्चा गरिएको छ । शाक्यले हाम्रो समाजमा नारी र पुरुषवर्गलाई हेर्ने दृष्टिकोण अत्यन्त संकुचित भएको कुराप्रति चिन्ता व्यक्त गरेका छन् । हाम्रो समाज पितृसत्तात्मक समाज हो । यहाँ नारीको अस्तित्वलाई सहजै स्वीकार गरिँदैन । जब नारी र पुरुषलाई भेदभाव गरिन्छ तब समाजको विकास सम्भव छैन भन्ने धारणा व्यक्त भएको छ । निबन्धकारले मानिस श्रेष्ठ प्राणी हो । समाजमा श्रेष्ठताको गुण स्थापित गर्न कठिन भएको विचार व्यक्त गरेका छन् । मानिसलाई चित्त दुखाउने धेरै कुराहरू भए पनि असमान व्यवहारले सबैभन्दा बढी असर गर्ने कुराप्रति निबन्धकार चिन्तित् छन् । हाम्रा धर्मशास्त्रहरू पनि असमान व्यवहारका उपज भएको उल्लेख गर्दै, *छोरो जन्मँदा खसी र छोरी जन्मँदा फर्सी* उखान चरितार्थ भएको कुरालाई निबन्धकारले निबन्धमा प्रस्तुत गरेका छन् । यिनले समाजको समान उद्देश्यका निम्ति महिला र पुरुष एकजुट भएर लाग्नुपर्ने धारणा प्रस्तुत गरेका छन् । प्रस्तुत निबन्धको भाषा सरल छ ।

### ५.१.८ *भूल सुधारः पतिको चतुरता* निबन्धको विवेचना

प्रस्तुत निबन्ध **सिन्धु** मासिक प्रकाशन पत्रिकामा वि.सं. २०३८ मा प्रकाशित गरिएको हो । यसमा शाक्यले मानिसले जानेर वा नजानीकन गरेका कुनै पनि भूलले ठूलो सङ्कट निम्त्याउन सक्ने कुराको चर्चा गरेका छन् । मानिस एक भूलै भूलको

पिण्ड हो । जिन्दगीमा ऊ भूल गरिरहन्छ, हिड्ने भूलले बाटो बिराउँछ, ठक्कर खान्छ, खाने भूलले शरीर बिगार्छ रोगी बन्छ, बोल्ने भूलले मानिस गुमाउँछ, अप्रिय हुन्छ भन्ने कुराहरूको वर्णन शाक्यले यस निबन्धमा उल्लेख गरेका छन् । मानिसको स्वभावको विषयमा विभिन्न विश्लेषणात्मक कुराहरूका सङ्ग्रहहरू छापिएको भएपनि त्यसबाट अनुभव, व्यवहावरका कुराहरू मात्र छानेर दैनिक जीवनमा उपयोग गरी पहिले भएका भूललाई सच्याउने गरिएमा नै मानिसका लागि व्यवहारिक रूपमा लाभ हुनेछ जस्ता विचारहरूमाथि निबन्धकारले गहन अन्वेषण गरेका छन् । उनले भूल विशेषतः पारिवारिक वृत्तमा बढी हुनसक्छ र त्यसको असर नकारात्मक हुने कुराको पनि विशेष निगरानी राखेको पाइन्छ । मूलतः पति पत्नीमा एक आपसमा हुने सामान्य भूलले ठूला समस्याहरू आउन सक्ने कुराको चर्चा गर्दै लेखकले दुवैमा सहन गर्न सक्ने क्षमताको विकास हुनुपर्छ भन्ने धारणा प्रस्तुत गरेका छन् । लेखकले सामान्य भाषाको प्रयोग गरी सामान्य विषयलाई लिएर पनि गहन विश्लेषण गरेको पाइन्छ ।

## ५.१.९ *यौन र स्वास्थ्य* निबन्धको विवेचना

प्रस्तुत निबन्ध वि.सं. २०३८ मा प्रकाशित **स्वास्थ्य** मासिक पत्रिकाको वर्ष १, अङ्क २ मा प्रकाशित भएको हो । लेखकले मानवीय स्वास्थ्यका निम्ति यौनको आवश्यकता र उपयोगिताका विषयमा विश्लेषण गरेका छन् । मानिसको शरीर पञ्चमहाभूतले बनेको हुन्छ भन्ने कुरा उल्लेख गर्दै निबन्धकारले स्त्री र पुरुषको वीर्यको समिश्रणले प्राकृतिक रूपमा यसको सृजना हुने विषयमा पनि चर्चा गरेकाछन् । निबन्धमा १० महिना आमाको गर्भबाट पृथ्वीमा आउनासाथ मानिसलाई खाना लाउन बस्नको जति आवश्यक हुन्छ, त्यति नै यौनको पनि आवश्यकता रहने कुराको चर्चा गरिएको छ । मूलतः लेखकले यसमा यौनको उचित व्यवस्थापन र यसको दुरूपयोगबाट हुनसक्ने खतरासम्बन्धी गहन विश्लेषण गरेका छन् । प्रस्तुत निबन्धमा निबन्धकारले मानिस १६ वर्ष पुगेपछि यौवनावस्थामा पाइला

टेक्ने, त्यस समयमा उसलाई यौनसाथीको आवश्यक पर्ने र मानिसमा यौन दुरूपयोग तीव्ररूपमा बढिरहेको उल्लेख गर्दै पति-पत्नीबीचको यौनआकषर्ण नै स्वास्थ्यको निम्ति हितकर हुने र पारिवारिक सम्बन्धमा कुनै प्रकारको असर नपर्ने धारणा व्यक्त गरेका छन् ।

## ५.२ *बुद्धधर्म र व्यवहार* निबन्धसङ्ग्रहको विवेचना

### ५.२.१ *बुद्धधर्म र व्यवहार* निबन्धसङ्ग्रहको परिचय

सुवर्ण शाक्यले विभिन्न समयमा प्रकाशित बुद्धस्मारिका र पत्रपत्रिकाहरूका लेखहरू उल्लेख गरी यो निबन्ध सङ्ग्रह प्रकाशन गरेका हुन् । यस सङ्ग्रहको आकार मझौला खालको छ । यसमा एकाउन्न वटा निबन्धहरू सङ्कलित छन् । यस सङ्ग्रहको प्रकाशन प्रथमपटक २०६० आषाढ २८ गते भएको थियो । प्रस्तुत कृतिको मूल्य रु असी कायम गरिएको छ । यसमा शाक्यले बुद्धधर्मसम्बन्धी शास्त्रीय विचारहरूको विश्लेषण गरेका छन् । यिनले समाजका विभिन्न पक्ष र हाम्रा परम्परागत प्रचलित गतिविधिबारे व्यवहारिक अध्ययन गरी गुण-अवगुण, राम्रा नराम्रा पक्षहरूको झल्को दिनाका साथै तिनलाई केलाउने काम गरेका छन् ।

### ५.२.२ *शरण* निबन्धको अध्ययन

यस निबन्धमा शाक्यले बुद्धं शरणं गच्छामि । धम्मं शरणं गच्छामि । संघं शरणं गच्छामि भन्ने बुद्धधर्मको आदर्शलाई स्थापित गर्न सकिने धारणा राखेका छन् । मानिस विभिन्न अभावहरूमा पिल्सिएर विभिन्न क्षेत्रहरूमा शरण लिन पुग्ने कुराको चर्चा शाक्यले यसमा गरेका छन् । जहाँ शरण लिए तापनि सबैभन्दा ठूलो सुखको मार्ग भनेको बुद्धको शरणमा पुग्नु हो । शाक्यले भगवान् बुद्धले शरणका विषयमा (ने तं खो सरणं खेमं ने तं सरणमुत्तमं । ते तं सरणमा गम्म, सब्बा दुक्खा पमुच्यति) । डरले गर्दा मानिसहरू पर्वत, वन, उद्यान, वृक्ष र तीर्थस्थानको शरण लिन जान्छन् किन्तु यो शरण मंगलदायक होइन भन्ने बुद्धका धारणालाई प्रस्ट पार्दै, बुद्धले

दिएका आर्यअष्टाङ्गिक मार्गलाई प्रज्ञादृष्टिले हेरेको छ त्यसको शरण नै रक्षादयाक उत्तम उपाय रहेको उल्लेख गर्दै शरण लिएर नै मानिस सबैप्रकारका दुःखबाट मुक्त हुन्छ भन्ने विचार व्यक्त गरेका छन् ।

## ५.२.३ *बुद्धको उपदेश र धर्मचक्रप्रवर्तक* निबन्धको अध्ययन

बुद्धले मानवकल्याणको निम्ति दिएका उपदेशहरूलाई यस निबन्धमा समावेश गरिएको छ । बुद्धले ज्ञान प्राप्त गरिसकेपछि पञ्चभद्रवर्गीय भिक्षुहरूलाई सबैभन्दा पहिला शिक्षा दिएका थिए भन्ने कुराको उल्लेख गर्दै यसलाई धर्मचक्र प्रवर्तक भनिने कुराको चर्चा गरेका छन् । बुद्धले मानव जीवनको कल्याणका निम्ति चार प्रकारका आर्यसत्य र अण्टांक मार्गको शिक्षा दिएका छन् । ती उपदेशहरूलाई एकसठ्ठी जनाभिक्षुहरूलाई बाँडेर धर्म प्रचार गर्न पठाएका थिए । ती भिक्षुहरूले कुनै पनि धर्मको आलोचना नगरिकन बुद्धका उपदेश दिएको कुरा उललेख गरेका छन् । भिक्षुहरूले बुद्ध धर्म प्रचारप्रसार गर्न विश्वको कुनै पनि ठाउँमा विवाद र द्वन्द्व नभएको उललेख गर्दै आधुनिक समयमा पनि बुद्धधर्म सम्बन्धी विचारहरू वैज्ञानिक र जीवनोपयोगी भएको चर्चा गरेका छन् । अनैतिक र असंयमी भएर सयवर्ष बाँच्नुभन्दा सदाचारी र ध्यानी बनेर एकदिन जिउनु उपयुक्त हुने भन्ने बौद्धदर्शनमाथि निबन्धकारले गहिरो दृष्टिकोण राखेका छन् ।

## ५.२.४ *प्रेम* निबन्धको अध्ययन

यस निबन्धमा प्रेम वास्वतमा हृदयबाट द्रविभूत हुनुपर्छ, यदि आत्मदेखि आएको प्रेम छैन भने त्यो ढोगी हुनसक्छ भन्ने धारणा निबन्धकारले उल्लेख गरेका छन् । जुन व्यक्तिसँग प्रेम छ र प्रेमको अनुभव छ त्यसलाई प्रेम भनेको के हो थाहा हुन्छ । त्यसले समस्त संसारलाई प्रेममय देख्छ । उसलाई सृष्टिको प्रत्येकवस्तु आनन्दायी हुन्छ । ऊ कसैसँग द्वेष गर्दैन । प्रेम एक जङ्गलीलाई दयालु, अविवेकीलाई विवेकी, मूर्खलाई चलाख बनाउने तत्त्व भएको कुरा निबन्धकारले

यसमा प्रस्तुत गरेका छन् । दाम्पत्य जीवनम सुख प्राप्त गर्ने माध्यम नै सच्चा तथा निर्मल प्रेम भएको उल्लेख गरिएको छ । कुनै व्यक्तिको देखिने शारीरिक अङ्गहरूबाट प्रेम द्रविभूत हुन नसक्ने यो त हृददेखि उत्पन्न हुने कुरा हो भन्ने धारणा निबन्धकारले प्रस्तुत गर्नु नै यस निबन्धको प्रमुख उपलब्धि हो ।

### ५.२.५ *महापरिनिर्वाण* निबन्धको अध्ययन

यस निबन्धमा बुद्धले महापरिनिर्वाणलाई कसरी लिनुभएको छ र बुद्धधर्ममा मृत्युलाई किन महापरिनिर्वाण भनिन्छ ? भन्ने विषयमा चर्चा गरिएको छ । बुद्धले निर्वाणलाई मानव जीवनकै श्रेष्ठ सुख भनी चर्चा गरेका छन् । निर्वाण भनेको ईश्वरसँग लीन हुनुभयो भनेको होइन तृष्णा छुट्यो भनेको हो । बुद्धधर्ममा निर्वाणको अर्थ तृष्णाबाट छुटकारा पाउनु हो किन कि मानव जीवन तृष्णा र दुःखको जालो हो भन्ने विषयमा निबन्धकारले चर्चा गरेको छन् । बुद्धले मृत्युमा मात्र सुख प्राप्त नहुने विचार व्यक्त गर्दै मानिसले राग-द्वेषप्रति विजय गरेर आर्यसत्यहरूको निरन्तर ध्यान गर्दै यदि कुनै मानिस समाधिद्वारा ज्ञान प्राप्त गर्दछ भने ऊ सर्वथा मुक्त हुने कुराको यसमा उल्लेख गरिएको छ । यस निबन्धमा बुद्ध ८० वर्षको उमेरमा निर्वाण भएका र मृत्युपछि पुनर्जन्म सम्भव नहुने बौद्धमार्गी विचारलाई प्रस्ट पारिएको छ ।

### ५.२.६ *बुद्धको सिद्धान्तमा समानता* निबन्धको अध्ययन

वैदिक धर्मावलम्बीको कुलमा भगवान् बुद्धको जन्म भएको हो । बुद्धत्व प्राप्तिपछि उनले आफ्नो कुल परम्परादेखि चलिआएका कुराहरू निकै संशोधन गरे । वैदिक धर्मको मूलधार ईश्वरीय सत्तालाई स्वीकार गर्नु रहेको छ तर बुद्धको सिद्धान्तले यसको उल्टो दिशा अपनाउँदा बुद्धधर्ममा ईश्वरमा विश्वास नराख्ने र आत्मालाई नमान्ने नै मूल कुरा बन्न गएका कुरा पस्तुत निबन्धमा चर्चा गरिएको छ । त्यस्तै वैदिक धर्ममा भएको वर्णव्यवस्थामा बुद्धको धारणा समान रहेको छ । ब्राह्मणहरू जातले नभई कर्मले ज्ञानवान हुन्छ । ब्राह्मणहरू आफूलाई उच्च

जातको ठान्ने र अन्य समुदायलाई निम्नवर्गको व्यवहार गरेर कार्यमा समानता आउन सकेको छैन । यस प्रकार देखापरेका सामाजिक असमानता हटाई मनमा स्वस्थता ल्याउन आन्तरिक र बाह्य दुवैको चाँजो मिल्नुपर्छ भन्ने बौद्धिक धारणालाई यस निबन्धमार्फत प्रस्ट पार्न खोजिएको छ ।

### ५.२.७ *बुद्धधर्ममा सङ्घको महत्त्व* निबन्धको अध्ययन

यस निबन्धमा निबन्धकारले बौद्धमार्गी भिक्षुहरूलाई सङ्गठित राखी बौद्धउपदेशहरूको शिक्षा दिने गरिन्छ र यसरी सङ्गठित हुनुलाई सङ्घ भनिन्छ भने तिनीहरू बस्ने स्थानलाई सङ्घाराम भनिन्छ भन्ने विषयमा चर्चा गरेका छन् । यसमा सङ्घमा आबद्ध भएपछि तिनीहरूले २२७ वटा नियमहरूको पालना गर्नुपर्ने तथा गृहत्याग गरी बुद्धको शरणमा जाने भिक्षुणीहरूको लागि ३११ वटा नियमको पालना गर्नुपर्ने जानकारी दिएका छन् । यसरी बौद्ध सङ्घमा आबद्ध भइसकेपछि सङ्घनियम पालना नगर्नेलाई भिक्षु सङ्घबाट निकालिने चर्चा पनि गरिएको छ । त्यस्तै निबन्धकारले भिक्षुहरूले पालना गर्नुपर्ने र पूरा ज्ञान नभई ऋद्धिप्रदर्शन नगर्ने आदि कुराको चर्चा गरेका छन् ।

### ५.२.८ *थेरवादी बुद्धधर्म* निबन्धको अध्ययन

यस निबन्धमा बुद्धका उपदेशहरूलाई मानिसहरूले आ-आफ्नो ढङ्गबाट अर्थ लगाएको कुराको चर्चा गरिएको छ । तिनीहरूबीच हीनयान र महायान गरी दुई भागमा विभक्त भए । मूल पालीमा रहेको त्रिपिटकमा उल्लिखित उपदेशहरूका अनुयायीहरू हीनयानी हुन् । हीनयान नाम उपयुक्त नलागेकोले यसलाई थेरवाद भनिएको छ । थेरवादमा चार आर्यसत्य, आर्य अष्टाङ्गिक मार्ग, दशशील, चार भावनाहरूको विशेष चर्चा निबन्धकारले उललेख गरेका छन् । यसमा विश्वका श्रीलङ्का, बर्मा, कम्युचिया, थाइल्याण्ड, लाओस र भियतनाम आदि देशहरूमा थेरवादी बुद्ध व्यवहारको प्रचार भइरहेको चर्चा समेत गरिएको पाइन्छ ।

## ५.२.९ *बुद्धको व्यावहारिक दृष्टिकोण* निबन्धको अध्ययन

लेखकले यसमा बुद्धले दिएको ज्ञानलाई व्यवहारिक दृष्टिकोणबाट हेर्ने प्रयास गरेका छन् । निबन्धकारले बुद्धद्वारा प्रतिपादित चार आर्यसत्य अष्टाङ्गिकमार्ग, दसशील आजको परिवेशमा समेत उत्तिकै महत्त्वपूर्ण मानिएको चर्चा गरेका छन् । बुद्धकोपञ्चशील, प्राणी हिंसा नगर्नु, नचोर्नु, व्यभिचार नगर्नु, झूटो नबोल्नु र मद्यपान नगर्नु आजको प्रतिस्थपार्धात्मक युगमा समेत उपयोगी सिद्ध भएको चर्चा गर्दै समाजमा मानिस मानिसकाबीच झै-झगडा, विवाद, खराब दृष्टिका कारण सामाजिक संरचना खतरामा पुग्ने अवस्थामा यिनका उपदेशहरूको खोजी गर्नु आजको आवश्यकता हो, भन्दै शाक्यले बुद्धका उपदेशहरूलाई आजका मानवसभ्यतासँग तुलना गरी प्रस्तुत गरेका छन् ।

## ५.२.१० *मानवधर्म* निबन्धको अध्ययन

यस निबन्धमा निबन्धकारले विश्वमा विभिन्न धर्म तथा धर्मशास्त्रहरूको प्रतिपादन भएको चर्चा गरेका छन् । तिनको प्रचार प्रसार पनि भएको छ । मानिसले अनुशरण गरेको कुरा  उल्लेख गर्दै छन् तर सबैभन्दा ठूलो धर्म मानवधर्म हो भन्ने विषयमा चर्चा गरिएका छन् । मानवधर्म यस्तो धर्म हो जो सर्वजन हितायबाट अभिप्रेरित भएको हुन्छ । मानिस मानिसबीच सहयोगी बन्नु, हिंसा, नगर्नु, चोरी नगर्नु, मद्यपान नगर्नु साथै आर्यअष्टाङ्गिकमार्गको पालना गर्नु मानवधर्म हो जुन बुद्धको उपदेशमा व्याख्या गरिएको छ । त्यस्तै मानवधर्म भन्नाले मानवसँग सम्बन्धित सबै वस्तुमा लागू हुन्छ । जस्तै छरछिमेक, चराचुरुङ्गी र पशुहरू आदि । मानिसहरूको यिनीहरूसँग सम्बन्ध पूर्ण मानवीय हुनुपर्दछ । मानिसले आफूलाई विवेकशील भनी गौरव मान्दछ भने उनीहरूप्रतिको शासन र अवहेलनालाई छाड्नुपर्दछ नत्र मानिसमा मानवता रहेको ठहर्दैन भन्ने धारणा राख्दै निबन्धकारले यसमा सबैभन्दा निकटको सम्बन्ध बौद्धमार्गीहरूमा भएको कुरा उल्लेख गरेका छन् ।

### ५.३.११ ***बौद्धभावना* निबन्धको अध्ययन**

बौद्धमार्गीहरू बुद्धधर्मको आदर्शबाट मुक्त नुहने तथा उनीहरूमा बुद्धका उपदेशहरूको पूर्ण पालना हुनुपर्ने विषयमा निबन्धकारले निबन्धमा चर्चा गरेका छन् । यिनले आजको सन्दर्भमा बौद्धभिक्षुहरू बनेका कतिपय मानिसहरूमा सेक्स, रिस, क्रोध, आशङ्का आदि कुराहरूबाट मुक्त हुन नसकेको कुराप्रति चिन्ता व्यक्त गर्दै त्यस्ता व्यक्ति नै बुद्ध भावनाबाट निर्देशित हुन्छन्, जुन व्यक्तिहरू बहुजन हिताय, बहुजन सुखायका निम्ति सदैव तल्लीन रहन्छन् विषयमाथि चर्चा गरेका छन् । ब्राह्मण, क्षेत्री, वैश्य र शुद्र कहिले जोसुकै पनि प्रवर्तित भएर बौद्ध बनेका छन् भने प्रवर्तित नभइ आचारणद्वारा बौद्ध बनेका पनि धेरै छन् । यसै आचरणसहितको बौद्ध भावना नै वास्तविक बौद्धभावना हो भनी चर्चा गरिएको छ ।

### ५.३.१२ ***बुद्धधर्ममा गुरु शिष्यको कर्तव्य* निबन्धको अध्ययन**

यस निबन्धमा बुद्धधर्म वास्तवमा आचरण धर्म हो । आचरणशुद्धीलाई नै धर्म भनिएको कुरा बुद्धका उपदेशद्वारा प्रस्ट पार्न खोजिएको छ । मानिसले आफ्नो दोष आफैले देख्दैन । प्रायः जसो आफ्नो दोष अरुले देखिराखेको हुन्छ । यस्तो दोषलाई देखाइदिने जोकोहीलाई गुरुसमानको व्यक्ति भन्दछन् भन्ने कुरा निबन्धकारले चर्चा गरेका छन् । निबन्धमा गुरुले शिष्यप्रति गरिने शिष्ट व्यवहार तथा शिष्यले गुरूप्रति गरिने शुद्ध आचरणलाई व्याख्या गरिएको छ । आजको युगमा पनि बौद्धजगत्मा गुरु र शिक्ष्यपरम्परा भगवान् बुद्धका उपदेशअनुसार कायम रहेका विभिन्न बौद्ध गन्थ्रहरूमा देमा पाइएको चर्चा समेत यस निबन्धमा गरिएको छ । बुद्धोपदेशअनुसारको गुरु शिष्यको कर्तव्य सर्वजनीन भएको उल्लेख गर्दै यसमा बुद्धधर्म भनेको वास्तविक जीवन हो, संस्कार होइन भनी चर्चा गरिएको छ ।

## ५.२.१३ *अशोकको बुद्धधर्मप्रचारमा देन* निबन्धको अध्ययन

यसमा भगवान् बुद्धको उपदेशअनुशरण गर्ने बौद्धहरूमध्ये प्रचार-प्रसारको माध्यममा सम्राट अशोकलाई नै विशेष रूपमा लिन सकिने कुराको व्याख्या गरिएको छ । भारतवर्षका राजा सम्राट अशोकले नजिकै रहेको कालिग राज्यमा हमला गरी विजय प्राप्त भयो तर उनको विजित राज्यमा युद्धको समयमा भएको हिंसाका कारण मानिसको रगत बगेकोदेखि आई युद्धको पक्षमा नलाग्ने वाचा गरी अहिंसात्मक बौद्धमार्गको अनुसरण गरे । उनले बौद्धधर्मको बारेमा विश्वका विभिन्न राज्यहरूमा प्रचारप्रसार गरे । थुप्रै ठाउँमा बौद्ध विहारहरूको निर्माण गरे। ठाउँठाउँमा बौद्धमार्गी उपदेशहरूलाई लिपिबद्ध गर्ने काम पनि गरेर यिनले प्रचार प्रसारका क्रममा ठूला ठूला ९ वटा स्तम्भहरू, स-साना ४ वटा स्तम्भ लेख, विभिन्न स्थानमा भिक्षुहरूको बासका लागि ४८००० विहार भवन र ८४००० स्तुप निर्माण गरे । यिनले आफ्नो राज्यको कुनाकुनामा शिलालेख, स्तम्भलेख र गुहालेखहरू तयार गरेको जानकारी दिँदै बुद्धधर्म प्रचारमा सम्राट अशोकले खेलेको भूमिकाको चर्चा निबन्धकारले यसमा गरेका छन् ।

## ५.२.१४ *बौद्धतीर्थस्थल चारधामका अवशेष* निबन्धको अध्ययन

यस निबन्धमा भगवान् बुद्धले प्राप्त गरेको जन्मस्थान लुम्बिनी, तपस्या गरेको स्थान बोधगया, बुद्धत्व प्राप्तिपछि आफूले पहिलो पटक उपदेश दिएको ठाउँ सारनाथ र निर्वाण प्राप्त गरेको स्थान कुशिनगर आदि क्षेत्रहरूको वस्तुगत वर्णन गरिएको छ । यसमा बुद्धको जन्मस्थान लुम्बिनीको स्वरूप, स्थापित बौद्धविहार तथा चैत्यहरू अशोकस्तम्भ, मौर्यकालमा प्राप्त १५' ५"×१२' ५" को कोठा र ५' ५" नयाँ स्तुपको वर्णन गरिएको छ । त्यस्तै बोधगयामा भएका वृक्ष, त्यहाँको ५० फिट चौडा मन्दिर आदिको वर्णन छ भने सारनाथको बौद्धस्तुपहरू लिपिहरूको उल्लेख गरिएको छ । त्यस्तै निबन्धकारले महापरिनिर्वाण प्राप्त

गरेको स्थान कुशिनगरका सालका वृक्ष, २० फिटको बुद्धमूर्ति आदि कुराहरूका बारेमा सजीव चित्रण गरेका छन् ।

### ५.३.१५ *धर्मको कुरा* निबन्धको अध्ययन

यस निबन्धमा लेखकले धर्मविषयक विभिन्न विचारहरू माथि छलफल गरेका छन् । मानिसले आफूले गरेको कार्यलाई नै धर्म सम्भने परिपाटीको चर्चा गर्दै निबन्धकारले धर्मको अर्थ धारणा गर्नु वा साहरा लिनु हो भनी उल्लेख गरेका छन् । पूर्वीय वा पाश्चात्यजगत्मा देखापरेका विभिन्न धर्मावलम्बीहरूले मठ, मन्दिर, मस्जिद, गिरिजाघर आदिमा गएर पूजा गर्नुलाई मात्र पनि धर्म सम्भन्छन् तर यस प्रकारका गतिविधिहरूलाई धर्म भन्न नमिल्ने विचारहरू निबन्धकारले अगाडि सारेका छन् ।

यिनले वास्तविक धर्म नम्रता, प्रेम, विश्वास, सहनशीलता, समानता र बन्धुत्व, हो । राजनीति, व्यापार, व्यवसाय, कला, सङ्गीत, शिक्षा, सदाचार र परम्परा आदि सबै मानवोचित गुणले युक्त गरी सबै धर्मलाई पुष्टि पार्ने प्रयास गरेका छन् । साँचो बोल्ने, पारस्परिक सहयोग र सद्व्यवहार गर्ने कुरा नै धर्मभित्र समावेश गरिएको खण्डमा धर्म भ्रमको विषय नभई त्यसको स्पष्ट अर्थ खुल्ने गर्दछ । जस्ता विचारहरू यस निबन्धमा पाउन सकिन्छ ।

### ५.३.१६ *बौद्ध संस्थामा सदस्य हुँदैमा बौद्ध होइन्न* निबन्धको अध्ययन

यस निबन्धमा बुद्धका उपदेशहरूको पालना नगर्ने केवल बुद्धसम्बन्धी प्रवचन, गुम्बा आदिम उपस्थित रहेर बौद्धधर्मावम्बी हुँ भन्नेहरू प्रशस्त छन् भन्ने कुराको उल्लेख गरिएको छ । यस्तो सङ्कट टार्न विभिन्न बौद्ध संस्था स्थापना गरेर बौद्धदर्शनको प्रचार प्रसार गरेर पञ्चशील सम्बन्धमा चेतनाजागृत गर्नुपर्दछ तर हिजोआज त्यस्ता सङ्घ-संस्थाहरूमा अबद्ध मानिसहरू प्रशस्त भेटिने र उनीहरूको भूट ढोगी प्रवृत्तिलाई भन्ने त्यागन नसकेको कुरा निबन्धकारले व्यक्त गरेका छन् ।

यिनले बुद्ध र बुद्धधर्मसँग सम्बन्धित सङ्घ-संस्थाका सदस्यहरूले मनसा, वाचा, कर्मणा बुद्धप्रति समर्पित हुनु नितान्त आवश्यक छ भन्ने सुझाव दिन्छन् ।

### ५.३.१७ *ऐतिहासिक विहार पूजा* निबन्धको अध्ययन

यस निबन्धमा लेखकले मञ्जुश्रीले काठमाडौँ खल्डोको पानी बगाएपछि यहाँको ठाउँ बसोवास योग्य भएको र उनका शिष्य भिक्षु गुणाकर यहाँको साहेंगु विहारमा बसेको कुरा उल्लेख गरिएको छ । निबन्धमा यो नै सबैभन्दा पुरानो विहार हो । आधुनिककालमा पनि बौद्धविहारहरू प्रशस्त छन् तर काठमाडौंका बज्राचार्य मिलन केन्द्रले स्थापना गरेको विहार सबैभन्दा उच्चस्तरको रहेको कुरा उल्लेख गरिएको छ । निबन्धकारले यस विहारको स्थापना भएपछि वर्णव्यवस्थाका आधारमा मानिसलाई गरिने असमान व्यवहार नारी उत्थानलाई महत्त्वपूर्ण स्थान, धार्मिक जागरणको सामूहिक उत्थान र संस्थागत उन्नतिमा आत्मनिर्भर भई लाग्ने प्रयास भएको धारणा व्यक्त गरेका छन् ।

### ५.२.१८ *बौद्धविहारको विजोग र संरक्षणको आवश्यकता* निबन्धको अध्ययन

बौद्धविहारहरूमा देखा परेका अनैतिक क्रियाकलापप्रति असन्तुष्टि व्यक्त गर्दै लेखकले ती बौद्धविहारहरूको संरक्षण गर्नु सबैको साझा कर्तव्य हो भन्ने धारणा व्यक्त गरेका छन् । नेपालमा सबैभन्दा पुरानो साहेगुविहार रहेको कुरा उल्लेख गर्दै निबन्धकारले विहार मूर्तिहरू चोरिनु, लुटिनु, क्षति हुनु आदि समस्यहरू देखापरेका छन् । ती ऐतिहासिक धरोहरहरूको संरक्षणमा उचित व्यवस्थापन गर्नु पर्ने सुझाव पेस गरेका छन् ।

### ५.२.१९ *कपिलवस्तु सम्बन्धमा छोटो सारसङ्ग्रह* निबन्धको अध्ययन

यस निबन्धमा कोशल देशका राजा ओक्काकले कान्छी रानीका छोरा जयन्तुलाई राज्य दिलाउन जेठी रानीका चार छोरा र पाँचा छोरीलाई निष्कासित गरेका थिए तर यिनीहरूलाई कपिलमुनिले आश्रय दिएको हुनाले उनैका नामबाट उनीहरूले कपिलवस्तु राज्यको स्थापना गरेका थिए भनिन्छ । यो स्थान ई. पू. ५०० तिर विनाश भएको थियो । ई.पू.२४५ वर्षतिर सम्राट अशोकले एउटा स्तम्भ स्थापना गरी बुद्ध जन्मेको स्थानको चिनारी गराए । त्यसपछि चिनिया यात्रीहरू हुएनसाङ्ग र फाहियानले कपिलवस्तुको प्रचार प्रसार गरेका थिए । सन् १९ औँ शताब्दीमा फ्यूहररले लुम्बिनीको पत्ता लगाएपछि गौतमबुद्धको जन्मस्थान किटान भएको थियो । हाल यस स्थानमा समय समयमा उत्खनन् भई प्राचीन महत्त्वपूर्ण अवशेषहरू फेला पारेको जानकारी भएको उल्लेख गरिएको छ ।

### ५.२.२० *बुद्धजयन्ती* निबन्धको अध्ययन

यस निबन्धमा अहिंसा दिवस बुद्धको जन्मभूमि नेपालमा बुद्धधर्मको प्रचार प्रसारको अभाव रहेको चर्चा गरिएको छ । भगवान बुद्ध जन्मेको , ज्ञानप्राप्त गरेको निर्वाण प्राप्त गरेको दिन एउटै वैशाख पूर्णिमाको दिन परेको जानकारी निबन्धमार्फत् दिइएको छ । धर्म जिउनुका लागि हो अमरहित भइ जिउन बुद्धले दिएको सन्देश हो । यिनले हिंसालाई पूर्ण वर्जित गरेका छन् तर यहाँ विभिन्न देव देवताका नाममा पशुबली दिइन्छ भन्ने कुरा उल्लेख गरेका छन् । पशुवली हिंसा हो सम्भवतः यसलाई पूर्णतयाः अन्त्य गर्नु सम्भव नभए बुद्ध जयन्तीका दिनमा कुनै पनि प्राणीको हिंसा नहोस् । गौतमबुद्धको शान्तिको सन्देश विश्वभर फैलाउन हामी सबै जुट्नुपर्छ भन्ने  निबन्धकारले बुद्धजयन्तीलाई अहिंसा दिवसका रूपमा मनाउनुपर्ने सुझाव प्रस्तुत गरेका छन् ।

### ५.२.२१ *नेपालमा बज्रयानको भविष्य* निबन्धको अध्ययन

निबन्धमा सम्राट अशोकको समयमा बुद्धधर्मवलम्बीहरू दुई निकायमा विभाजित भए । ती हुन् महासांधिक र स्थविरवाद यी दुई निकायहरू पनि १२५ वर्षपछि १८ निकायमा विभाजित भए । १८ निकाय पनि योगचार र माध्यमिक दुई निकाय प्रसिद्ध भए । यी दुवै महायानसँग सम्बन्धित निकाय हुन् । यी महायानीहरू एउटा ज्ञानमार्गी र अर्को भक्तिमार्गी भई देखापरे । धेरै समयपछि बुद्धधर्ममा रहस्यवादको प्रार्दूभाव भएपछि त्यसको उपजस्वरूप बज्रयानको विकास भएको हो । यसको उद्‌भव उत्तरभारतमा भएको छ । नेपालमा बज्रयानको आरम्भ आठौं शताब्दीतिर भएको उल्लेख गर्दै निबन्धकारले बौद्धभिक्षु भएर मात्र बुद्धत्व ग्रहण गर्न सकिन्छ भन्ने धारणाको विपरीत भिक्षु नभए पनि बुद्धत्व ग्रहण गर्न सकिन्छ मात्र अचारणमा परिवर्तन गर्नुपर्छ भन्ने धारणाको विकास भएको विचार व्यक्त गरेका छन् ।

### ५.२.२२ *बौद्धहरूलाई हिन्दू भनेर किन भन्छन्* निबन्धको अध्ययन

यस निबन्धमा निबन्धकारले लेखकले बौद्धधर्मावलम्बीहरूलाई किन हिन्दूधर्मको शाखा मानिएको छ ? भन्ने कुराको विश्लेषण गरेका छन् । हिन्दूधर्म कुल देवी, देवताका मूर्ति पूजा गर्दछन् । यिनीहरूमा बली दिने प्रथा व्याप्त छ भने अहिंसाका पक्षपाती बौद्धहरूलाई किन हिन्दूहरूको शाखामा राखिन्छ ? बुद्धधर्म एउटा छुट्टै प्रकारको धर्म हो । हिन्दूधर्ममा विद्यमान अमानवीय संस्कारहरूको विरुद्ध नवसंस्कार प्रतिपादन गरिएको धर्मबुद्धधर्म हो भनी निबन्धकारले आफ्ना विचारहरू व्यक्त गरेका छन् ।

### ५.२.२३ *धर्म र व्यवहार* निबन्धको अध्ययन

यस निबन्धमा मानिसहरूले विभिन्न कार्यहरू गर्दछन् । व्यापारीले व्यवसायलाई धर्म मान्दछ, चोरले चोरी गर्नुलाई धर्म मान्दछ, लोभीव्यक्तिले लोभ

गर्नुलाई धर्म मान्दछ आदि क्रियाकलाप गर्दै धर्मपालना गरेका मानिसहरू विश्वमा चर्चा गरिएको छ । मानिसको स्वभावको पहिचान गर्न गाह्रो हुने विचार व्यक्त गर्दै निबन्धकारले कति मानिस साधु पनि चोर बनिरहेका हुन्छन् भने कति चोर पनि साधु बनिरहेका छन् भन्ने कुरा उल्लेख गरेका छन् । यिनले सबैभन्दा उत्तम मनसा, वाचा, कर्मणा मनले जे देख्छ, त्यही बोल्ने र जे बोल्यो त्यस्तै गर्ने व्यक्तिहरूले पालना गरेका आदर्शहरू नै वास्तविक धर्म हो भन्ने धारणा व्यक्त गरेका छन् ।

## ५.२.२४ *बुद्धधर्मको सामान्य सार* निबन्धको अध्ययन

यस निबन्धमा निबन्धकारले भगवान् बुद्धले प्राणीहरूको उद्धारका लागि धेरै कुरा बताउनु भएको चर्चा गर्दै ती कुरा भिक्षुहरूलाई पूर्ण ज्ञान छ । जहाँसम्म यस संसारको जीवन र परम्पराको कुरा बुझ्न सकिँदैन त्यहाँसम्म कसैले पनि आफ्नो जीवन उभो लगाउन सक्दैन भन्ने कुरा उल्लेख गरेका छन् । बुद्धले दिएका शिक्षालाई मानिसले बुझेर व्यवहारमा लागू गर्न सक्यो भने त्यस्ता व्यक्तिले बुद्धधर्मलाई बुझ्यो भनेर जान्नु भनी बुद्ध आफैले भनेको कुरा उल्लेख गर्दै शाक्यले बुद्धधारणालाई बुझ्न आग्रह गरेका छन् ।

## ५.२.२५ *बुद्धधर्म ह्रास हुनुमा बौद्धकै कमजोरी* निबन्धको अध्ययन

यस निबन्धमा शाक्यले बुद्धले अगाडि सारेको क्रान्तिको पाइलालाई कलान्तरमा नेपालले बङ्ग्याउँदै लगी पुनः जातिवाद शोषण, उत्पीडन वा हिंसा, बलि जस्ता संस्कारलाई बढवा दिँदै लगियो; फलस्वरूप आज नेपालमा बौद्धहरू पञ्चशील विरुद्ध पञ्चमकार प्रयोग गरी आफूलाई पक्का बौद्ध ठान्ने भइरहेको बारेमा चर्चा गरेका छन् । यिनले नेपालमा थेरवादको अतिरिक्त बुद्धधर्मले जरो गाड्दै आजसम्म पनि जस्तो जातिवाद र हिंसालाई प्रमुखता दिने बौद्धहरू कर्मकाण्डले नै धर्मलाई बचाइराखेको चर्चा गरेका छन् । कर्मकाण्ड वास्तवमा जुनसुकै वाद र निकायमा रहेको हुन्छ तर यहाँ त्यस प्रकारको कर्मकाण्ड छ जसले

मानवबीचका भेदभावलाई उब्जाइरहेको छ भन्दै निबन्धकारले मानिसबाट मानिसको शोषण हुने कुरामा जोडदिने काम भइराखेको उल्लेख गरेका छन् ।

## ५.२.२६ *ज्ञानमालाभजन र प्रयोगको भाषा* निबन्धको अध्ययन

निबन्धकाले यस निबन्धमा बुद्धका उपदेशहरूले भजनको रूप लिएपछि ठाउँ ठाउँमा भजनहरू गाउँदै हिँडेको कुरा चर्चा गरेका छन् । यिनले समयक्रमसँगै यस्ता भजनहरूका अशिक्षाका पर्दालाई हटाइ युवा र नारीजगत्मा चेतनाको लेस बढाउने भजनहरूका रूपमा रूपान्तरण भएको कुरा उल्लेख गरेका छन् भजनमाला ज्ञानमाला बन्यो भन्दै यिनले नेवारहरूको बाहुल्य रहेको राजधानीमा हिन्दी र मैथली भाषालाई उछिनेर त्यहाँकै स्थानीय भाषामा भजनहरू गाइदै गए, जसले गर्दा नेपाली, मैथली , मगर, थारु आदि भाषीहरूलाई सो भजनमाला दुर्बोध्य लाग्यो र यसप्रकार यस्ता भजनहरू प्रत्येक मातृभाषामा सिर्जना गरेर सामाजिक जागरण र मानवीय जागरणलाई उच्च धरातलमा पुऱ्याउन सुझाव दिएका छन् ।

## ५.२.२६ *पुरातत्वको विकासको छोटो परिचय* निबन्धको अध्ययन

यस निबन्धमा लेखकले पुरातत्वको विकास कुन समयमा भएको थियो ? यो कसरी नेपालमा स्थापित हुन पुग्यो र यसले हाल कसरी काम गरिरहेको छ ? भन्ने कुरा स्पष्ट पार्ने प्रयास गरेका छन् । सर्वप्रथम ई.पू. छैठौ शताब्दीमा बेलिलोनका राजा बेलस्तजाकी बहिनी बेसाल्टीले पुराना वस्तुहरू सङ्ग्रह गर्ने इच्छा प्रकट गरेदेखिबाट पुरातत्वको खोजी हुन थालेको जानकारी निबन्धकारले दिन्छन् । त्यसपछि इतिहास दर्शनका पिता हेरोडोटसदेखि प्लेटो एरिस्टोटल आदि विद्वान्हरूले यस कार्यलाई निरन्तरता दिएका थिए । नेपालमा भने १९ औं शताब्दीमा फ्युहररले अशोकस्तम्भको पत्ता लगाई त्यसका लिपिहरूको सङ्कलन गरेका थिए । त्यसपछि नेपालका जनकपुर, बिराटनगर, लुम्बिनी आदि स्थानहरूमा उत्खनन् हुँदै आएको उल्लेख गरिएको कुरालाई निबन्धकारले यस निबन्धमा उल्लेख गरेका छन् ।

### ५.२.२८ *दशैं राष्ट्रिय चाड रहेने* निबन्धको अध्ययन

यस निबन्धमा नेपालीहरूको बडादशैंको महत्त्वका विषयमा छोटो जानकारी पाइन्छ । निबन्धकारले राष्ट्रिय चाड भनी उल्लेख गर्दा जति नेपालीहरू समेटिन्छन् हिन्दू चाड भन्दा त्यति समेट्न नसकेकोले चाडबाडमा सङ्कुचित भावनाले काम गर्दा राष्ट्रियता नै हराउँदै जाने विषयप्रति चिन्ता व्यक्त गरेका छन् ।

### ५.२.२९ *महामानव गौतमबुद्ध* निबन्धको अध्ययन

प्रस्तुत निबन्धमा गौतम बुद्धका उपदेशहरूलाई जीवनमा प्रयोग गर्न सकेमा सांसारिक दुःख, कष्टबाट टाढा रहन सकिने कुरा चर्चा गरिएको छ । यस्तै यसमा बुद्धका उपदेशहरूलाई मानवकल्याणका निम्ति मार्गदर्शन छन् भन्ने धारणा प्रस्तुत गरिएको छ । गौतमबुद्धले कुनै पनि परम्परावादीहरूलाई घृणा गरेका छैनन् । परम्पराका कुरीतिहरूलाई हटाउने , कुनै पनि व्यक्तिको अनुरोधको कदर गर्ने, सम्मान गर्ने प्रवृत्ति भएका, कर्मवादी धारणा भएका जनपक्षीय व्यवहारिक , मध्यमार्गी तथा विश्वधर्मी बुद्धको व्यवहारिक पक्षको अध्ययनलाई निबन्धकारले यस निबन्धमा चर्चा गरेका छन् ।

### ५.२.३० *बुद्धधर्म र आजको नेपाल* निबन्धको अध्ययन

यस निबन्धमा नेपालको प्राकृतिक सुन्दरता, यहाँको संस्कृति, भाषा जाति, धर्म आदिका बारेमा धेरै कविहरूले कविता लेखे । अनेकतामा एकताको पुष्पमाला उनिएको नेपाल त्यस्तै सुन्दर, शान्त र विशाल छ तर आजभोलि नेपालको राष्ट्रियता टाढिँदै गएको छ । नेपालीको भोजनमा विदेशी ह्विस्की, नेपालीको शरीरमा विदेशीले बुनेका कपडा , नेपालीहरूको संस्कृतिमा विकृति आदि कुराहरू देखा परेका छन् । यस्तो अवस्थामा बुद्धका उपदेशहरू स्वदेशीपन जोगाउन सिद्ध भएको चर्चा गरिएको छ । बुद्धले मानिसलाई मनपरेका सबै कुरा गर्न छुट दिएका र हानी हुने कुरा

नगर्न आग्रह गर्दछन् । त्यस्तै संस्कारमा क्षति पुऱ्याउने कुनै पनि तडकभडक नगर्न आग्रह गर्दछन् । त्यस्तै यौनदुराचारको कारण एड्स रोगको महामारी फैलिएको छ । यस्तो अवस्थामा बुद्धका दशशीलको अनुसरण गर्नुपर्ने सुझावलाई शाक्यले औँल्याउने काम गरेका छन् ।

## ५.२.३१ *गौतम बुद्धलाई मानिस भनी मान्नुपर्दछ* निबन्धको अध्ययन

प्रस्तुत निबन्धमा बुद्धलाई देवता भनी पूजाआजा गर्ने गरेको कुराको खण्डन गर्दै बुद्ध कुनै देवलोकका देवता होइनन् । यिनी हाम्रै पुण्यभूमि नेपालमा नै जन्मेका शान्तिका प्रतीक हुन् भनी विश्लेषण गरिएको छ । बुद्धका उपदेशहरू सङ्कलित ग्रन्थ त्रिपिटकको कुरा उल्लेख गर्दै बुद्ध महामानव हुन् । उनले मानिसकै सुख शान्तिका निम्ति उपदेशहरू दिँदै आफ्नो असी वर्षे जीवनकाल समाप्त गरे । बुद्ध मनोवैज्ञानिक चिकित्सक हुन् । यिनले कुनै देवलोक वा नरकको चर्चा गरेका छैनन् । मानवको आचरण शुद्धिका निम्ति उपदेश बाँडेका छन् । त्यसैले यिनको जन्म, मृत्यु, तिथि, मिति आदि तथ्यपूर्ण भएको हुनाले देवलोक वा स्वर्गका देवता भनी पुकार्न नहुने केवल यिनी महामानव हुन् भनी शाक्यले  यस निबन्धमा चर्चा गरेका छन् ।

## ५.२.३२ *समझदारीको महत्त्व* निबन्धको अध्ययन

प्रस्तुत निबन्धमा संसारका नैतिकवान् र आचरणयुक्त त्यस्तो व्यक्तिलाई भन्ने गरिन्छ, जसले मानवको अहित हुने काम गर्दैन र निर्धारित कर्तव्य पूरा गरेको हुन्छ । यसमा समाजमा शिक्षित भनाउँदा व्यक्तिहरूद्वारा भएको अन्यायपूर्ण तथा स्वार्थपरक क्रियाकलापबाट आदर्श समाज बन्न सक्दैन । त्यसैले मानिसमा समझदारीको भावना अत्यन्त महत्त्वपूर्ण हुन्छ । हाम्रो देशमा बेलाबेलामा हिन्दू र बौद्धधर्मालम्बीहरूका बीच समयसमयमा विवाद हुने गर्दछ । एकपटक २०५६ मंसिरमा सिद्धार्थनगरमा भएको अन्तर्राष्ट्रिय हिन्दू बौद्धसम्मेलनमा दुवै धर्मावलम्बीका बीच बौद्धधर्म हिन्दूधर्मको शाखा हो भन्ने विषयमा चर्को विवाद भयो तर

लामो समयको विवादपछि बौद्धधर्मलाई छुट्टै धर्मका रूपमा स्वीकार गरेर विवाद टुङ्गियो । त्यसैले हाम्रो समजमा फरक धार्मिक दृष्टिकोण भएका मानिसहरूका बीच पनि धार्मिक विषयलाई विवादको रूपमा नलिई समझदारीमा टुङ्ग्याउनु पर्दछ भन्ने विषयमा निबन्धकारले यसमा  व्यापक चर्चा गरेका छन् ।

### ५.२.३३ *भजन र ज्ञानमार्ग* निम्बन्धको अध्ययन

यस निबन्धमा निबन्धकारले देवतालाई मान्न अपनाउने २ प्रकारका मार्गहरूलाई देखाएका छन्, जस्तै भक्तिमार्ग र ज्ञानमार्ग । लयबद्धरूपमा देवताको गुणगान गर्नु भनेको भजन गर्नु हो । त्यस्तै काठमाडौंमा एउटा भजनको सृजना भएको छ । त्यसको नाम **स्वयम्भू ज्ञानमाला भजन** हो । यस भजनका मध्यमबाट राणाशासनकालमा शिक्षाको प्रचारप्रसार गरिएको थियो । बौद्धमार्गीहरू यस भजनमालामा विशेषरूपले सहभागी थिए । यस्तै प्रकारले भजन जिल्ला-जिल्लामा पनि सञ्चालन गरियो । यसका निम्ति आर्थिक सहयोग पनि जुटाउने प्रयास गरियो । यसरी भजनका माध्यमबाट शिक्षाको प्रचार गरी समाजलाई व्यवहारिक ज्ञान प्रदान गर्न सकिने कुरालाई यस निबन्धमा निबन्धकारले देखाएएर सत्मार्गमा मान्छेलाई  ल्याउन सकिन्छ  भन्ने भाव पोखेका  छन् ।

### ५.२.३४ *भगवान बुद्ध र र बहुजनहित* निबन्धको अध्ययन

प्रस्तुत  निबन्धमा भगवान् बुद्धले मानवजीवनको कल्याणका निम्ति आफ्नो राजनकीय सुख भोग त्यागेर संसारलाई दुःखबाट मुक्त गराउने उपाय सिकाए । उनले शान्तिलाई सर्वोपरी महत्त्व दिए । उनले मानव जीवनको कल्याणका निम्ति शील, समाधि र प्रज्ञालाई अनुसरण गर्न आग्रह गरेका छन् । शुद्ध आचरणले लोकहितका निम्ति अग्रसर हुन अरूको सर्वोपरिहितका निम्ति लाग्न उपदेश दिए । मानिसले स्वार्थ र तृष्णालाई त्याग्न सकेमा मानिसको जीवन सुखमय हुने बुद्धका भावनाको अनुसरण गर्न निबन्धकारले  पाठकलाई  यसमा अनुरोध गरेका छन् ।

## ५.२.३५ *क्रोधसम्बन्धमा धम्मपद* निबन्धको अध्ययन

शाक्यले मानिसका दस इन्द्रीयहरूको अति सम्पर्क भएको खण्डमा काम, क्रोध, लोभ, मोह, मद, मात्सर्य आदि चेतनाहरू सरिक भएका हुन्छन् । यसको सक्रियता नै मानिसको दुःखको कारण बनेको हुन्छ भन्दै यिनले इन्द्रीयजन्यहरूले गर्दा सक्रिय रहने एउटा विकार क्रोधको नियन्त्रण गर्ने विभिन्न उपायहरू अवलम्बन गर्न सकिने कुरा यसमा चर्चा गरिएको छ । मानिसले क्रोधलाई नियन्त्रण गर्न सक्नुपर्छ यसका निम्ति रिसाहा मानिससँग खुसी व्यक्त गरेर, माग्नेमाथि दयाभाव राखेर, शारीरिक व्यायम गरेर , अरुलाई निन्दा नगर्नु , मानसिक संयम र धीर हुनुपर्ने कुरालाई  निबन्धकारले यस निबन्धमा चर्चा गरेका छन् ।

## ५.२.३६ *लोकनीतिमा स्त्री–काण्ड* निबन्धकोअध्ययन

लोकनीति भनेको युगअनुसार बेलाबखत र परिस्थितिअनुकूल अनुभवको आधारमा सृजना भएका उद्गार र हुन् । मानिसले आफ्नो व्यवहार कुशलताका लागि यस्ता लोकनीतिलाई पालन गरी शिक्षा ग्रहण गरिआएको देखिन्छ । यस्ता लोकनीतिहरूमा स्वानीमानिसको रूप, चरित्र, कर्तव्य आदिका बारेमा चर्चा गरिएको हुन्छ । यस प्रकारका नीतिहरूमा जुन स्वास्नीमानिस भोजन गर्ने बेलामा र हुनाले सिँगारिएको बेलामा आमाजस्तै खुशी हुन्छे , गोप्य कुराहरू गर्ने ठाउँमा दिदीबहिनीहरू जस्तै लजालु हुन्छे , काम गर्ने बेला आएको बखत दासीले जस्तो सेवाको व्यवहार गर्छे , आपतविपत, डर, त्रासमा पर्दा सहयोग दिन्छे , श्रृङ्गार गर्नमा कुशल हुन्छे र लोग्ने रिसाएको बेलामा सहनशील हुन्छे । त्यस्ता स्वास्नीमानिस उत्तम हुन्छन् भन्ने विषयमा यस निबन्धमा चर्चा गरिएको छ ।

## ५.२.३७ *धम्मपदमा क्रोधवर्ग* निबन्धको अध्ययन

यस निबन्धमा क्रोध के हो ? क्रोधलाई कसरी नियन्त्रण गर्न सकिन्छ ? भन्ने पश्नको उत्तर प्राप्त गर्न सकिन्छ । क्रोध शब्द पालिमा 'क्रोध' भई प्रयोग भएको छ ।

नेपालीमा क्रोधलाई 'रिस' भनिन्छ । क्रोध भनेको मानिसमा उब्जने एकप्रकारको भावना हो । क्रोधले मानिसमा रौद्ररस उब्जाउँछ । यस सम्बन्धमा जसले बढ्दै गएको क्रोधलाई दौडेको रथलाई रोकेझैँ रोक्छ , त्यसलाई म साँचैको सवार भन्दछु , अरू त खालि लगाम मात्र समात्ने हुन्, वास्तविक सवार होइनन् । कोही पनि नैतिक सद्गुणलाई बिराएर उल्टो बाटोलाई अपनाउँछ भने त्यसप्रति प्रतिकार गर्नुको सट्टा उपकारी भई व्यवहार गर्नुपर्दछ भनी सद्गुणयुक्त सल्लाह निबन्धकारले यस निबन्धमा उल्लेख गर्दै क्रोधसम्बन्धी नकारात्मक धारणाको उन्मूलन गरेका छन् ।

### ५.२.३८ *जनगणनानुसार बौद्धसङ्ख्या* निबन्धको अध्ययन

निबन्धकारले नेपालमा गौतमबुद्ध जन्मुनभन्दा धेरै वर्ष अगाडि ककुच्छन्द, दिपंककर, तथागत आदि बौद्धहरूको जन्म भएको कुराको यसमाउल्लेख गरेका छन् । गौतमबुद्धको समयमा बौद्धहरूको सङ्ख्या निकै धेरै रहेको अनुमान गरिएको छ तर जनसङ्ख्या अत्यन्त कम रहेको तथ्याङ्क सार्वजनिक हुन्छ । त्यसैले जनगणना २०५८ सुरु भएको छ । शाक्यले यस अवसरमा आफ्नो धर्म, भाषा, जाति आदि कुराहरूलाई स्पष्ट रूपमा जानकारी दिन आग्रह गर्दै यो निबन्धको रचना गरेको जानकारी पाइन्छ । यस निबन्धलेखनले के बुझाउँछ भने धर्मसम्बन्धी जनगणना सुरु भइरहेको अवस्थामा आ-आफ्ना धर्मका व्यक्तिलाई गणना गरी यथार्थ जानकारी बाहिर ल्याउनुपर्छ भन्नु नै निबन्धकाको मूल उद्देश्य देखिन्छ ।

### ५.२.३९ *भगवान बुद्धले वंश त्यागे* निबन्धको अध्ययन

यसमा भगवान् बुद्धले बुद्धत्व प्राप्त गरेपछि उनी भिक्षु बने । उनी भिक्षाटनका निम्ति ठाउँ ठाउँमा डुले । उनले आफ्नो परम्परागत संस्कार त्यागे । उनले बुद्धत्व ग्रहण गरेर बुद्धवंशी बने । परम्परावादी धर्मावलम्बीहरूले अझै पनि उनलाई आफ्नो धर्मका अवतार मान्छन् तर उनी आफ्नै वंश स्थापित गरेर शुद्ध

मौलिक धर्मको सम्बर्द्धनमा रही मानजगत्मा छुट्टै अस्तित्व कायम गरेको कुरा निबन्धकारले यस निबन्धमा उल्लेख गरेका छन् ।

## ५.२.४० *नेपाली बौद्धहरू* निबन्धको अध्ययन

यस निबन्धमा निबन्धकारले नेपालमा बौद्धधर्मावलम्बी प्रशस्त रहेका छन् तर कुन परम्परामा विश्वास राख्दछन् ? भन्ने विश्वास अन्योल छ । ती परम्पराहरू र एउटा पौराणिक बुद्धहरू अर्को ऐतिहासिक शाक्यमुनि बुद्धका उपदेशलाई अनुसरण गरी धर्म मान्ने चलन पनि छ कति पौराणिक बौद्धधर्मालम्बीहरू मूर्ति पूजा गर्ने तर मांसाहारी दब्वादी पनि छन् भने शाक्यमुनि बुद्धधर्मालम्बीहरू अहिंसाका पुजारी छन् । नेपालमा मान्यताप्राप्त दुईखाले धर्मका बीच कहिलेकाहीँ विरोधभासको भान हुँदा बौद्धहरू आफै अल्मलिएको कुराको जानकारी दिएका छन् ।

## ५.२.४१ *बौद्धधर्मका सम्प्रदाय* निबन्धको अध्ययन

यस निबन्धमा बौद्धधर्मका सम्प्रदायसम्बन्धी निबन्धकारले चर्चा गरेका छन् । बुद्धधर्मका अठार निकाय छन् । त्यसका पनि शाखा प्रशाखा बनेर अनेकौँ सम्प्रदाय बुद्धधर्ममा रहेका छन् । धेरै यानमध्ये हीनयान अथवा स्थविरवाद र महायान मुख्य सम्प्रदाय भई त्यसको आधारमा देश विदेशका धर्मालम्बीहरू बुद्धधर्म अवलम्बन गर्दछन् भन्ने विषयमा शाक्यले चर्चा गरेका छन् ।

## ५.२.४२ *शिक्षालाई तत्काल व्यवहारमा उतार्ने शिक्षणसंस्था* निबन्धको अध्ययन

शिक्षालाई व्यवहारमुखी बनाउन निबन्धकारले सम्पूर्ण शिक्षालय, बौद्धिक वर्ग र विद्यार्थीहरूलाई सचेत बनाउनुपर्दछ भन्ने कुराको जानकारी दिएका छन् । कतिपय शिक्षित कहलिएकाहरू पनि चरित्र सुधार नभएर समाजमा प्रत्यक्ष असर नभएको शिक्षाले जनजीवनमा उपलब्धिमूलक बनाएको ठहरिँदैन । उनले यसै

सिलसिलामा शिक्षालाई व्यवहारमुखी बनाउन काठमाडौंमा बौद्धविहारमा शिक्षा दिने कार्यक्रम सञ्चालन भएको कुरा चर्चा यस निबन्धमा गरेका छन्।

## ५.२.४३ ***धर्मउपदेशक बौद्ध किन मौन रहनुहुन्थ्यो*** **निबन्धको अध्ययन**

यस निबन्धमा निबन्धकारले धर्मउपदेशक बौद्ध किन मौन रहनुहुन्थ्यो भन्ने बारे चर्चा गरेका छन् । बुद्ध भगवान्सँग मानिसहरूले धेरै प्रश्नहरू गरे । कतिपय प्रश्नहरूको सहज उत्तर दिएका थिए भने कतिपय प्रश्नहरूमा मौन रहेका थिए । उनी मौन रहेका प्रश्नहरू चौध प्रकारका छन् । ती प्रश्नहरू यो लोकको शास्वत र तथागतको मृत्युपछिको चर्चासँग सम्बन्धित थिए भन्ने कुराको उल्लेख निबन्धकारले गरेका छन् ।

## ५.२.४४ ***धम्मपदमा बौद्धसम्बन्धमा चेतना*** **निबन्धको अध्ययन**

यस निबन्धमा भगवान बुद्धको उपदेशमा सन्निहित सत्य सन्देशको आधार त्रिपिटक हो । त्रिपिटकको पछिल्लो भाग धम्मपद बुद्धवचन हो । धम्मपदमा २६ वटा वर्ग र ४२३ वटा गाथाहरू रहेका छन् । ती गाथाहरू मानवसँग सम्बन्धित घटनाहरूको आधारमा मावनका लागि समुचित निर्देशन र शङ्का हुनुका कारण बनेका छन् । मानिस बुद्धअवस्थामा दुःखी भएको महसुस गरेको हुन्छ । समय छँदै उसले धर्मको वास्ता गरेको हुँदैन । सदैव स्वार्थको पछि दौडन्छ । त्यसैले बुद्धले भन्नुभएको छ - "जवानी अवस्थामा धन नकमाई ब्रह्मचार्य पालना नगरी बस्नेले बिनामाछाको पोखरी ढुकेर बस्ने कौचपंछीले आफ्नो जीवन व्यर्थ खेर फालेझैँ जीवन खेरफाल्नुपर्नेछ" भनी बुद्धवचनको उल्लेख यस निबन्धमा निबन्धकारले गरेका छन् ।

## ५.२.४५ ***नेपालमा बौद्ध र बौद्धसङ्ख्या*** **निबन्धको अध्ययन**

नेपालमा बुद्धधर्मको अनुसरण गर्ने जातिहरू प्रशस्त छन् । शाक्य र बज्रचार्यहरूको कर्मकाण्डसम्बन्धी कुराहरू बुद्ध उपदेशअनुरूप नै हुन्छन् तर यिनमा

अनिस्वरवादी बुद्ध र ईश्वरवादी बुद्धधर्मका बीच अन्योल नै प्राप्त हुन्छ । त्यस्तै गुरुङ्ग, मगर, राई , लिम्बू आदि जातिहरूले पनि बुद्धधर्मको अनुसरण गरेका हुन्छन् तर यिनमा पनि बौद्ध आचरण शीलस्वभाव आदिका सम्बन्धमा भिन्नता पाइन्छ । यी विविध कारणले निबन्धकारले बुद्धधर्म सम्बन्धमा बौद्धसंस्थाहरू स्थापना गरी बुद्धका एकैप्रकारका आचरण, शीलस्वभाव र परम्पराका सम्बन्धमा शिक्षा दिनुपर्ने कुरामा जोड दिएका छन् ।

### ५.२.४६ *नेपालमा बौद्धधर्म* निबन्धको अध्ययन

शाक्यले यस निबन्धमा नेपालमा बौद्धधर्म कुन-कुन कारणले लोप भएका छन् भन्ने विषयमा चर्चा गरेका छन् । नेपाल बुद्धभूमि हो । यहाँ किराँतकालदेखि बौद्धकला संस्कृतिहरूको विकास हुँदै आएको छ । यहाँ बौद्धहरू आस्थाका भरमा रहँदा राजनैतिक, सांस्कृतिक आर्थिक र सामाजिक अतिक्रमण एवम् दुरावस्थाले यहाँको व्यवहारमा बौद्धपन बिलाउँदै गएको तथ्य पनि खुल्न आएको छ । त्यसैले निबन्धकारले बौद्धआचरण पालना गरी प्रत्येक बौद्धधर्मावलम्बीहरूले आफ्नो धर्मको जगेर्ना गर्नुपर्ने आग्रह यस निबन्धमा व्यक्त गरेका छन् ।

### ५.२.४७ *शान्तिको चाहना विहारनिर्माण* निबन्धको अध्ययन

यस निबन्धमा बौद्धको पूजाविधि अपनाउने स्थल र भिक्षु भिक्षुणी बास गर्ने तथा बौद्धशिक्षाको अध्ययन अध्यापन एवम् शील पालना गर्ने स्थानलाई व्यापक रूपमा चर्चा गरिएको छ । नेपालमा लिच्छवीकालदेखि विहार निर्माण हुँदै आएका छन् । पूर्ण शान्तिको चाहना राख्ने भिक्षुहरू विहारमै बस्ने र घरगृहस्थमा बस्ने शान्तिकामीहरू त्यस्ता विहारमा गई शीलको अनुगमन गरी शान्तिको खोजीमा लाग्छन् । आफ्नो लागि शान्ति र अरूलाई पनि शान्ति दिलाउने हेतुले उत्सुक रहेका व्यक्ति विहार निर्माणमा लाग्छन् भन्ने कुराको चर्चा यस निबन्धमा निबन्धकारले गरेका छन् ।

### ५.२.४८ *धार्मिक लोभ* निबन्धको अध्ययन

यस निबन्धमा निबन्धकारले लेखकले मानिसमा लोभ विद्यमान हुनु मानवीय स्वभाव हो । लोभको उत्पन्न पनि मानवीय खराब आचरणका कारण हो । त्यसैले बुद्धधर्ममा ती खराब तत्त्वहरू जस्तै काम, क्रोध, मोह आदि हटाउने उपायहरूको अनुसरण गर्न मानिसलाई प्रोत्साहन गरेको कुरा यस निबन्धमा चर्चा गरिएको छ ।

### ५.२.४९ *बुद्धधर्म र धन* निबन्धको अध्ययन

यस निबन्धमा निबन्धकारले बुद्धधर्ममा धन कसरी आर्जन गर्ने र त्यो धन कहाँ लगानी गर्ने भन्ने कुराको बुद्धले दिएको उपदेशको यहाँ चर्चा गरिएको छ । बुद्धधर्म एक प्रकारको आदर्शमय कल्याणकारी मानवधर्म हो । यस धर्मममा मानिसको दुःख निवारणका निम्ति आर्यअष्टाङ्गिक मार्गलाई अगाडि सारिएको छ । धन मानिसको दैनिक जीवन गुजाराका निम्ति अत्यावश्यक वस्तु हो । धन कमाउने र खर्च गर्ने सम्बन्धमा पनि बुद्धले आफ्नै सिद्धान्त अपनाएका छन् । यस धर्ममा धन आर्जनका निम्ति सत् परिश्रम गर्नुपर्दछ र परिश्रमले आर्जन गरेको धनलाई बजेट बनाई दैनिक गुजारा तथा मानवीय सेवाका क्षेत्रमा बाँडफाँड गरी सदुपयोग गर्नुपर्ने कुरामा जोड दिएको बारे चर्चा निबन्धकारले गरेका छन् ।

### ५.२.५० *बुद्ध धर्म र प्रचार* निबन्धको अध्यन

निबन्धकारले यस निबन्धमा बुद्धधर्मको प्रचार प्रसारका सम्बन्धमा मौर्यसम्राट अशोकको योगदानलाई कदर गरेका छन् । बुद्धधर्मको प्रचार नेपालमा किराँतकालदेखि नै भएको उल्लेख गर्दै वैज्ञानिक पक्षलाई दृष्टिगत गर्दै विश्वभर पुऱ्याउनुपर्ने धारणा यस निबन्धमा व्यक्त गरिएको छ ।

## ५.२.५१ *धर्म र संस्कार* निबन्धको अध्ययन

धर्म र संसकारका बारेमा यस निबन्धमा निबन्धकारले लामो चर्चा गरेका छन् । यहाँ धर्मको अर्थमा शाक्यमुनि बुद्धद्वारा प्रतिपादित धर्मलाई भन्न खोजिएको छ र संस्कार भन्नाले मानिस जन्मदेखि मृत्युपर्यन्तसम्म गरिने नित्य कर्मलाई भन्न खोजिएको छ । मानिसका ती संस्कारहरू जस्तै पूजा-आजा, भोजभतेर, विवाह आदि क्रियाकलापलाई बुद्धउपदेशअनुरूप प्रयोग तथा अनुरण गर्न निबन्धकारले आग्रह गरेका छन् ।

## ५.२.५२ मरेपछि दान

यस निबन्धमा सनातन धर्ममा दानको महत्त्व कति छ ? भन्ने विषयमा चर्चा गरिएको कुरा उल्लेख गर्दै मानिसले मृत्युपछिको दानलाई भन्दा जीवित अवस्थामा नै गरेको दानको उपयोगिता बढी भएको चर्चा निबन्धकारले गरेका छन् । जीवित अवस्थामा भोगेको दुःखलाई वास्ता नगरी मरेपछिको त्यसरी प्रकट गरिएको श्रद्धा पूर्ण श्रद्धास्वरूपको नभइ स्वार्थी र नक्कली व्यवहारझैँ देखिने कुराको विश्लेषण यहाँ गरिएको छ ।

# छैटौं परिच्छेद

# सुवर्ण शाक्यका समीक्षात्मक कृतिको विवेचना

## ६.१. समीक्षाको सैद्धान्तिक स्वरूप

समीक्षा साहित्यका विधाहरूमध्ये अपेक्षाकृत नयाँ विधा हो । सृजनात्मक साहित्यको केही विकास भएपछि मात्र यसको विकास भएको हो । त्यसैले समीक्षा सृजनात्मक साहित्यको अनुवर्ती हुन्छ र त्यसको पारख गर्ने कसीका रूपमा देखापर्छ । सृजनात्मक साहित्यको व्याख्या- विवेचना गरेर गुणदोषलाई केलाएर एवम् त्यसका मूल्य र महत्त्वलाई स्पष्ट पारेर कृतिलाई बोधगम्य एवम् आस्वाद्य बनाउनका साथै कृति एवम् कृतिकारको मूल्याङ्कन समेत समीक्षाले गर्दछ । समीक्षा शव्दको अर्थ सम्यक ईक्षण अर्थात कृतिलाई राम्ररी नियाल्नु परीक्षण गर्नुहुन्छ ।[१०५] समीक्षा शब्दको पर्यावाची शब्दका रूपमा समालोचना, आलोचना, विवेचना, मूल्याङ्कन पर्यावलोचन, टीका-टिप्पणी आदि शब्दको प्रयोग भएका छन् ।[१०६]

समीक्षालाई अङ्ग्रेजी भाषामा एप्रिसिएसन रिम्भू भनिन्छ । जसको अर्थ कृतिबारे प्रशंसात्मक अभिव्यक्ति वा पुस्तक- समीक्षा हुन्छ । समीक्षा वा समालोचना सम्बन्धमा विद्वान्हरूले दिएको परिभाषा तल प्रस्तुत गरिन्छ ।

समीक्षा वा समालोचनाको अन्तिम उद्देश्य नियमहरू तयार पार्नु भन्दा अरूले जे लेखेका छन् त्यससित सम्बन्धित सिद्धान्तहरूको निर्माण गर्नु हो ।

-सेमुअल टेलर कलरिज

---

[१०५] घनश्याम कँडेल, **नेपाली समालोचना**, प.सं. .काठमाडौंः साझा प्रकाशन, २०५५) , पृ. क ।

[१०६] घटराज भट्टराई, **नेपाली स्नातकोत्तर समालोचना**, प.सं. .काठमाडौंः पैरवी प्रकाशन, २०५९) , पृ. १

- समालोचना लिखित शब्दका माध्यमबाट गरिने कलाकृति टीका-टिप्पणी र व्याख्या विवेचना हो ।                                  -म्याथ्यू अर्नोल्ड

- समालोचनाको प्रमुख विशेषता मूल्यको निर्धारण हो ।      -आइ. ए. रिचर्डस

- सृजनात्मक साहित्य जीवनको व्याख्या हो भने समालोचना त्यस व्याख्याको पनि व्याख्या हो ।                          - विलियम हेनरी एड्रस

- पानीको प्रवाहलाई नदी भन्ने नाम दिनु साहित्य हो, नदीको बारेमा अरू विशेष कुरा जान्नु, उसको मूल, मुख खोज्नु समालोचना हो ।

  - यदुनाथ खनाल

- सुख-दुःख राम्रो-नराम्रो, मनपर्दो-नपर्दो इत्यादि कुराको मस्तिष्कमा जब विवेचना हुन्छ , त्यसको परिणामस्वरूप समालोचनाको जन्म हुन्छ ।

  - रामकृष्ण शर्मा

वास्तवमा समीक्षा भनेकै एकातर्फ साहित्य कृतिको सहृयतापूर्वक गरिने व्याख्या र पूर्वाग्रहविहीन भएर त्यसबारे गरिने निर्णय हो भने अर्कोतर्फ कृतिका जङ्गलभित्र प्रवेश गर्ने क्रममा पाठकको मार्गनिर्देशक पनि हो ।[१०७] समीक्षा वा समालोचनालाई बाह्य र आन्तरिक गरी दुई आधारमा वर्गीकरण गर्न सकिन्छ । बाह्य समीक्षा पद्धतिअनुसार कृतिको स्थान, काल, परिवेश र कृतिकारको जीवनी पक्षसमेतलाई ध्यान दिई समीक्षा प्रस्तुत गरिन्छ भने आभ्यान्तरिक समीक्षा पद्धतिअनुसार कृतिभित्रकै शव्द, ध्वनि, वर्णका साथै पंक्तिहरूको व्याख्या विश्लेषण गरिन्छ । शैली-वैज्ञानिक, रूपपरक नयाँ समालोचना आदि यस पद्धति पर्दछन् ।[१०८] पूर्व र पश्चिम दुवैतिर समालोचनाको लामो र दीगो परम्परा पाइन्छ तर

---

[१०७] घनश्याम कँडेल, पूर्ववत, पृ. ग ।

[१०८] ऐजन, पृ. च

समालोचनाको व्यवहारिक पक्ष प्रस्तुत गर्ने वा कृतिको समीक्षा गर्ने कार्य चाहिँ पछि सुरु भएको पाइन्छ । नेपाली समालोचनाले पूर्वीय र पाश्चात्य समालोचनाको सैद्धान्तिक पक्ष ग्रहण गरेर व्यवहारिक समीक्षा गर्न थालेको देखिन्छ ।[१०९] समालोचना प्रभावपरक हुन्छ भन्ने धारणा पाइन्छ । कृतिबाट प्राप्त प्रभावलाई आधार बनाएर विवेचना गर्ने कामलाई प्रभावकारी समालोचना भनिन्छ । सुवर्ण शाक्यको स्वर्गको दरवार पृथ्वीमा समीक्षा कृति पनि प्रभाववादको सेरोफेरोमा रचना गरेको पाइन्छ ।

## ६.२ ***स्वर्गको दरवार पृथ्वीमा*** **समीक्षा कृतिको परिचय**

प्रस्तुत कृति शहीद शुक्रराज शास्त्रीद्धारा रचना गरिएको 'स्वर्गको दरवार' कृतिलाई वर्तमान समाज र परिवेश सुहाउँदो उपयोगी र महत्त्वपूर्ण रचना रहेको भनी शाक्यले समीक्षात्मक टिप्पणी तयार पारेका हुन् । यो कृति पहिलोपटक वि.सं. २०५३ सालमा प्रकाशित भएको थियो । त्यसैगरी वि.सं. २०५५ मा दोस्रो पटक र २०६३ सालमा तेस्रो पटक शहीद शुक्र स्मृति प्रतिष्ठान ललितपुरबाट प्रकाशित भएको थियो । यसको मूल्य रु. ५० मात्र कायम गरिएको छ । यस कृतिको मन्तव्य तथा भूमिका खण्डसहित पृष्ठसंख्या ४९ रहेको छ । कृतिको बाहिरी आवरण पृष्ठ सेतो भाग शहीद शुक्रराज शास्त्रीको तस्वीर अङ्कित गरिएको छ ।

**स्वर्गको दरकार'** कृति शुक्रराज शास्त्रीद्वारा रचना गरी वि.सं. १९८६ सालमा प्रकाशित भएको थियो । यस कृतिको प्रकाशन हुन नपाउँदै धेरै प्रति बिक्री भएका तथा कयौं प्रतिहरू राणासरकारले जफत गरेको थियो । त्यसपछि यस कृतिको महत्त्व झन् बढ्दै  गयो । यस पुस्तकको अध्ययनमा पाठकको उत्सुकता निकै थियो । त्यसको चार दशकपछि २०२७ सालमा पुनः एकहजारप्रति प्रकाशित भयो । यस समयमा पनि यसको लोकप्रियता उत्तिकै रह्यो । यस पुस्तकको मुख्य विषय

---

[१०९] दयाराम श्रेष्ठ, मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिकास,** पा.सं. (काठमाडौः साझा प्रकाशन, २०५६), पृ १५८ ।

स्त्रीहरूलाई समाजमा स्थापित गर्नु रहेको थियो । पुरुषले धर्म, परम्परा, संस्कृति आदिका आडमा स्त्रीहरूलाई दवाउने गर्दछन् । समाजको हितका निम्ति पुरुष र स्त्रीबीच सहयोगात्मक सम्वन्ध हुनुपर्ने विषयमा चर्चा गरिएको थियो । यस सम्बन्धमा तत्कालीन शासकले धर्मशास्त्रको अपहेलना गरेको आरोप लगाउँदै उनको कृति जफत गरिएको चर्चा शाक्यले गरेका छन् । वर्तमान अवस्थामा पनि दुर्लभ मानिएको यस कृतिको मूल विषयवस्तु र शाक्यले प्रस्तुत गरेको दृष्टिकोणका सम्बन्धमा आवश्यक विवेचना गर्नुपर्ने आवश्यकता देखिन्छ । यस कृतिलाई तीन अध्यायमा विभाजन गरिएको छ । प्रथम अध्यायमा स्वर्ग कसलाई भन्दछन् ?यसका वारेमा चर्चा गरिएको छ । द्वितीय अध्यायमा स्वर्गको द्वारका बाधक कारणहरू के-के हुन् ? भन्ने विषयमा चर्चा गरिएको छ भने तृतीय अध्यायमा स्वर्गको यर्थाथ रूपका बारेमा वर्णन गरिएको छ । यस कृतिको विषयवस्तु वर्णन गर्ने सम्बन्धमा महाभारतका विभिन्न पर्वका श्लोकहरू, मनुस्मृतिका श्लोकहरू, पुराणका श्लोकहरू, बौद्धग्रन्थका विभिन्न श्लोकहरू, विश्वकोष र धार्मिक महापुरुषका नीतिहरूको सहयोग लिइएको छ । यस कृतिले आत्मसाथ गरेका विषयवस्तुहरूलाई प्रत्येक अध्यायअनुरूप नै प्रस्तुत गरिन्छ ।

## अध्याय – एक

स्वर्गप्राप्तिको उपाय पनि भिन्न दुई धर्मावलम्वीहरूले भिन्नभिन्न वयान गर्दछन् । कुनै धर्मात्मा विद्वानहरूले भनेका छन् कि 'अहिंसा पर्मो धर्म' अर्थात् कुनै प्राणी जीवहरूलाई मनसावाचा कर्मणाले दुःख नदिनु नै ठूलो धर्म हो । यस धर्मको परिणामफल स्वर्ग हो किन्तु धेरै तान्त्रिक विद्वान्हरूको र अन्य दुई धर्मावलम्बीहरूको मन्तव्य यो माथि लेखेको सिद्धान्तदेखि सर्वथा विरुद्ध छन् । यिनीहरूको सिद्धान्त छ की अनेक देव-देवताहरूको जप-तप पुरश्चरण गरी अनेक पशुहरूको बली चढाइकन मात्रै हुन्छ यसै उपायले स्वर्ग प्राप्ति हुन्छ, जुन राम्रो आचरण द्वारा धर्मरूप पुण्य उपार्जन जम्मा गरिनेछ अथवा जसमा राम्रो रीतिले

धर्मरूप पुण्य जम्मा हुनेछ । जहाँ सुखको प्राप्ति हुन्छ । जसलाई स्वर्ग भन्दछन् । श्री भानुदीक्षितकृत सुधा व्याख्याको श्लोकबाट यो कुरा उल्लेख गरिएको हो । त्यस्तै महाभारतको उल्लेख गर्दै स्वर्गलाई यसरी चिनाइएको छ । सबै सुखको प्राप्ति र स्वर्गको लक्षणानुसार यज्ञ-दान आदि धार्मिक शुभकर्मको अनुष्ठान गृहस्थाश्रममा हुनाले यस आश्रमलाई स्वर्ग भन्दछन् । यज्ञ आदिको अनुष्ठान सपत्नी बालप्रस्थाश्रममा प्रवेश, राजधर्मको पालन, आत्माको चिन्तन, गुरु तथा माता-पिताको सेवा, अहिंसाधर्म, सत्यभाषण, दुष्टशत्रुहरूको नाश, अल्पभोजनमा सन्तोष तथा वेद आदिको सत्यशास्त्रहरूको पठनपाठन आदि प्रायः यी सबै अनुष्ठान गृहस्थाश्रममा हुनसक्छन् । यसैकारण गृहस्थाश्रम नै स्वर्ग हो । यस स्वर्गीय ऐश्वर्यप्राप्तिका निम्ति नारीवर्ग अत्यन्त सक्रीय हुनुपर्दछ । उनीहरूको उपस्थितबिना स्वर्गको प्राप्ति असम्भव हुन्छ भन्ने विचार व्यक्त गर्दै जसरी धर्मशास्त्रमा देवराज इन्द्रलाई स्वर्गका राजा र उनकी धर्मपत्नी इन्द्राणीलाई लक्ष्मीमाता भनी गुणगान गाउनमा इन्द्रावीको ठूलो भूमिका रहेको चर्चा गरिएको छ । त्यसैले ‘न गृहं गृहभित्यादुर्गहिणी गृहमुच्यते । ’

- महाभारत शान्तिपर्व अ. १४४। ६

अर्थात् ढुङ्गा, इट्टा आदिले बनाएका घरलाई घर दरवार भन्दैनन् किन्तु सुन्दरी गृहिणीलाई नै विद्वानहरूले घर दरवार भनेका छन् । यी विदुषी रमकीले ‘जङ्गललाई पनि मङ्गल’ गरिदिन्छन् । यसैको नाम यथार्थ स्वर्गको दरवार हो ।

## अध्याय–दुई

यस अध्यायमा स्वर्गद्वार खुल्न बाधा पुऱ्याउने कुराहरूका बारेमा चर्चा गरिएको छ । ती बाधक तत्त्वहरू निम्नलिखित छन् ।

**(क) बालविवाह**

यसमा सोह्र वर्षकी कन्या र पच्चीस वर्षको पुरुष हुनुपर्ने कुराको चर्चा गरिएको  छ । बालकहरू अवोध हुन्छन् । यस उमेरका बालबालिकाहरूलाई उचित शिक्षा-दिक्षाको आवश्यकता पर्दछ । विवाह पश्चात घरव्यवहारसम्बन्धी सम्पूर्ण जिम्मेवारी यिनीहरूमाथि आइपर्छ । बालिकाहरू असक्षम हुनाले आफ्नो जिम्मेवारी पूरा गर्न सक्दैनन् र घरझगडा सुरु हुन्छ । जुन आनन्ददायी जीवनको बाधक तत्त्व हुन्छ ।

**(ख) बहुविवाह अथवा अनमेल विबाह**

कम उमेरकी स्त्री र बढी उमेरको पुरुष अथवा कम उमेरको पुरुष र बढी उमेरकी स्त्रीबीच विवाह हुँदा एक-अर्काका भावना इच्छा आदि कुराहरूवीच तुलनात्मक मेल   हुँदैन । परिणामस्वरूप घरझगडा सुरु हुन्छ ।

**(ग) बहुविवाह**

एक पतिले एकभन्दा बढी पत्नीहरू विवाह गर्नु वा एक पत्नीले एकभन्दा बढी पुरुषहरूसँग वैवाहिक सम्बन्धका कारण पनि झै-झगडा उत्पन्न हुन्छ ।

**(घ)** अस्वयम्वर विवाह स्त्री र पुरुषको सहमतिमा रीतपूर्वक गरिएका विवाहलाई स्वयम्वर विवाह भनिन्छ । अस्वयम्वर विवाहमा दुवैको सहमतिको वास्ता गरिँदैन । फलतः झगडा उत्पन्न हुन्छ ।

**(ङ) कुटुम्व कलह**

पिता-पुत्र कलह, माता-पुत्र कलह, पति -पत्नी कलह, सासु-ससुरा कलह, सौता-सौती कलह, भाइ-भाइको कलहबाट परिवारमा अशान्ति हुने हुनाले स्वर्ग प्राप्तिका लागि बाधक बन्दछन् ।

## अध्याय -तीन

यस अध्यायमा वास्तविक स्वर्ग आफ्नै गृहस्थाश्रम भएको चर्चा गरिएको छ । जुन मानिसले सत्-असत् पक्षको सधै विचार पुऱ्याउँछ । कसैको भय मान्दैन, सरल सत्य भाषण गर्दछ । जसले काम, क्रोध आदि शत्रुलाई जितेको छ । जसले छलकपटद्वारा ठूलो दर्जामा पुगेका मानिसहरूसित ईर्ष्या, द्वेषभाव राख्दैन यो नै सुखमय आनन्दित जीवन हुन्छ । जसले अरूको निन्दा गर्दैन । झुट बोल्दैन नियमित ध्यान गर्दछ राम्रो पुस्तकहरू पढ्छ त्यस अवस्थामा सुखमय जीवनको आनन्दानुभूति हुन्छ । त्यस्तै गृहस्थाश्रमका सुखका मूल स्वरूपहरू ६ वटा बताइएका छन् ।

(क) अर्थागम - धनको आम्दानी,

(ख) अरोगिता - रोगरहित आरोग्य जीवन,

(ग) प्रिया आर्या - स्नेह गर्ने स्त्रीको लाभ,

(घ) प्रियावादिनी कार्या - प्यारो बोल्ने स्त्रीको प्राप्ति,

(ङ) वैश्यपुत्र - आज्ञाकारी छोरो ,

(च) अर्थकारी विद्या- धनलाभ गर्ने विद्याको प्राप्ति, उपर्युक्त गुणहरूको सम्पन्न घरपरिवारलाई नै स्वर्ग भन्न सकिने कुराको चर्चा यस पुस्तकमा गरिएको छ । प्रस्तुत समीक्षात्मक कृति शुक्रराज जोशीको बंशपरम्परा जोशी थर राखिनुको कारण, जन्म, जन्मस्थान, बुबा आमाको नाम बसोवास स्थान शिक्षा-दीक्षा आदि विषयहरूलाई धार्मिक ऐतिहासिक बंशाणुगत दृष्टिबाट पुष्टि गर्दै सुरुवात गरिएको छ । त्यस्तै जोशीले देश र जनताको उत्थानका निम्ति दिएको. गहकिलो अमरवाणी एक अनुच्छेदमा प्रस्तुत गरिएको छ । जोशीले समाज सेवामा संलग्न रहेका विभिन्न

संस्थाहरूको नाम उल्लेख गर्दै उनले रचना गरेका कृतिहरू तथा क्रुर शासकद्वारा मृत्युदण्डको सजाय भोग्नु पर्नाका कारणहरू समेत स्पष्ट रूपमा चर्चा गरिएको छ।

*दु:ख शोकको जहाँ न लेश छ सदा साथ जहाँ अखिलेश छ,*
*काम क्रोधको जहाँ न शेष छ, छलछिद्रको जहाँ न भेष छ,*

स्वर्गको चाहना, राजा-प्रजा, विद्वान-मूर्ख, धनी-गरिब, साना-ठूला सवै मनुष्यमात्रलाई छ । यो स्वर्ग यसै जन्ममा छ माथि आकाशमा होइन र अर्को जन्ममा होइन् भन्ने सन्दर्भबाट प्रस्तुत कृतिको विषय प्रवेश भएको चर्चा गरिएको छ । फलं धर्मस्य नेच्छन्ति धर्म नेच्छन्ति मानवाः फलं पापस्य नेच्छन्ति पापं कुर्वन्ति यत्नत् प्राणी मात्रले सुख पाउने इच्छा गर्छन् दु:ख पाउँ भन्ने कसैको इच्छा हुँदैन । सुखपाउँ भन्ने विचारले सबै जीवजन्तुहरू यथाशब्द चेष्टा तथा प्रयत्न गर्छन् । एवम् सकेसम्म दु:खबाट बच्नलाई परिश्रम गर्छन् किन्तु यो अत्यन्त आश्चर्य को विषय हो कि यसै संसारमा दामीहरू प्रत्यक्षरूपले देख्छौं कि सुखी मानिसहरू धेरै कम छन् । यसको कारण धर्मको फल- सुखको चाहना सवैले गर्छन् तर धर्मको चाहना गर्दैनन् । पापको फल दु:खको चाहना कसैले गर्दैनन् किन्तु प्रायः मनुष्यहरूले ज्ञानवश अथवा अज्ञानवश निरन्तर पाप अथवा दोष गर्छन् आदि कुराहरूको विवेचना **स्वर्गको दरबार** कृतिको सन्दर्भबाट गरिएको छ ।

मूल कृति तीन अध्यायमा विभाजित भएका र सबै अध्यायमा सनातन धर्मानुसार श्रुति, स्मृति, पुराण, रामायण, महाभारत जस्तो प्रमाण्य इतिहासहरूका उक्ति प्रमाणपूर्वक प्रत्येक विषयहरूमा यथोचित प्रकारले प्रतिपादन गरिएको उल्लेख गरिएको छ । कृतिको रचना गर्नुको उद्देश्य र तत्कालीन शासकवर्ग र समुन्नत नेपालको हितका निम्ति रहेको कुरा चर्चा गरिएको छ। मूल ग्रन्थमा तीन अध्याय र तेत्तीस बुदाँहरू उल्लेख भए पनि पाठकको लागि मननीय विषयहरू चयन गरी एक्काइसवटा बुदाँहरूको उल्लेख गरिएको छ । स्वर्गको दरबारलाई स्वर्ग निरूपणदेखि सुरु गरिएको छ । स्वर्गको विवरण धर्मशास्त्रमा निश्चित गरी

बताइएको भए तापनि त्यस विषयमा परम्परागत निश्चितरूपमा देखा नपरेको हुनाले धर्मशास्त्रमा विश्वास गरिए तापनि अनिश्चित जस्तै भइरहेको कुरा प्रष्ट पारिएको छ । सोही कुरालाई मनन गरेर शास्त्रीजीले जुन कुरा व्यावसायिक छ, त्यसलाई मात्र ग्रहण गर्न खोजिएको छ  यस कृतिमा मूलग्रन्थको प्रथम अध्यायमा उल्लेख स्वर्गको पुष्टि गरिएको छ । स्वर्गको व्युत्पत्ति गर्दा सृष्टि अर्ज्याले इति स्वर्ग अर्थात् राम्रो आचरणद्वारा उपार्जन गरिने वस्तु रहेको ठाउँ नै स्वर्ग हो भनिएको छ र यसको लक्षण सुख प्राप्ति हो भनेका छन् । यसरी स्वर्गको लक्षण र परिभाषा दिएर वास्तविक स्वर्गको द्वार खुल्ने ठाउँ गृहस्थाश्रम हो भनी यस जगत्लाई नै स्वर्गको प्रतीक मानेका छन् । गृहस्थाश्रम स्वर्ग हुनमा स्त्रीजनलाई कारण मानेको कुरालाई वर्तमान परिवेशसँग तुलना गर्दै उपयुक्त भएको चर्चा गरिएको छ । स्वर्ग स्त्रीजनको अधिनमा हुने कुरा उल्लेख गर्दै गृहस्थाश्रमलाई दुर्बल इन्द्रीय हुनेले धारण गर्न नसक्ने, गृहस्थाश्रम भनेको सामान्य जीवन होइन भनी यसको सुस्थिरता र सु-सञ्चालनमा जोड दिइएको छ । यो लेखकको ज्यादै प्रगतिशील र मानवतावादी धारणा हो । कृतिमा व्यक्त भावनालाई घुमाइफिराई भौतिकताबीच आध्यात्मिक चारित्रिक गुणको अपेक्षा गरिएको यो आधुनिक विचारधारालाई पुष्टि गर्न खोजिएको चतुऱ्याइँपूर्ण भएको उल्लेख गरिएको छ ।

नदीलाई तीर्थ मान्ने भएको हाम्रो परम्परामा आजको फोहर नदीलाई तीर्थ मान्नुभन्दा जहाँसुकै भएपनि स्वच्छ पानीलाई नै तीर्थ मानी प्रयोग गर्नु उचित भएको   छ । अतः पानीले दिने स्वच्छ तर स्त्रीले दिने कुराले यो विचारधारा आधुनिक व्यवहारिकतासँग मिल्ने र भविष्यको लागि पनि समयोचितक्रम रहने यथार्थलाई गहन रूपमा विश्लेषण गरिएको छ । सुखमय जिन्दगीलाई अगाडि बढाउनका निम्ति काम, प्रसन्नता र धर्म स्त्रीजनहरूको अधिकारमा हुन्छ भनिएको कुरा वैज्ञानिक रहेको चर्चा गरेका छन् । **स्वर्गको दरबार** कृति वास्तवमा स्वर्गको यथार्थ झलक दिने, स्वास्नीमानिसको बारेमा विश्लेषण गरेर पनि लोग्ने मानिसलाई कतै पनि तल्लो दर्जाको भन्ने देखाइएको छैन । यही समानताको आधारमा नै यसको

मूल विषय रहेको चर्चा गर्दै स्वास्नीलाई लोग्नेको बामाङ्ग भनियो, यो ज्यादै व्यवहारिक छ ताकि यो भनाई स्वास्नीमानिसप्रति लोग्नेमानिसको दुष्टवृत्तिको धारणा र दुर्व्यवहारलाई हटाउन प्रयोग गरिएको छ । शास्त्र भनेको नै मानिसको आचरण सुधार्ने शस्त्र हो । युगानुकूल शास्त्रहरू बन्दै रहनु अनिवार्य छ । यसैले शास्त्रकारहरू धेरै थरीका छन् । देश, कालअनुरूप सृजना हुने नियमशास्त्र बनिदा नै मानिसको जिन्दगीको व्याख्या विस्तार हुँदै आएको कुरा स्पष्ट उल्लेख गरिएको छ ।

प्रस्तुत ग्रन्थमा स्वर्गद्धारका पाँचवटा बाधक तत्त्वहरू रहेको कुरा अत्यन्त सान्दर्भिक रहेको र वास्तवमा घरझगडा नै सुख र आनन्दप्राप्तिका निम्ति बाधक बन्न जाने कुरा सान्दर्भिक रहेको चर्चा गरिएको छ । बालविवाह, बृद्धविवाह, बहुविवाह, अस्वयम्वरविवाह, कुटुम्बकलह आदि कारणहरूले गर्दा घरका सदस्यहरूबीच बेमेलको स्थिति आउनु स्वाभाविक हो । प्राचीन नीतिशास्त्र, धर्मशास्त्र, वंशपरम्पराको हु-बहु अनुसरण गर्ने मानवीय स्वभाव रहेको छ तर ती शास्त्रसम्मत कुराहरूलाई आधुनिक युग सुहाउँदो संशोधनको आवश्यकता रहेको छ । पूर्वीय सभ्यता पश्चिमी सभ्यताका तुलनामा अति कम विकसित भएको कारण पनि अन्धपरम्परा अन्धविश्वासलाई चटक्क त्याग्न नसक्नु नै हो । त्यसैले धर्मशास्त्रका कतिपय कुराहरूलाई युगअनुकूल संशोधन गरेर उपयोग गर्न सकिने कुरामाथि विशेष जोड दिएका छन् । प्राचीन शास्त्र कुनै दैवी शक्ति सम्पन्न नभएको मानवसभ्यताले सिकाएका कुराहरूको गहन विश्लेषण गर्न खप्पिस विद्वान्हरूका अभिव्यक्ति भावनालाई वर्तमान सामाजिक परिप्रेक्ष्यमा विस्तार गरेका छन् । समीक्षा कृतिको भाषाशैली अत्यन्त सरल आगन्तुक शव्दहरूको प्रशस्त प्रयोग गरिएको छ । कृतिमा कुनै-कुनै स्थानमा वाक्यहरूको संरचना लामो र विचारलाई एकै झट्कामा समेट्ने प्रयास गरिंदा कता-कता अस्पष्ट लागे पनि मूलकृतिको भाव सम्प्रेषणमा सिद्धान्त नै देखिन्छन् ।

## ६.३ निष्कर्ष

शाक्यले उक्त कृति रचना गर्नुको मूल उद्देश्य के हो ? यो कस्तो ग्रन्थ हो ? भन्ने कुरा प्रस्ट पारिएको छ । यस पुस्तक अध्ययनबाट शास्त्रीले समाजसुधारवादी विचार, नारीवर्गलाई हेर्ने समतामूलक दृष्टिकोण र शास्त्रीमा भएको बौद्धिक विद्वता सजिलैसित बुझ्न सकिन्छ । अतः यो पुस्तक राजनैतिक दृष्टिले मात्र नभई ऐतिहासिक दृष्टिबाट समेत महत्त्वपूर्ण छ । समाजमा जनचेतना जागृत गरी समाज र देशमा परिवर्तन ल्याउन चाहने जोसुकै सचेत नागरिकले पढ्नुपर्ने र अरूलाई पनि पढाउनुपर्ने पुस्तक नै **स्वर्गको दरबार पृथ्वीमा** हो । शास्त्रीले विचार, भावना र दर्शनको प्रचार-प्रसार हुनुको साथै समस्त शहीदप्रति आदर सम्मान गर्नुपर्ने भावनाको विकास गर्न समेत ठोस सघाउ पुऱ्याएको छ ।

पुस्तकको मर्मलाई जस्ताको तस्तै उतार गरेर शाक्यले उक्त पुस्तकलाई अरू बढी समाज उपयोगी गरिदिएका छन् । शास्त्रीले स्वर्ग वास्तवमा गृहस्थाश्रम हो, जहाँ नारीशिक्षा पर्याप्त छ, जुन समाजमा विद्वान्को कदर हुन्छ । जुन समाजमा बालविवाह, अनमेलविवाह, बहुविवाह, अस्यम्वरविवाह, कुटुम्वकलहको अन्त्य हुन्छ । त्यो समाजलाई स्वर्ग भन्न सकिने विचारलाई वर्तमान परिधिमा तुलना गर्दै त्यसको भावनालाई स्पष्ट पारेका छन् । राणाशासनमा शहीदले आदर्शसमाज निर्माण गर्न उठाएका प्रश्नहरूलाई हाल कानुनी मान्यता पाएको समेत चर्चा गरेका छन् । राणा शासनमा शहीदले उठाएका कतिपय प्रसङ्गका विरुद्ध उनलाई मृत्युदण्ड दिइएका कुरालाई कत्ति पनि तोडमोड नगरिकन साल शिष्ट भाषामा प्रस्तुत गरिएको छ ।

# सातौँ परिच्छेद

## सुवर्ण शाक्यको कृतित्वको मूल्याङ्कन

सुवर्ण शाक्य नेपाली साहित्यमा विशेष गरी कथा र निबन्धका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउने साहित्यकार हुन् । यिनी वि.सं २०४० को दशकमा देखापरेका सशक्त प्रतिभा हुन् । यिनले २०३१ सालमा यौनजीवनमा आधारित **मासुको पोको** कथा सङ्ग्रह प्रकाशित गरेका थिए । यस सङ्ग्रहमा यिनले समाजमा देखापरेको अति साधारण विषयवस्तुलाई टिपेर रोचक ढङ्गबाट विश्लेषण गर्न पुगेका छन् । यस सङ्ग्रहमा यौनमूलक विषयवस्तुलाई प्रस्तुत गरिएको छ । यस सङ्ग्रहमा शाक्यले समाज, घरपरिवार तथा साथीभाइहरूबीच हुने मनमुटाव, वादविवादको सूक्ष्म विश्लेषण गरी आफ्नो दृष्टिकोण प्रस्तुत गरेका छन् । मानव जीवनमा यौनको भूमिका महत्त्वपूर्ण रहने चर्चा गर्दै शाक्यले त्यसलाई सही रूपमा उपयोग गर्नुपर्छ भन्ने धारणा व्यक्त गरेका छन् । यिनका कथा यौनको अतिशयतालाई थाम्न नसक्दा कतैकतै अशिष्ट रूपमा प्रस्तुत पनि हुन पुगेका छन् । समग्रमा यिनका कथाले प्रगतिवादी चेतनालाई उजागर गरेका छन् । यिनको निबन्ध क्षेत्रमा पनि ठूलो योगदान रहेको छ । विशेषगरी यिनी निबन्धविधाका स्रष्टाका रूपमा देखापरेका साहित्यकार हुन् । यिनका निबन्धहरू वस्तुपरक शैलीमा अभिव्यक्त भएका छन् । कतैकतै भने विषयवस्तुको सतही वर्णन गर्दा भावलाई छुन पुगेको आभास मिल्दछ । यिनका निन्धका विषयवस्तु पनि अति सामान्य प्रकृतिका रहेका छन् । समाजमा देखापरेका विसङ्गतिका कारण नैतिक चेतना हराउँदै गएको यसले गर्दा समाज अमर्यादित, असङ्गठित हुन पुगेको कुरा यिनका निबन्धमा अभिव्यक्त भएका छन् । यिनका निबन्धहरू वेकनको वस्तुवर्णनात्मकतालाई समेट्न पुगेको हुँदा पाठकलाई बुझ्न त्यति हम्मे पर्दैन ।

यिनले स्वास्थ्य, संस्कृति भाषा, जातजाति, धर्म आदिलाई मुख्य विषयवस्तु बनाएका छन् । यिनको निबन्धयात्राको अध्ययन विश्लेषण गर्दा दुई चरण देखापर्दछन् । प्रथम चरणका निबन्धमा गाउँले तथा सहरिया परिवेशको चित्रण गरी समाजका विभिन्न वर्गका मानिसहरूको प्रतिनिधित्व भएको पाइन्छ । यस चरणमा देखापरेको निबन्धसङ्ग्रहका रूपमा **यौन र जीवन** रहेको छ । यस सङ्ग्रहमा नौवटा निबन्धहरू सङ्ग्रहित छन् । यस सङ्ग्रहमा नारीवर्गले भोग्नुपरेका दुःख, पीडालाई जस्ताको तस्तै रूपमा प्रस्तुत गरिएको छ । यौनमूलक विषवस्तुलाई आत्मसात् गरेको यस सङ्ग्रहमा शाक्यले यौन शारीरिक आवश्यकता भए पनि भावनात्मक सम्बन्धसँग जोडिने कुराप्रति विश्वास गरेका छन् । यिनले खासगरी नेवारी संस्कृतिमा यौनलाई हेर्ने दृष्टिकोणको विश्लेषण गरेका छन् । यसरी हेर्दा यस चरणका निबन्धमा यौनमूलक विषयवस्तुको प्रस्तुति तथा यौनमनोवैज्ञानिक धाराको उत्सर्जनका निम्ति महत्त्वपूर्ण भूमिका खेलेको कुरा आँकलन गर्न सकिन्छ ।

यिनको निबन्धयात्राको दोस्रो चरणको प्रारम्भ भने वि.सं. २०६० बाट हुन्छ । यस समयमा यिनको **बुद्धधर्म र व्यवहार** शीर्षकको निबन्धसङ्ग्रह प्रकाशित हुन पुगेको छ । यस सङ्ग्रहमा एकाउन्नवटा निबन्धहरू सङ्कलित छन् । यस चरणका निबन्धमा भने धार्मिक विषयवस्तुलाई मुख्य विषयका रूपमा लिइएको छ । बुद्धधर्मले समाजमा पारेको प्रभाव र मानिसको नैतिक आचरण शुद्धका निम्ति यस धर्मलाई आत्मसाथ गर्नुपर्ने आग्रह शाक्यले गरेका छन् । भगवान् बुद्धका जीवनसँग सम्बन्धित घटनाहरू यिनले दिएको उपदेशबाट तयार भएको धर्मग्रन्थ **त्रिपिटक**मा समावेश भएका विषयहरूलाई विभिन्न शीर्षक दिएर वस्तुगत जानकारीमूलक लेख निबन्धहरूको सङ्कलन गरी यिनले समाजलाई केही दिन खोजेका छन् । यिनका निबन्धमा नैतिक चेतनाको उपस्थिति सशक्त रूपमा आएको छ । समाजका मूल्य, मान्यता, संस्कार आदि बुद्धधर्मसँग मेल खाने प्रकृतिका भएको हुनाले उनका उपदेशहहरूलाई प्रत्येक मानिसले आफ्नो मार्गदर्शकका रूपमा

लिन सक्नुपर्दछ भन्ने शाक्यको धारणा रहेको छ। शाक्यले यसमा बुद्ध भगवान्ले दिएका चार आर्यसत्य, अष्टाङ्गिक मार्ग र दश शीलको व्याख्या गर्नमा धेरै निबन्धहरूको सहायता लिएका छन् । यस सङ्ग्रहमा यिनको वस्तुगत शैली सशक्त रूपमा उपस्थित भएको छ । यस बाहेक यिनले नेवार भाषामा पनि बुद्धधर्मसँग सम्बन्धित लेख निबन्धहरू प्रकाशित गरी पुस्तकाकार कृतिका रूपमा देखापरेका छन् । यिनले वि.सं. २०५३ सालमा शहीद शुक्रराज शास्त्रीद्वारा रचना गरिएको **स्वर्गको दरबार** कृतिको समीक्षा गरेका छन् । यसमा शाक्यले नारीवर्गले भोग्नुपरेका पीडाको व्याख्या गरेका छन् । समाजमा नारी र पुरुषको हैसियत एउटै कायम गर्न सक्नुपर्दछ । भन्ने भावना भएका शाक्यले नारी चेतनाको विकासमा जोड दिएका छन् ।

शाक्यले नेपाली साहित्यको ४० दशकमा विकसित हुँदै गरेको यौनमनोवैज्ञानिक धाराको विकासमा ठूलो भूमिका खेलेका छन् । यसभित्र शाक्यले प्रगतिवादी दिन भने चुकेका छैनन् । शाक्यले जीवनमा भोगेका आत्मानुभूतिहरूको अभिव्यक्ति स्वरूप उल्लिखित रचनाहरू देखापरेका हुन । यसरी हेर्दा यिनका रचनामा विधागत पूर्णता सबल छैन । कतैकतै भाषागत त्रुटि र संरचनाको असङ्गठन पनि उनका रचनामा पाइन्छ र कुनै रचनाहरू अधुराजस्ता पनि लाग्दछन् । समग्रमा शाक्यले नेपाली साहित्यका क्षेत्रमा विशेष गरी कथा तथा निबन्ध विधामा आफ्ना सिर्जनाहरू प्रस्तुत गर्दै विद्रोही, प्रगतिवादी र यौनमनोवैज्ञानिक धाराको विकासमा महत्त्वपूर्ण योगदान दिएका छन् ।

# आठौँ परिच्छेद

## उपसंहार

सुवर्ण शाक्यको जन्म वि.सं १९९३ माघ १७ गते काठमाडौं ओमबहाल टोलस्थित एक मध्यम परिवारमा भएको थियो । यिनका बाबुको नाम तेजधन शाक्य र आमाको नाम अष्टमाया शाक्य हो । यिनी सानै उमेरदेखि लगनशील एवम् मिहिनेती स्वभावका थिए । यिनको बाल्यकाल काठमाडौंमा नै बितेको थियो । काठमाडौंको सहरी परिवेशमा हुर्कन पुगेका शाक्यको परिवार व्यापार व्यवसायका क्षेत्रमा संलग्न थियो । यिनी बाल्यावस्थामा ज्यादै मिलनसार स्वभावाका थिए । यिनको बाल्यजीवन आफ्नी हजुरआमा जानुमाया शाक्यको प्रेरणा प्रभाव, माया, ममतामा बितेको थियो । यिनी आफू उदण्ड साथीहरूको सङ्गतमा पुगेर अनुचित कार्य गर्न पुगेको कुरासमेत ताजा रहेको बताउँछन् तर बुबा आमा तथा हजुरआमाको अतिशय निगरानीका कारण केही समयपछि ती साथीहरूसँग हिँड्न छाडेका थिए । यिनलाई पौडी, डण्डिबियो, भलिबल तथा फुटबल खेल खेल्न मन पर्दथ्यो । यिनलाई आफ्नी हजुरआमाले घरमा नै अक्षरारम्भ गराएकी थिइन् । वि.सं २००३ मा यिनी औपचारिक रूपमा विद्यालयमा भर्ना भई पढ्न सुरु गरेका थिए । घरपरिवारमा प्रचलित मातृभाषाको प्रभाव परेको हुनाले संस्कृत भाषामा शिक्षा लिनुपर्ने बाध्यता थियो तापनि यिनले छोटो समयमा संस्कृतभाषाका वर्णहरू लेख्न र बोल्न सिकिसकेका थिए । यस क्रममा यिनले संस्कृतभाषाको माध्यमबाट विद्यालयीय तथा उच्चशिक्षासमेत हासिल गरेका थिए । यिनले नेपाली, संस्कृति तथा पुरातत्व र इतिहास विषय लिएर स्नातकोत्तरसम्मको शिक्षा हासिल गरेका छन् । यिनी उच्च शिक्षा हासिल गर्ने क्रममा नै जागिरे जीवनमा प्रवेश गरेको बुझिन्छ ।

शाक्यको औपचारिक अध्ययनको सिलसिला समाप्त भएपछि स्वाध्ययनमा विशेष जोड दिएका थिए । स्वाध्ययनका क्रममा यिनले पूर्वीय तथा पाश्चात्य धर्म,

दर्शन तथा विचार सिद्धान्त शास्त्रको गहिरो अध्ययन गरेका थिए । यिनको मुख्य पेसा प्राध्यापन रहेको हुनाले पनि पढ्नु र पढाउनु यिनको रुचिको विषय थियो । देशका रुकुम, काभ्रे, भक्तपुर तथा काठमाडौंका विभिन्न शैक्षिक संस्थाहरूमा लामो समयसम्म प्राध्यापन कार्यमा व्यस्त रहेका शाक्य शैक्षिक संस्थाबाहेक अन्य सामाजिक संस्थाहरूमा पनि संलग्न रहेका थिए । यिनले दरबार हाईस्कुलमा प्रधानाध्यापकका रूपमा रहदा गरेको उत्कृष्ट कार्य ज्यादै स्मरणीय छ । प्राध्यापन पेसाबाट अवकाश पाएपछि शाक्य जीवनको उत्तरार्द्धचरणमा समाज, संस्कृति, साहित्य र धार्मिक सेवाका क्षेत्रमा संलग्न रहेर सेवा पुऱ्याइरहेका छन् । यिनको सामाजिक सेवाका दृष्टिबाट मूल्याङ्कन गर्दा ९५ भन्दा बढी सङ्घ-संस्थामा रहेर उत्कृष्ट योगदान दिएको पाइन्छ । यथावादी तथाकारी मनसावाचाकर्मण आदर्शका पक्षपाती शाक्य कवि सिद्धिचरण श्रेष्ठबाट प्रभावित भएर साहित्य लेखनतर्फ आकर्षित भएका थिए । यिनले स्कुल पढ्दादेखि नै कविता, कथा, नाटक आदि रचना गरी वाचन गर्दथे र केही नाटकहरू मञ्चनसमेत भएका थिए ।

शाक्य विशेषतः नेपाली भाषाका कथा र निबन्ध साहित्य रचना गर्ने साहित्यकार हुन् । यिनले वि.सं २०३१ मा **मासुको पोको** शीर्षकको कथासङ्ग्रह प्रकाशित गरेका थिए । यौनमनोविज्ञानलाई मुख्य विषय बनाएर रचना गरिएको प्रस्तुत कृतिको तत्कालीन नेपाली साहित्यमा फस्टाउँदै गएको यौनमनोविज्ञान-वादी साहित्य सिद्धान्तलाई थप ऊर्जा प्राप्त भएको थियो । यिनको दोस्रो कृति निबन्ध विधामा केन्द्रित छ । वि.सं २०३६ मा उक्त विधाअन्तर्गत **यौन र जीवन** शीर्षकको निबन्धसङ्ग्रह प्रकाशित हुन पुग्यो । यिनले आफ्नो जागिरे जीवनमा व्यस्त रहँदा देखे भोगेका कुराहरूलाई आफ्ना निबन्धका विषयवस्तु बनाएका छन् । यसका अतिरिक्त सामाजिक संस्थामा संलग्न रहँदा व्यक्त गरेका विचार भावना र अनुभूतिहरूलाई जस्ताको तस्तै राख्ने प्रयास स्वरूप निबन्धविधाको रचना हुन पुगेको हो भन्न सकिन्छ । यिनै कुराहरूको कलात्मक अभिव्यक्ति निबन्धमा प्रशस्त मात्रामा देखा पर्ने हुनाले यिनका निबन्धलाई वस्तुपरक शैलीका निबन्धअन्तर्गत

अध्ययन गर्न सकिन्छ । वस्तुतः यिनका कथात्मक रचनाहरूको अध्ययन विश्लेषण गर्दा विधागत चेतनाको अभावमा रहेको भान हुन्छ । कथामा व्यक्त विचारहरूको प्रवाह सरल रेखमा बग्ने र कुनै ठोस पात्र वा चरित्रको स्पष्ट व्याख्या नहुनुले निबन्धकै दर्जामा हेर्न सकिए तापनि परिवेश, स्थान, आख्यानतत्त्वको सूक्ष्म प्रयोगले भने कथा विधा नै हो भन्ने महसुस हुन्छ । त्यस्तै निबन्धात्मक रचनाहरू पनि निबन्धकलाको सशक्त उपथिति भने कमै प्राप्त हुने तर विचार वा दर्शनको प्रधानाता प्रशस्त पाइने हुनाले निबन्धकै कोटिअन्तर्गत अध्ययन हुँदै आएका छन् ।

यिनका साहित्यिक रचनाका मुख्य विषयवस्तुहरू समाज, वातावरण, स्वास्थ्य यौनमनोविज्ञान, युगीन चेतना संस्कृति, दर्शन, धर्म आदि रहेका छन् । यिनका कथात्मक कृतिमा यौनको उपस्थिति प्रशस्त मात्रामा पाइन्छ भने निबन्धात्मक रचनाहरूमा दर्शनका प्रधानाता रहेको छ । त्यस्तै समीक्षात्मक कृतिमा नारीवादी चेतना र समाजको यथास्थितिप्रति गहिरो चिन्तन प्रस्तुत भएको छ । समाजका निम्न, मध्यम र उच्च सबै वर्गीय पात्रहरूको प्रयोग भएका छन् । काठमाडौंको सहरिया परिवेशको सेरोफेरोमा रचना गरिएका कथात्मक कृतिहरूले नेपाली समाज सुहाउँदो जीवनशैली अपनाउन आग्रह गरेका छन् । पश्चिमी शैलीको अनुसरण गर्दा निम्नवर्गीय पात्रहरूले भोग्न बाध्य भएका कष्टकर जीवनशैलीप्रति व्यङ्ग्य प्रहार गरिएको छ । यिनका प्रायः सबै कथात्मक रचनाहरूमा यौनको उपस्थिति रहेको छ । प्रेमी प्रेमीकाबीच भएको वैवाहिक सम्बन्धलाई समाजले मान्यता नदिइ उनीहरूलाई घरबाट निकालिदिने परम्पराबाट समाज मुक्त हुनुपर्छ भन्ने सन्देश उनका कथामा व्यक्त भएको छ । त्यस्तै यौनआकर्षणका कारण दुर्व्यसनीमा फस्न पुगेर आफ्नो सम्पत्तिको विनास भएको चाल नपाउने युवापुस्ताको क्रियाकलापप्रति तीव्र असन्तोष प्रकट गरिएको छ । घरपरिवारमा श्रीमान् श्रीमतीका बीच परस्पर विश्वास र सद्भाव कायम रहेको खण्डमा परिवारमा सुखको अनुभूति हुने कुरा श्रीमतीको डायरी कथाबाट अभिव्यक्त गर्न खोजिएको छ । बढ्दो सहरीकरणका कारण भएको मानिसको भीडमा घुस्न पुगेका चोर गुण्डाहरूले

आफ्नो उद्देश्यपूर्ति गर्न जुनसुकै काम गर्न पनि पछि नपर्ने कुराको सङ्केत गर्दै सहरीकरणका कारण मानिसले असुरक्षाको महसुस गर्ने कुरा उल्लेख गरिएको छ । यिनका निबन्धात्मक रचनाहरू यौनमूलक, स्वास्थ्य र संस्कृति आदि विषयवस्तुमा केन्द्रित रहेका छन् । मानिसको जीवनमा आवश्यक पर्ने गास, वास कपासका अतिरिक्त यौन पनि महत्त्वपूर्ण विषय रहेको चर्चा गरिएको छ । यौन बारे विभिन्न यौनशास्त्रीहरूको विचारहरू विश्लेषण गर्दै यौनतृप्तिलाई स्वास्थ्य जीवनको संज्ञा दिइएको छ । त्यस्तै नारीजातिमा स्वास्थ्यका विषयमा विभिन्न जानकारीमूलक सन्देशहरू प्रवाह गरिएको छ । यिनको समीक्षाकृतिमा नारीवर्गको उत्थानका निम्ति समाजले खेल्नुपर्ने भूमिकाका बारेमा गहिरो चिन्तन प्रस्तुत गरिएको छ । **स्वर्गको दरबार पृथ्वीमा** नामक समीक्षात्मक रचनाको प्रकाशन वि.सं. २०५३ मा भएको थियो ।

यस कृतिमा शाक्यले शुक्रराज शास्त्रीका विचारहरूलाई समाजमा स्थापित गरी सभ्य समाज निर्माण गर्न सकिने कुरा व्यक्त गरेका छन् । प्रभावपरक शैलीमा व्यक्त भएको उक्त कृतिमा नेपाली परिवेशमा नारीको स्थान सुरक्षित हुन नसकेको यथार्थ व्यक्त गरिएको छ । यस कृतिको प्रकाशनपछि लेखक प्रगतिवादतर्फ आकर्षण भएको सङ्केत मिल्दछ । नेपाली समाज संस्कृति पुरातन अन्धविश्वास परम्परामा रुमिलिएको हुनाले पश्चिमी मुलुकको तुलनामा पुग्न नसकेको कुरा व्यक्त भएको छ । धर्मशास्त्रको आडमा समाजको संरचना नै जटिल बन्दै गइरहेको र नारीवर्गको उत्थानप्रति कुनै चासो नदेखिएको विचार व्यक्त गरिएको छ । नीतिशास्त्र धर्मशास्त्र आदिमा व्यक्त कुराहरूलाई संशोधन गरी आदर्शसमाजको निर्माण गर्न सकिन्छ । यसै सन्दर्भमा शास्त्रीले **स्वर्गको दरबार** कृतिको रचना गर्न पुगेको कुरा स्पष्ट पारेका छन् । सुवर्ण शाक्यको दोस्रो निबन्ध सङ्ग्रह **बुद्धधर्म र व्यवहार** २०६० मा प्रकाशित भएको थियो । यस कृतिमा बुद्धको जन्म, जन्मस्थान, बुद्धत्व प्राप्त गरेको स्थान, उनको पारिवारिक पृष्ठभूमि , सम्राट अशोकले बुद्धधर्मको प्रचारप्रसार गरेको प्रसङ्ग, बुद्धका उपदेशहरू, बौद्धविहार तथा गुम्बाहरू, स्तुपहरू

बुद्धउपदेश ग्रहण गर्ने प्रथम भिक्षुहरू आदिको बारेमा वस्तुगत धारणा प्रस्तुत गरेका छन् ।

शाक्यले जीवनको उत्तरार्द्धमा बुद्ध उपदेशले समाजसेवामा लाग्न प्रेरित गरेको महसुस व्यक्त गर्दछन् । यिनी बुद्धधर्मावलम्बी भएको हुनाले बुद्धउपदेशको प्रचारप्रसार गर्नु आफ्नो धर्मको रक्षा भएको विचार व्यक्त गर्दछन् । यस कृतिमा शाक्यमुनि बुद्धका उपदेशहरूलाई समाजमा उपयोग गरी हिंसारहित पवित्र समाजको निर्माण हुन सक्ने धारणा व्यक्त गर्दछन् । बुद्धका चार आर्यसत्य, आठ अष्टाङ्गिक मार्ग, दशशीलको भावना अभिव्यक्त गरी मानिसलाई उत्तम मार्गमा लाग्न प्रेरित गरेका छन् । यस समयमा यिनी बुद्धदर्शनको प्रवचन दिन विभिन्न स्थानमा पुगेका छन् । लामो समयको जागिरे जीवनको समाप्ति भएपछि धर्मका आडमा रहेर समाजसेवामा तल्लीन रहन पुगेका शाक्यको प्रस्तुत सङ्ग्रहमा ५१ निबन्धहरू सङ्कलित छन् । यिनको पहिलो निबन्धसङ्ग्रह यौनचेतनामूलक भए पनि पछिल्लो सङ्ग्रहमा दर्शनको प्रधानता रहेको छ । बुद्धदर्शनको प्रचारप्रसार गर्ने अशोकले समेत नेपालमा प्रवेश गरे । नेपाललाई बुद्धभूमि रूपमा चिनाएर प्रशंसनीय कार्य गरेको विचार व्यक्त गर्न पुगेका छन् । आफ्ना अनुभूति अभिव्यक्त गर्ने क्रममा प्रस्तुत निबन्धमा सङ्कलित लेखहरूको विषयवस्तु एउटै भएको जस्तो अनुभूति भए पनि गहिरिएर अध्ययन गर्दा प्रत्येक लेखले दिन खोजेको सन्देश फरकफरक भएको बुझ्न सकिन्छ । यस निबन्धसङ्ग्रहलाई निबन्ध चेतनाका आधारमा उपयुक्त नै छ भन्न सकिन्छ । कतै-कतै भाषिक त्रुटि र संरचनात्मक असङ्गठनका कारण अस्पष्ट देखापरे पनि भाव अनुभूति व्यक्त गर्नमा भने कतै पनि चुकेका छैनन् । समग्र नेपाली साहित्यका कथा, निबन्ध र समालोचनात्मक सृजनाहरू प्रस्तुत गर्दै यी विधाअन्तर्गत आर्दशवादी तथा व्यङ्ग्यात्मक धारणाको विकासमा महत्त्वपूर्ण योगदान रहेको छ ।

निष्कर्षमा उपर्युक्त विवेचनाबाट के स्पष्ट हुन्छ भने साहित्यकार सुवर्ण शाक्य शिक्षण तथा संस्थागत सेवाका पेसाद्वारा खारिएका पूर्वीय तथा पाश्चात्य

दर्शनशास्त्रको ज्ञान भएका साहित्यकार हुन् । साहित्य सिर्जनामा उनी कथा, समालोचना र निबन्धमा आदर्शवादी भावधारालाई अवलम्बन गर्ने स्रष्टा हुन् । शाक्यका उल्लिखित रचनामा आंशिक प्रगतिवादी चेत भेटिन्छ । यिनले आफ्ना रचनामा सहरिया परिवेश तथा उच्चवर्गीय समाजको चित्रण गरेका छन् । यसप्रकार शाक्यले आदर्शवादी साहित्यकारका रूपमा नेपाली साहित्यमा पुऱ्याएको योगदान उल्लेखनीय रहेको छ ।

## सन्दर्भसामग्री


उपाध्याय, केशवप्रसाद , **नेपाली एकाङ्की**, भाग ३, ते.सं काठमाडौँ : साझा प्रकाशन, २०५८

कँडेल, घनश्याम, नेपाली समालोचना , प्र.सं, काठमाडौंः साझा प्रकाशन, २०५५

गौतम, देवीप्रसाद, **नेपाली कथा**, प्र.सं., काठमाडौंः नवीन प्रकाशन, २०६० ।

दरबार हाईस्कुल, **दरबार हाईस्कुलः संक्षिप्त झलक**, प्र.सं. काठमाडौंः दरबार हाईस्कुल प्रकाशन ।

बज्राचार्य, फणिन्द्ररत्न, **लेखकहरूको परिचय पुस्तक**, प्र.सं., नेपाल भाषा एकेडेमी, २०६२ ।

भट्टराई,घटराज, **नेपाली स्नातकोत्तर समालोचना**, प्र.सं., काठमाडौंः पैरवी प्रकाशन, २०५९ ।

भिक्षु, अश्वघोष, **नेपालमा थेरवाद बुद्धधर्मको भविष्य**, प्र.सं., काठमाडौंः कान्तिपुर प्रिन्टिङ्ग प्रेस, २०६४ ।

लुइटेल, खगेन्द्रप्रसाद, नेपाली कविता प्र.सं. काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार, २०५४ ।

शर्मा, गोपीकृष्ण, **नेपाली निबन्ध परिचय,** चौ. सं., काठमाडौंः रत्नपुस्तक भण्डार २०६४ ।

शाक्य, सुवर्ण, **स्वर्गको दरबार पृथ्वीमा** , ते.सं., ललितपुरः जोशी प्रिन्टिङ्ग प्रेस, २०६३ ।

श्रेष्ठ, दयाराम, मोहनराज शर्मा, **नेपाली साहित्यको संक्षिप्त इतिहास** , पा.सं. काठमाडौंः साझा प्रकाशन, २०५६।

श्रेष्ठ, दयाराम, (सम्पा.), **नेपाली कथा भाग ४,** दो.सं.काठमाडौ.ः साझा प्रकाशन, २०६० ।

त्रिपाठी, वासुदेव, (सम्पा.) **नेपाली बृहत् शब्दकोश,** पा.सं कठामाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान , २०६० ।

त्रिपाठी, वासुदेव, **नेपाली कविता** भाग ४, चौ.सं कठामाडौंः साझा प्रकान, २०६० ।

**पत्रपत्रिकासूची**

कायस्थ, छत्रबहादुर, "सुवर्ण शाक्य शब्द परिचय", **नेपाल संस्कृति**, (वर्ष ५, अङ्क ५, २०५१ मंसिर) पृ. १ ।

शाक्य, सुवर्ण, "Who does Gautam Buddha Belong to?", **स्मारिका**, (वर्ष ६, अङ्क २ ने.सं. ११२०) पृ ४७ ।

शाक्य, सुवर्ण, "Buddhism in Nepal", **आनन्दभूमि**, (वर्ष ३६, अङ्क १, बुद्धपूर्णिमा) पृ. ५५ ।

शाक्य, सुवर्ण, "बुद्धधर्मका लागि अभिसाप", **अमृतोपदेश** (वर्ष ३, अङ्क १२, २०६४), पृ.८।

हिमालय, राजभक्त, "राष्ट्रिय भूषण परिचय", **सिन्धु** (वर्ष १, अङ्क ४, २०३५), पृ. ५ ।

**शोधसूची**

पाण्डेय, थानेश्वर, **गणेशमान सिंहको जीवनी,व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०६३ ।

पौडेल, **वैकुण्ठप्रसाद जगदीश घिमिरेको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित, नेपाली स्नातकोत्तर शोधपत्र, त्रि.वि. २०५६ ।